# गण्डकी प्रदेश पर्यटकीय गतिविधि

## २०८१

## (Gandaki Province Tourism Activities)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**तथ्याङ्क समन्वय कार्यालय, कास्की**

# गण्डकी प्रदेश पर्यटकीय गतिविधि
# २०८१
# (Gandaki Province Tourism Activities)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, कास्की

# गण्डकी प्रदेश पर्यटकीय गतिविधि, २०८१

**प्रकाशकः** तथ्याङ्क समन्वय कार्यालय, कास्की
फोन नम्बरः ०६१ - ४५५३१३
E-mail: sokaski313@gmail.com

**प्रकाशन मितिः** २०८२, आषाढ

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२८४०६

फ्याक्स: ९७७-१-५३२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं


पत्र संख्याः

च.नं.:-

## शुभकामना सन्देश

नेपालको तथ्याङ्क प्रणालीको केन्द्रीय निकायको रुपमा रहेको राष्ट्रिय तथ्याङ्क कार्यालय यस प्रणालीलाई व्यवस्थित, विश्वसनीय र प्रमाणमा आधारित नीतिनिर्माणमा उपयोगी बनाउन निरन्तर प्रयत्नशिल रहिरहेको छ। यहि क्रममा तथ्याङ्क समन्वय कार्यालय, कास्कीले गण्डकी प्रदेशमा हुने विभिन्न पर्यटकीय गतिविधी तथा क्रियाकलापलाई समेटी **"गण्डकी प्रदेश पर्यटकीय गतिविधी २०८१"** प्रतिवेदन तयार र प्रकाशन गर्ने काममा अग्रसरता लिएकोमा मलाई अत्यन्त खुशी लागेको छ।

यो प्रतिवेदनले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धी नीति, योजना निर्माण, अनुगमन र सेवा प्रवाहमा आवश्यक पर्ने तथ्याङ्कको मागलाई सम्बोधन गर्ने विश्वास लिएको छु।

यस महत्त्वपूर्ण प्रतिवेदन तयारीमा योगदान पुऱ्याउनु भएका तथ्याङ्क समन्वय कार्यालय, कास्कीका सम्पूर्ण सहकर्मीहरूप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यो प्रतिवेदन नीतिनिर्माता, अनुसन्धानकर्ता र गण्डकी प्रदेशका आम नागरिकका लागि उपयोगी सन्दर्भ सामग्री बन्नेमा म पूर्ण विश्वस्त छु।

असार, २०८२

मधु सुदन बुर्लाकोटी
(प्रमुख तथ्याङ्क अधिकारी)

गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, नेपाल

पत्र संख्याः
चलानी नं.:

## दुई शब्द

पर्यटनको अपार सम्भावना बोकेको यस प्रदेशमा यहाँका मनमोहक प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, मानव निर्मित भौतिक संरचना तथा विविध साहसिक गतिविधिले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गर्दै आएको छ । यसै सन्दर्भमा, गण्डकी प्रदेशमा भएका पर्यटकीय गतिविधि, पर्यटकीय स्थल, तथा पर्यटक आगमनसम्वन्धी विविध पक्षलाई समेटी तथ्याङ्क समन्वय कार्यालय, कास्कीले "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" प्रकाशन गर्न लागेकोमा धेरै खुशी लागेको छ। पर्यटन क्षेत्रको प्रवर्द्धन र स्थानीय अर्थतन्त्रमा यसको योगदानलाई थप सशक्त वनाउने उद्देश्यले तयार पारिएको यो सामग्री नीति निर्माणकर्ता, अनुसन्धानकर्ता, विद्यार्थी, तथा पर्यटनप्रेमीहरूका लागि उपयोगी बन्ने विश्वास लिएको छु।

यसको तयारीका विभिन्न चरणमा सहयोग, समन्वय तथा सुझाव प्रदान गर्नु हुने गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयका सहकर्मी कर्मचारीहरु, पर्यटनसँग सम्वन्धित विभिन्न निकायका पदाधिकारी तथा कर्मचारीहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ। साथै "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" तयार गर्नका लागि तथ्याङ्क सङ्कलन, सम्पादन र प्रकाशनको चरणसम्म सक्रिय रूपमा संलग्न हुनु भएका तथ्याङ्क समन्वय कार्यालय, कास्कीका प्रमुख तथा कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्तमा, तथ्याङ्क समन्वय कार्यालय, कास्कीले प्रकाशन गरेको "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" ले तथ्याङ्क प्रयोगकर्ताहरुको माग सम्बोधन भई सरोकारवाला सबैलाई सहयोगी सामाग्रीको रुपमा रहनेमा विश्वास लिएको छु।

२०८१/३/२४
(कुन्द प्रसाद कन्याल)
प्रदेश सचिव

# दुई शब्द

गण्डकी प्रदेश पर्यटनको अपार सम्भावना बोकेको प्रदेश हो। यहाँको मनमोहक प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, मानव निर्मित भौतिक संरचना तथा विविध साहसिक गतिविधिले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आकर्षित गर्दै आएका छन्। प्रदेशमा रहेको पर्यटन सम्भावनालाई उजागर गर्दै त्यसको दिगो विकास र प्रवर्द्धनका लागि उचित सूचना र तथ्याङ्कको आवश्यकता सदैव रहने गर्दछ।

यस सन्दर्भमा, गण्डकी प्रदेशमा भएका पर्यटकीय गतिविधि, पर्यटकीय स्थल, तथा पर्यटक आगमन सम्बन्धी विविध पक्षलाई समेटी तथ्याङ्क समन्वय कार्यालय, कास्कीले "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" प्रकाशन गरेको छ।

यस प्रकाशनमा गण्डकी प्रदेश भित्रका विभिन्न पर्यटकीय गन्तव्य, गतिविधि र सम्भावनाहरूको समग्र जानकारी प्रस्तुत गरिएको छ। पर्यटन क्षेत्रको प्रवर्द्धन र स्थानीय अर्थतन्त्रमा यसको योगदानलाई थप सशक्त बनाउने उद्देश्यले तयार पारिएको यो सामग्री नीति निर्माणकर्ता, अनुसन्धानकर्ता, विद्यार्थी, तथा पर्यटन प्रेमीहरूका लागि उपयोगी बन्ने विश्वास लिएको छु।

यस कार्यको थालनीदेखि अन्तिम चरणसम्म निर्देशन, उत्प्रेरणा तथा हौसला प्रदान गर्नुहुने राष्ट्रिय तथ्याङ्क कार्यालयका श्रीमान् प्रमुख तथ्याङ्क अधिकारी श्री मधु सुदन बुर्लाकोटी, उप-प्रमुख तथ्याङ्क अधिकारीज्यूहरू र विभिन्न शाखाहरूका निर्देशक तथा अधिकृतज्यूहरू लगायत सम्पूर्ण कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी, यो प्रतिवेदन तयारीका विभिन्न चरणमा सहयोग, समन्वय तथा सुझाव दिनुहुने गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय, पर्यटन तथा उद्योग कार्यालयहरू, स्थानीय तहहरू, पर्यटनसँग सम्बन्धित विभिन्न निकायका पदाधिकारी तथा कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु।

यस "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" तयार गर्नका लागि तथ्याङ्क सङ्कलन, सम्पादन र प्रकाशनको चरणसम्म सक्रिय रूपमा संलग्न हुनु भएका तथ्याङ्क समन्वय कार्यालय, कास्कीका सम्पुर्ण सहकर्मी साथीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा, तथ्याङ्क समन्वय कार्यालय, कास्कीले प्रकाशन गरेको "गण्डकी प्रदेश पर्यटकीय गतिविधि २०८१" ले तथ्याङ्क प्रयोगकर्ताहरुको माग सम्बोधन भई सरोकारवाला सबैलाई सहयोगी सामाग्रीको रुपमा रहने छ भन्ने विश्वास लिएको छु । यसलाई अझै समय सापेक्ष तथा परिस्कृत गराउनका लागि देखिएका त्रुटिहरुलाई औंल्याइ सकारात्मक सुझाब तथा प्रतिकृया प्राप्त हुने अपेक्षा गर्दछु ।

मितिः वि.सं.२०८२, असार

नन्दलाल सापकोटा
तथ्याङ्क समन्वय अधिकारी

# विषयसूची

**खण्ड एकः परिचय........................................................................................१**

१.१ पृष्ठभूमि.........................................................................................१

१.२ उद्देश्य.........................................................................................२

१.३ गण्डकी प्रदेश परिचय.........................................................................२

१.४ गण्डकी प्रदेशको सामाजिक तथा आर्थिक पक्ष...............................................३

१.४.१ जनसाङ्ख्यिक विवरण.......................................................................३

१.४.२ गरिबी सम्बन्धी विवरण.....................................................................४

१.४.३ गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन.....................................................५

१.५ गण्डकी प्रदेशमा रहेका विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यहरू.......................................७

१.६ गण्डकी प्रदेशमा रहेका नेपालका उत्कृष्ट पर्यटकीय गन्तव्यहरू.......................................७

१.७ गण्डकी प्रदेशमा रहेका संरक्षित क्षेत्र अन्तर्गतका पर्यटकीय गन्तव्यहरू..............................८

**खण्ड दुईः गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको विवरण.................................९**

२.१ पर्वत जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू.......................................................९

२.२ म्याग्दी जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू....................................................११

२.३ नवलपरासी (ब.सु.पू.) जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू......................................१७

२.४ गोरखा जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू....................................................१८

२.५ लमजुङ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू....................................................२१

२.६ तनहुँ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू......................................................२३

२.७ मुस्ताङ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू....................................................२७

२.८ मनाङ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू.....................................................२९

२.९ कास्की जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू....................................................३२

२.१० स्याङ्जा जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू...................................................३३

२.११ बागलुङ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू...................................................३६

**खण्ड तीनः गण्डकी प्रदेशका प्रमुख पर्यटकीय पदमार्गहरू..............................................३७**

३.१ गण्डकी प्रदेशमा रहेका प्रमुख पदमार्गहरू.........................................................३७

३.२ अन्य पदमार्गहरू........................................................................................ ४१

**खण्ड चार: हिमाल तथा पर्वतारोहण.......................................................................... ४२**

४.१ गण्डकी प्रदेश अन्तर्गतका पर्वतारोहणका लागि अनुमति प्राप्त हिमालहरू.................... ४२

४.२ अन्य हिमालहरूको विवरण.................................................................................. ४६

४.३ पर्वतारोहण सम्बन्धी विवरण................................................................................ ४७

४.३.१ ६५०० वा सो भन्दा माथिका हिमालमा आरोहण अनुमति.......................... ४७

४.३.२ ६५०० भन्दा कम उचाइका हिमालमा आरोहण अनुमति........................... ४८

**खण्ड पाँच: पर्यटकीय स्थल तथा क्रियाकलाप अनुसार पर्यटकहरूको विवरण...................... ५०**

५.१ अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा ................................................................ ५०

५.२ मनास्लु संरक्षण क्षेत्र.......................................................................................... ५०

५.३ गो बन्जी नेपाल ................................................................................................५१

५.४ पातले छाँगो (Devi's Fall)....................................................................................५२

५.५ गोरखा दरबार संग्रहालय......................................................................................५२

५.६ गण्डकी प्रदेशमा विभिन्न घटनाहरूमा परेका बाह्य पर्यटक सम्बन्धी विवरण..................५३

५.७ ढोरपाटन ........................................................................................................५३

५.८ मनकामना केवलकार ........................................................................................ ५४

५.९ प्रदेश संग्रहालय पोखरा...................................................................................... ५५

५.१० अन्नपूर्ण केवलकार.......................................................................................... ५५

५.११ द क्लिफ नेपाल पर्वत........................................................................................५६

५.१२ हाइग्राउण्ड एडभेन्चर प्रा. लि. ...........................................................................५६

५.१३ शाश्वत धाम वा सिजी मन्दिर.............................................................................. ५७

५.१४ मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति.......................................................... ५७

५.१४.१ कृष्णसार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या........................... ५७

५.१४.२ गुन्द्रही ढकाहा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या ............................. ५८

५.१४.३ शान्तिकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या........................... ५८
५.१४.४ नमुना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या.................................... ५८
५.१४.५ दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या.................................... ५८
५.१५ नवलपरासी (ब.सु.पू.) जिल्ला अन्तर्गत रहेको चितवन राष्ट्रिय निकुञ्ज अमलटारी खण्डबाट चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गरेका पर्यटकहरूको संख्या...................... ५९
५.१६ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्राप्त उडान तथ्याङ्क.................................... ५९
५.१७ महेन्द्र गुफा.............................................................................................. ६०
५.१८ चमेरे गुफा ................................................................................................ ६०
५.१९ अन्नपूर्ण संरक्षण क्षेत्र...................................................................................... ६०
५.१९.१ अन्नपूर्ण संरक्षण क्षेत्रमा विभिन्न वर्षमा आएका विदेशी पर्यटकहरूको विवरण..... ६१
५.१९.२ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको लैङ्गिकता अनुसारको विवरण ....... ६२
५.१९.३ अन्नपूर्ण संरक्षण क्षेत्र भित्र आएका पर्यटकहरूबाट संकलित राजस्व ............... ६२
५.१९.४ मुक्तिनाथ मन्दिरको दर्शन तथा भ्रमण गरेका पर्यटकहरूको विवरण ............... ६३
५.१९.५ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको उद्देश्य अनुसारको विवरण......... ६३
५.१९.६ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने विदेशी पर्यटकहरूको पदयात्रा मार्ग अनुसारको विवरण ......................................................................... ६४
५.१९.७ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको राष्ट्रियता अनुसारको विवरण........ ६५
**खण्ड छ: गण्डकी प्रदेशका होटल तथा घरबास (होमस्टे) सम्बन्धी विवरण......................... ६६**
६.१ गण्डकी प्रदेशमा रहेका घरबास (होमस्टे) को विवरण.......................................... ६६
६.२ राष्ट्रिय होटल तथा रेष्टुरेन्ट सर्वेक्षण २०८०/०८१............................................. ६९
६.२.१ प्रमुख सुचकहरू.................................................................................. ७०
६.२.२ होटल तथा रेष्टुरेन्टको दर्ता सम्बन्धी विवरण............................................ ७०
६.२.३ होटल तथा रेष्टुरेन्टको प्रकृति अनुसार दर्ता सम्बन्धी विवरण ........................ ७०
६.२.४ तारा होटलको बर्गिकरण अनुसार विवरण................................................ ७०

६.२.५ कोठाको बर्गिकरण अनुसार उपलब्ध कोठा संख्या र प्रतिशत...................... ७०

**खण्ड सातः गण्डकी प्रदेशका प्रमुख प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटकीय स्थलहरू...................................................................................... ७१**

७.१ कास्की जिल्लाका पर्यटकीय स्थलहरू............................................................७१

७.२ पर्वत जिल्लाका पर्यटकीय स्थलहरू ........................................................... ७५

७.३ बागलुङ जिल्लाका पर्यटकीय स्थलहरू........................................................ ७८

७.४ म्याग्दी जिल्लाका पर्यटकीय स्थलहरू......................................................... ८२

७.५ मुस्ताङ जिल्लाका पर्यटकीय स्थलहरू......................................................... ८६

७.६ मनाङ जिल्लाका पर्यटकीय स्थलहरू ........................................................... ८९

७.७ लमजुङ जिल्लाका पर्यटकीय स्थलहरू .........................................................९१

७.८ गोरखा जिल्लाका पर्यटकीय स्थलहरू ..........................................................९३

७.९ तनहुँ जिल्लाका पर्यटकीय स्थलहरू .............................................................९६

७.१० नवलपरासी (ब.सु.पू.) जिल्लाका पर्यटकीय स्थलहरू ........................................ ९९

७.११. स्याङ्जा जिल्लाका पर्यटकीय स्थलहरू.....................................................१०३

**खण्ड आठः विविध....................................................................................... १०८**

८.१ पोखरामा रहेका तारे तथा डिलक्स होटलहरूको विवरण.................................. १०८

८.२ गण्डकी प्रदेशका नदीनाला........................................................................ १०८

८.३ गण्डकी प्रदेशका संस्कृतिहरू.....................................................................१०९

८.४ गण्डकी प्रदेशका साहसिक खेलहरू..............................................................१०९

८.५ गण्डकी प्रदेशमा यातायातको पहुँच र आबद्धता ..............................................१०९

८.६ गण्डकी प्रदेशको पर्यटन प्रबर्द्धनमा प्रमुख भूमिका भएका सरकारी तथा निजी सेवा प्रदायकहरू........................................................................................११०

८.७ अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन केन्द्र......................................................... १११

८.८ मेला, महोत्सव र खेल................................................................................ १११

# खण्ड एक

# परिचय

## १.१ पृष्ठभूमि

पर्यटन भन्नाले सामान्यतया मनोरञ्जन, व्यापार वा अन्य प्रयोजनका लागि व्यक्तिले आफ्नो नियमित वासस्थान वा कार्यस्थल बाहिर गरिने यात्रा सम्बन्धी गतिविधिहरूलाई जनाउँछ। सामान्यतया, यो यात्रा एक वर्षभन्दा बढी अवधि नहुने र स्थायी बसोबास वा रोजगारीको उद्देश्य नभएको हुनुपर्छ।

मानव जातिको विकास क्रमदेखि नै एक स्थानबाट अर्को स्थानमा यात्रा गर्ने परम्परा रही आएको छ। यसर्थ, पर्यटन प्रत्येक देश र समाजको एक अभिन्न अंग बनेको छ। कुनै पनि देश वा समाजमा त्यहाँको अर्थतन्त्र, सामाजिक संरचना, सांस्कृतिक र भौगोलिक विविधता, भौतिक पूर्वाधार, रहनसहन, ऐतिहासिक सम्पदा तथा पर्यावरणीय अवस्थाहरूले पर्यटन गतिविधिमा प्रभाव पारेको हुन्छ । नेपालमा पाइने भौगोलिक, सांस्कृतिक, वातावरणीय, जैविक तथा प्राकृतिक विविधताले पर्यटनलाई एक महत्वपूर्ण सम्भावनायुक्त क्षेत्र बनाएको छ। यहाँ हिमालदेखि तराईसम्म फैलिएका प्राकृतिक छटाहरू, धार्मिक तथा सांस्कृतिक विशेषताहरू, ऐतिहासिक सम्पदाहरू, र विविध भाषाभाषी समुदायहरूको सहअस्तित्वले पर्यटकहरूलाई आकर्षित गर्ने गरेको छ।

World Travel and Tourism council का अनुसार सन २०२४ मा विश्व अर्थतन्त्रमा पर्यटनको प्रत्यक्ष योगदान कुल गार्हस्थ्य उत्पादनको १० प्रतिशत रहेको छ । विभिन्न अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित सूचनाहरू अनुसार नेपाल संसारका प्रमुख पर्यटकीय गन्तव्य देशहरूको सूचीमा पहिलो १० स्थानभित्र पर्दै आएको छ। प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक गतिविधिहरू र धार्मिक आस्थाका केन्द्रहरूले नेपाललाई विशिष्ट बनाएका छन्।

नेपालका सात प्रदेशमध्ये गण्डकी प्रदेश पर्यटनका दृष्टिकोणले अत्यन्त समृद्ध प्रदेश हो। यस प्रदेशमा गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ११ वटा जिल्ला पर्दछन्। यस प्रदेशले तराई, पहाड र हिमाल तीनवटै भौगोलिक क्षेत्रहरूलाई समेटेको छ, जसले गर्दा पर्यटकीय दृष्टिकोणले यसको विविधता अझ विशिष्ट देखिन्छ ।

गण्डकी प्रदेशमा धार्मिक, सांस्कृतिक, प्राकृतिक र साहसिक पर्यटक गतिविधिहरूको अपार सम्भावना रहेको छ । यो प्रदेश मनास्लु संरक्षण क्षेत्र, अन्नपूर्ण संरक्षण क्षेत्र, धौलागिरी तथा अन्नपुर्ण हिमश्रृङ्खला, तालतलैया, मुक्तिनाथ तथा कालीगण्डकी नदी लगायतका प्राकृतिक तथा धार्मिक सम्पदाले विश्वभर परिचित छ।

यस प्रदेशमा रहेका हिमश्रृङ्खलाहरू, पदयात्रा मार्ग, तालतलैया, धार्मिक स्थलहरू, साहसिक तथा मनोरञ्जनात्मक क्रियाकलापहरू, हवाइ र सडक सेवाको पहुँच, पर्यटकीय सेवा तथा सुविधाका लागि पूर्वाधारहरूको विकासले बाह्य र आन्तरिक पर्यटक आगमनमा ठूलो भूमिका खेलेका छन् ।

## १.२ उद्देश्य

पर्यटनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा छरिएर रहेका पर्यटन सम्बन्धी तथ्याङ्कहरूलाई एकिकृत गरि पुस्तक प्रकाशन गर्दा पर्यटन सम्बन्धी नीति निर्माण, योजना तर्जुमा तथा कार्यक्रम बनाउन साथै पर्यटन सम्बन्धी अध्ययन, अनुसन्धान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.३ गण्डकी प्रदेश परिचय

गण्डकी प्रदेश भौगोलिक हिसाबले २ हिमाली, ८ पहाडी र १ तराई गरी जम्मा ११ जिल्ला र ८५ वटा स्थानीय तहहरू मध्ये १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाँउपालिका रहेका छन् । यस प्रदेशको सिमाना पूर्वमा बाग्मती प्रदेशका रसुवा, धादिङ र चितवन जिल्ला, पश्चिममा लुम्बिनी प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्यूठान, गुल्मी, पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र कर्णाली प्रदेशको डोल्पा जिल्ला पर्दछन् । त्यस्तै उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी प्रदेशको पाल्पा जिल्ला र भारतको विहार राज्य पर्दछन् ।

यो प्रदेश ८१६७ मि. (धवलागिरी हिमाल) देखि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला सम्म फैलिएको छ । विश्वकै ८००० मि. भन्दा अग्ला ३ वटा हिमाल (धवलागिरी, मनासलु र अन्नपूर्ण) लगायत अन्य साना हिमालहरू, विश्वकै अग्लो स्थानमा रहेको तिलिचो ताल (४९१९ मि.) लगायत कैयौं हिमतालहरू, फेवताल, वेगनासताल, रुपाताल लगायतका ताल पोखरीहरू, रुप्से झरना सहित विभिन्न झरनाहरू, हिमालदेखि तराईसम्म पाइने विभिन्न किसिमका जंगल तथा जनावरहरू, सप्तगण्डकीका विभिन्न सहायक नदीहरू, विश्वकै प्रसिद्ध अन्नपूर्ण र मनास्लु पदयात्रा मार्गहरू, मुक्तिनाथ, बाग्लुङ कालिका, मनकामना, विन्धवासिनी लगायतका मन्दिरहरू, देवघाटधाम, त्रिवेणीधाम,

रामनदीधाम, मोदीवेनी, पञ्चासे, डहरेकोलेक लगायतका धार्मिक क्षेत्रहरू, चितवन राष्ट्रिय निकुञ्जको नवलपुरखण्ड यसै प्रदेशमा रहेका छन् ।

नेपालको कुल क्षेत्रफल १४७१८१ वर्ग कि.मि. मध्ये गण्डकी प्रदेशले २१९७४ बर्ग कि.मी. अर्थात् १४.९% क्षेत्रफल ओगटेको छ । यस प्रदेशको कुल क्षेत्रफल मध्ये हिमाली भू-भाग ५८०९ वर्ग कि.मि.(२६.४१%), पहाडी भू-भाग १४७४४ वर्ग कि.मि. (६७.१%), र तराई भू-भाग १४२६वर्ग कि.मि.(६.४९%) रहेको छ ।

## १.४ गण्डकी प्रदेशको सामाजिक तथा आर्थिक पक्ष

### १.४.१ जनसाङ्ख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको जनसंख्या २४,६६,४२७ मध्ये पुरुष ११,७०,८३३ जना र महिला १२,९५,५९४ जना रहेका छन् । यहाँको कुल घरपरिवार संख्या ६,६२,४८०, परिवार औषत आकार ३.७२, लैङ्गिक अनुपात ९०.३७, वार्षिक जनसंख्या वृद्धिदर ०.२५% र जनघनत्व ११५ प्रति वर्ग कि.मि. छ । यहाँको साक्षरतादर ८१.७% मध्ये पुरुष साक्षरता दर ८८.८% र महिला साक्षरतादर ७५.३% छ भने औषत आयू ७२.१ वर्ष छ जसमा पुरुषको ६९.६ वर्ष र महिलाको ७४.९ वर्ष छ ।

२०७८ को जनगणना अनुसार यस प्रदेशका प्रमुख जातजातिमा ब्राह्मण पहाड ४९२६४०, मगर ४६४३१०, क्षेत्री ३२३९५९, गुरुङ २७२२७०, विश्वकर्मा २२९८५७, मिजार ११२९९१, परियार १०१५२१, नेवाः १०१४५०, तामाङ ५०३४९, थारु ४७६१९, ठकुरी ४१८८०, कुमाल ४०४९७, घर्ति/भुजेल २८७५१, मुसलमान १८३४७, सन्यासी/दशनामी १३६४०, घले १०७७२, छन्त्याल ८५०२, पुन ८२१७, राई ७५९९, दराइ ७५८१, बराम ६४५२, थकाली ५८५१ संख्यामा र बाँकी अन्य जातजाति रहेका छन्।

मातृभाषा अनुसार गण्डकी प्रदेशमा नेपाली १८१०००३, मगरढुट २३६७२९, गुरुङ २०८०८८, थारु ४२७९५, नेपालभाषा(नेवारी) ३७८०१, तामाङ ३३४७१, भोजपुरी १५०९०, मगरखाम ८०३०, घले ७९९७, कुमाल ६०२७, हिन्दी ५५७३, दराइ ४३३८, चुम/नुब्री ४०५२, मैथली ३६४२, चेपाङ ३२०९, छन्त्याल ३०९२, संस्कृत २९२४, राई २७०६ र बाँकी अन्य मातृभाषा बोल्ने गर्दछन् ।

२०७८ को जनगणना अनुसार धार्मिक हिसाबले यस प्रदेशमा २०२७९९० हिन्दु, २८४६४२ बौद्ध, २२३६१ इस्लाम, २९६८ किराँत, ५८३१५ क्रिश्चियन, १६६३५ प्रकृती, ५३४०५ वोन, ३९ जैन, २५ बहाई, ४७ शिख धर्म मान्दछन् ।

## १.४.२ गरिबी सम्बन्धी विवरण

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार गण्डकी प्रदेशको गरिबीको दर ११.८८ प्रतिशत छ भने नेपालको २०.२७ प्रतिशत छ । सात वटै प्रदेशको तुलना गर्दा गण्डकी प्रदेश सबैभन्दा कम गरिबी भएको प्रदेशमा पर्दछ । विश्लेषणात्मक क्षेत्र अनुसार औसत प्रतिव्यक्ति वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा) गण्डकी प्रदेशको शहरी क्षेत्रमा १ लाख ७६ हजार ५ सय ४२ रुपैया रहेको छ भने ग्रामीण क्षेत्रमा १ लाख २३ हजार ९ सय २५ रुपैया रहेको छ ।

### १.४.२.१ वार्षिक उपभोग खर्च (प्रचलित मूल्यमा)

| क्षेत्र | पहिलो पञ्चमक (सबैभन्दा गरीब) | दोस्रो | तेस्रो | चौथो | पाँचौ पञ्चमक (सबैभन्दा धनी) | पाँचौ र पहिलो पञ्चमक अनुपात |
|---|---|---|---|---|---|---|
| गण्डकी प्रदेश शहरी क्षेत्र | ७५९७८ | ११४७२३ | १५१०५६ | १९६५७४ | ३४४८६७ | ४.५४ |
| गण्डकी प्रदेश ग्रामीण क्षेत्र | ६०५६२ | ८८४२४ | ११३१०२ | १४१२०९ | २१८३५७ | ३.६१ |
| समग्र गण्डकी | ७१०९६ | १०६४३१ | १३९०९१ | १७८८७७ | ३०५४६३ | ४.३ |
| नेपाल | ५७८५५ | ८५५७२ | १११५२५ | १४५६३३ | २५४८०६ | ४.४ |

श्रोत: नेपाल जीवनस्तर सर्वेक्षण २०७९/०८०

### १.४.२.२ क्षेत्रगत गरिबीको स्थति

| क्षेत्र | गरिबीको दर | गरिबीको विषमता | गरिबीको गहनता | गरिबीको फैलावट | कुल जनसंख्याको वितरण |
|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | ११.८८ | २.३३ | ०.७१ | ४.८८ | ८.३४ |
| गण्डकी प्रदेश शहरी | १२.६३ | २.६१ | ०.८५ | ३.५६ | ५.७० |
| गण्डकी प्रदेश ग्रामीण | १०.२७ | १.७२ | ०.४१ | १.३४ | २.६४ |
| नेपाल | २०.२७ | ४.५२ | १.४८ | | |

श्रोत: नेपाल जीवनस्तर सर्वेक्षण २०७९/०८०

### १.४.३ गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन

अर्थतन्त्रका विविध पक्षलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिको अनुगमन तथा मूल्याङकन गर्नका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा राष्ट्रिय र प्रादेशिक तहको कुल गार्हस्थ्य उत्पादन सार्वजनिक गर्दै आएको छ ।राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आ. व. ०८०/०८१ र २०८१/०८२ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर नेपालको आर्थिक वृद्धिदर भन्दा बढी रहेको छ । जस अनुसार दुई आ.व. मा क्रमशः गण्डकी प्रदेशको आर्थिक वृद्धिदर ४.०९ प्रतिशत (संसोधित) र ५.५१ प्रतिशत (प्रारम्भिक) छ भने नेपालको आर्थिक वृद्धिदर ३.६७ प्रतिशत (संसोधित) र ४.६१ प्रतिशत (प्रारम्भिक) रहेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आ.व.२०८१/०८२ को चालु मूल्यमा गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु. ५ खर्ब ४८ अर्ब १६ करोड १० लाख छ भने नेपालको कूल गार्हस्थ्य उत्पादन रु.६१ खर्ब ७ अर्ब २२ करोड १० लाख रहेको छ । आ.व.२०८०/०८१ को चालु मूल्यमा गण्डकी प्रदेशको कूल गार्हस्थ्य उत्पादन रु. ५ खर्ब १८ अर्ब थियो भने नेपालको कूल गार्हस्थ्य उत्पादन रु. ५७ खर्ब १६ अर्ब ३४ करोड २० लाख रहेको थियो । यसरी समग्र रूपमा हेर्दा आ, व. ०८०/०८१ र २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान क्रमशः ९.१ प्रतिशत र ९.० प्रतिशत देखिन्छ । पर्यटनसँग प्रत्यक्ष सम्बन्ध भएका क्षेत्र आवास तथा भोजन सेवा सम्बन्धी क्रियाकलाप र यातायत तथा भण्डारण सम्बन्धी क्रियाकलापहरूको कूल गार्हस्थ्य उत्पादनमा योगदान आ.व. २०८१/०८२ मा गण्डकी प्रदेशमा क्रमशः रु.२३ अर्ब २४ करोड १० लाख (४.८%) र रु.२७ अर्ब ६६ करोड ८० लाख (५.७%) रहेको छ भने नेपालमा क्रमशः रु. १ खर्ब ३२ अर्ब ५४ करोड ६० लाख (२.५%) र रु.३ खर्ब ८७ अर्ब ५७ करोड ८० लाख (७.२%) रहेको छ । आ.व. २०८०/०८१ मा दुबै क्षेत्रको योगदान गण्डकी प्रदेशमा क्रमशः रु.२१ अर्ब २९ करोड १० लाख (४.६%) र रु.२४ अर्ब ४७ करोड ६० लाख (५.३%) रहेको थियो भने नेपालमा क्रमशः रु.१ खर्ब २१ अर्ब ४२ करोड ३० लाख (२.४%) र रु. ३ खर्ब ४२ अर्ब ८७ करोड ३० लाख (६.८%) रहेको थियो ।

आ. व. ०८०/०८१ र ०८१/८२ मा नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसार कूल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान प्रतिशतमा यस प्रकार छ ।

| क्र.सं. | आर्थिक क्रियाकलाप | २०८०/८१ (संशोधित) | | २०८१/८२( प्रारम्भिक) | |
|---|---|---|---|---|---|
| | | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | नेपाल |
| १ | कृषि, वन र माछापालन | २६.३ | २४.७ | २७.१ | २५.२ |
| २ | खानी तथा उत्खनन् | ०.७ | ०.५ | ०.७ | ०.५ |
| ३ | औद्योगिक उत्पादन | ३.१ | ४.९ | ३.२ | ५.० |
| ४ | विधुत, ग्याँस, बाफ तथा वातानुकुलित सेवा | ५.३ | १.८ | ५.१ | १.७ |
| ५ | पानी आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलापहरू | ०.४ | ०.४ | ०.४ | ०.४ |
| ६ | निर्माण | ७.९ | ५.४ | ७.८ | ५.२ |
| ७ | थोक एवं खुद्रा व्यपार, मोटरगाडी तथा मोटरसाइकल मर्मतसम्भारका कार्यहरू | ७.६ | १४.० | ८.० | १४.६ |
| ८ | यातायात तथा भण्डार | ५.३ | ६.८ | ५.७ | ७.२ |
| ९ | आवास तथा भोजन सेवासम्बन्धी | ४.६ | २.४ | ४.८ | २.५ |
| १० | सूचना तथा सञ्चार | २.३ | १.९ | २.४ | १.९ |
| ११ | वित्तीय तथा विमा सम्त्रन्धी क्रियाकलापहरू | ५.८ | ६.५ | ६.० | ६.६ |
| १२ | घरजग्गा कारोवारका व्यवसायिक क्रियाकलापहरू | ५.० | ८.४ | ५.० | ८.३ |
| १३ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरू | ०.७ | १.० | ०.७ | १.० |
| १४ | प्रशासनिक तथा सहयोगी सेवा | ०.३ | ०.७ | ०.३ | ०.७ |
| १५ | जनप्रशासन र सुरक्षा | १२.५ | ९.५ | ११.५ | ८.७ |
| १६ | शिक्षा | ९.१ | ८.५ | ८.३ | ७.९ |
| १७ | मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरू | २.४ | १.९ | २.४ | १.९ |
| १८ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवा | ०.६ | ०.७ | ०.६ | ०.७ |

## १.५ गण्डकी प्रदेशमा रहेका विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | विवरण | पर्यटकीय गन्तव्य | जिल्ला | गा.पा./न.पा | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्कृष्ट प्यारागलाइडिङ | सराङ्गकोट बाट हुने प्यारागलाइडिङ | कास्की | पोखरा | |
| २ | विश्वकै गहिरो गल्छी | कालीगण्डकीको गल्छी | म्याग्दी | अन्नपूर्ण | |
| ३ | विश्वकै उचाइमा रहेको ताल | तिलिचो ताल | मनाङ | | ४९१९ मि. |
| ४ | विश्वकै उत्कृष्ट १० पदयात्रा मार्ग भित्र पर्ने | अन्नपूर्ण राउण्ड पदयात्रा मार्ग | कास्की, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी | | |
| ५ | आठ हजार मिटर अग्ला हिमाल | धवलागिरी प्रथम | म्याग्दी | धवलागिरी, रघुगंगा | ८१६७ मि. |
| ६ | आठ हजार मिटर अग्ला हिमाल | मनास्लु | गोरखा/ मनाङ | चुमनुव्री/ नासो | ८१६३ मि. |
| ७ | आठ हजार मिटर अग्ला हिमाल | अन्नपूर्ण प्रथम | कास्की/ म्याग्दी | अन्नपूर्ण | ८०९१ मि. |
| ८ | विश्वकै अग्लो स्थानमा रहेको गल्फकोर्स | ल्होमान्थाङ गल्फकोर्स | मुस्ताङ | ल्होमान्थाङ | |
| ९ | विश्वका ४ सुन्दर हिमाल मध्ये एक | माछापुच्छ्रे हिमाल | कास्की | माछापुच्छ्रे | ६९९३ मि. |
| १० | विश्कै दोस्रो अग्लो बन्जी जम्प | कालीगण्डकीको बन्जी जम्प | पर्वत/ बागलुङ | कुश्मा/ बागलुङ | |

## १.६ गण्डकी प्रदेशमा रहेका नेपालका उत्कृष्ट पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | विवरण | पर्यटकीय गन्तव्य | जिल्ला | गा.पा./न.पा | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिकार आरक्ष | ढोरपाटन शिकार आरक्ष | बाग्लुङ | ढोरपाटन | |
| २ | ठूलो संरक्षण क्षेत्र | अन्नपूर्ण संरक्षण क्षेत्र | लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, कास्की | | |
| ३ | ठूलो लालीगुराँसको जंगल | घोरेपानीको जंगल | म्याग्दी | अन्नपूर्ण | |
| ४ | पर्वतीय संग्रहालय | अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय | कास्की | पोखरा १७ | |
| ५ | शिव मन्दिर | नेपालको दोस्रो ठूलो शिव मन्दिर | कास्की | पोखरा २२ | |
| ६ | धेरै पानी पर्ने | लुम्ले | कास्की | अन्नपूर्ण ६ | |
| ७ | कम पानी पर्ने | मुस्ताङ | मुस्ताङ | मुस्ताङ | |

## १.७ गण्डकी प्रदेशमा रहेका संरक्षित क्षेत्र अन्तर्गतका पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | विवरण | ठेगना | स्थापना वर्ष | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्नपूर्ण संरक्षण क्षेत्र | लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, कास्की | वि.सं. २०४९ | ७६२९ ब.कि.मि. | |
| २ | मनासलु संरक्षण क्षेत्र | गोरखा | वि.सं. २०५५ | १६६३ ब.कि.मि. | |
| ३ | चितवन राष्ट्रिय निकुञ्ज | चितवन, पर्सा, मकावनपुर, नवलपरासी ब.सु.पु. | वि.सं. २०३० | ९५२.६३ ब.कि.मि. | विश्व सम्पदा सुचिमा सुचीकृत |
| ४ | ढोरपाटन शिकार आरक्ष | बाग्लुङ, म्याग्दी, पूर्वी रुकुम | | १३२५ ब.कि.मि. | |
| ५ | भानुभक्त प्राणी उद्यान | तनहुँ | वि.सं. २०७४ | ४२५ हे. | आंशिक कार्यान्वयन |

# खण्ड दुई

# गण्डकी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूको विवरण

पर्यटन यात्रासँग सम्बन्धित गतिविधि भएकोले व्यक्तिलाई यात्राका लागि अभिप्रेरित गर्ने स्थान तथा क्रियाकलापको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । गण्डकी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा रहेका प्रमुख पर्यटीकय गन्तव्यहरूको विवरण यस खण्डमा समावेश गरिएको छ ।

## २.१ पर्वत जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू

| क्र. सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| १ | जलजला | १ | बाँसखर्क | सुन्तला, दृश्यावलोकन | सवारी साधन | बेनीबाट ८ कि.मि. | १९०० |
| २ | जलजला | २ | मल्लाज कोटघर र दरबार | ऐतिहासिक, धार्मिक | सवारी साधन | बेनीबाट ३ कि.मि. | २००० |
| ३ | जलजला | ६ | हम्पालको धुरी/कालञ्जर पर्वत | धार्मिक, दृश्यावलोकन | जिप/ पैदल | | ३५०० |
| ४ | जलजला | ७ | धाइरिङ भूमे ठाकुर | धार्मिक, दृश्यावलोकन | सवारी साधन | मिलन चोकबाट ९ कि.मि. | १८०० |
| ५ | जलजला | ७ | बराह मन्दिर, गौशाला | धार्मिक, दृश्यावलोकन | सवारी साधन | मिलन चोकबाट ९ कि.मि. | १८०० |
| ६ | जलजला | ५ | फलामेडाडा | दृश्यावलोकन, मगर संस्कृति | सवारी साधन | | २३०० |
| ७ | कुश्मा | १ | सहश्रधारा दिव्यधाम | धार्मिक, झरना | सवारी साधन | | |
| ८ | कुश्मा | १ | पार्वती गुफा | धार्मिक, (१ कि मि लामो) | सवारी साधन | | |
| ९ | कुश्मा | १ | गण्डकी गोल्डेन ब्रिज | पाङ र बाग्लुङ्ग जोड्ने लामो पुल | राजमार्ग नजिक | | |
| १० | कुश्मा | ३ | दुर्लुङकोट | धार्मिक, ऐतिहासिक, दृश्यावलोकन | सवारी साधन | | |

| क्र. सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ११ | कुश्मा | ३ | गुप्तेश्वर गुफा | धार्मिक, (१.५ कि मि लामो) | पैदल | | |
| १२ | कुश्मा | ५ | बन्जी जम्प/जीपलाइन | साहसिक खेल तथा मनोरञ्जन | पैदल | | |
| १३ | कुश्मा | ५ | यान्त्रिक पुल | मनोरञ्जन | पैदल | | |
| १४ | कुश्मा | ६ | धनेश्वर शिवालय मन्दिर | धार्मिक | पैदल | | |
| १५ | कुश्मा | ९ | अलपेश्वर गुफा | धार्मिक, मनोरञ्जन (९०० मि. लामो) | पैदल | | |
| १६ | कुश्मा | १४ | बाटुलेचौर(कालिका भगवती) मन्दिर | धार्मिक, दृश्यावलोकन | सवारी साधन | | |
| १७ | कुश्मा | १ | पञ्चदेव मन्दिर (खरिबोट) | धार्मिक (पाँच वटा मन्दिर भएको) | पैदल | कुश्माबाट ९ कि.मि. | ११०० |
| १८ | कुश्मा | १४ | पञ्चासे लेक/ताल | धार्मिक, दृश्यावलोकन | बस/ पैदल | | १५१७ |
| १९ | कुश्मा | १४ | सङ्डाग दोर्जे छ्योलिङ गुम्बा | धार्मिक, गुरुङ संस्कृति, दृश्यावलोकन | सवारी साधन | | |
| २० | कुश्मा | ५ | मोदीवेणी धाम | धार्मिक, कालीगण्डकी र मोदी नदी संगम | पैदल | | |
| २१ | मोदी | १,२ | भमरकोट | ऐतिहासिक, धार्मिक, दृश्यावलोकन | सवारी साधन | | २४०० |
| २२ | मोदी | १ | कोखे | दृश्यावलोकन, सूर्योदय, लालीगुराँस | पैदल | | ३३०९ |
| २३ | फलेवास | १ | डहरे देउराली | धार्मिक, दृश्यावलोकन, पदयात्रा | बस/ पैदल | | २२५९ |
| २४ | महाशिला | ५ | महाशिला(मेलढुङ्गा) | धार्मिक, दृश्यावलोकन, एशियाकै ठूलो दावी | पैदल | | |
| २५ | महाशिला | १ | पैयुँकोट | धार्मिक, ऐतिहासिक, दृश्यावलोकन | पैदल | | |
| २६ | महाशिला | ५ | चिसापानी लेक | धार्मिक, ऐतिहासिक, दृश्यावलोकन | पैदल | | २३०० |

| क्र. सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| २७ | विहादी | १ | बच्चेश्वर मन्दिर | धार्मिक, दृश्यावलोकन | बस/ पैदल | | १५०० |
| २८ | विहादी | २ | सितलपाटी गुफा | धार्मिक, मनोरञ्जन | पैदल | | |
| २९ | विहादी | ६ | सेतीबेणी शिला | धार्मिक | सवारी साधन | | |
| ३० | पैयूँ | ७ | चालालुङ गुफा | धार्मिक | सवारी साधन | कुश्माबाट ३५ कि.मि. | |
| ३१ | पैयूँ | ४ | सिद्धेश्वर पशुपतिनाथ मन्दिर | धार्मिक | सवारी साधन | कुश्माबाट ३८ कि.मि. | |
| ३२ | पैयूँ | ३ | पालुस्थान पैंयु | धार्मिक, मनोरञ्जन, दृश्यावलोकन | सवारी साधन | कुश्माबाट ४२ कि.मि. | |

श्रोतः- पर्यटन तथा उद्योग कार्यालय, पर्वत

## २.२ म्याग्दी जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| १ | बेनी | ५ | पुलहाश्रम | धार्मिक, पौराणिक, दृश्यावलोकन | सवारी साधन | बेनीबाट ९ कि.मि. | १३०० |
| २ | बेनी | ९ | गलेश्वर धाम | धार्मिक, पौराणिक | सवारी साधन | बेनीबाट ३ कि.मि. | ११०० |
| ३ | बेनी | १ | रत्नेचौर | धार्मिक, दृश्यावलोकन | सवारी साधन | बेनीबाट ५ कि.मि. | |
| ४ | बेनी | २ | ज्यामरुककोट | दृश्यावलोकन, ऐतिहासिक | सवारी साधन | बेनीबाट ६ कि.मि. | |
| ५ | बेनी | २ | लभ्लीहिल | बेनी बजार, कालीगण्डकी दृश्यावलोकन | पैदल | | |
| ६ | बेनी | ४ | तातोपानी कुण्ड | प्राकृतिक तातोपानी, | सवारी साधन | बेनीबाट ८ कि.मि. | |
| ७ | बेनी | ७ | महारानी थान | ऐतिहासिक, धार्मिक | पैदल | बेनीबाट १ कि.मि. | |

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ८ | बेनी | ७ | बेनी शिवालय मन्दिर | धार्मिक | | | |
| ९ | बेनी | ७ | बेनी लक्ष्मीनारायण मन्दिर | धार्मिक | | | |
| १० | बेनी | ८ | बेनी कोत मन्दिर | ऐतिहासिक, धार्मिक | | | |
| ११ | बेनी | ९ | ढोलाथान | दृश्यावलोकन, ऐतिहासिक | सवारी साधन | बेनीबाट १५ कि.मि. | १८८० |
| १२ | बेनी | ५ | जगन्नाथ | धार्मिक | सवारी साधन | बेनीबाट १३ कि.मि. | २१०० |
| १३ | बेनी | ५ | केभहिल (गुफाको डाँडा) | हिमालय दृश्यावलोकन, सूर्योदय | सवारी साधन | बेनीबाट १३ कि.मि. | २१२० |
| १४ | बेनी | ३ | बेलढुङ्गा | हिमालय दृश्यावलोकन, सूर्योदय | सवारी साधन | बेनीबाट २० कि.मि. | २६०० |
| १५ | बेनी | ३ | स्वर्गाश्रम | धार्मिक एवं पौराणिक, दृश्यावलोकन | सवारी साधन | बेनीबाट १८ कि.मि. | २३०० |
| १६ | रघुगंगा५, मंगला१ र बेनी१० | सिमाना | टोड्के | दृश्यावलोकन, लालीगुराँस, हिउँखेल्ने | सवारी साधन | बेनीबाट १९ कि.मि. | २४३० |
| १७ | मंगला | ५ | सिरकुम तिनचुले | दृश्यावलोकन, धार्मिक | सवारी साधन | बेनीबाट ३८ कि.मि. | २९७० |
| १८ | मंगला | २ | इन्द्रेणी पार्क | संग्राहलय, बगैंचा | सवारी साधन | बेनीबाट १५ कि.मि. | १२०० |
| १९ | मंगला | ३ | झाँक्रीपानी | दृश्यावलोकन, लालीगुराँस, मगर संस्कृति | सवारी साधन | बेनीबाट १८ कि.मि. | २२८० |
| २० | मंगला | ३ | चिनाकोट | दृश्यावलोकन, ऐतिहासिक | सवारी साधन | बेनीबाट १७ कि.मि. | २२८० |
| २१ | धवलागिरी | ७ | ताकमकोट | दृश्यावलोकन, ऐतिहासिक, धार्मिक | सवारी साधन | बेनीबाट ४५ कि.मि. | २५०० |
| २२ | धवलागिरी | १ | गुर्जागाउँ | पर्यटकीय गाउँ, छन्त्याल संस्कृति | जिप/ पैदल | बेनीबाट ५० कि. मि. र ८ घण्टा पैदल | २७०० |

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| २३ | धवलागिरी | २ | जलजला फाँट | दृश्यावलोकन, समथर फाँट, बुकिपाटन | जिप/ पैदल | बेनीबाट ५० कि. मि. र १ दिन पैदल | ३४२० |
| २४ | धवलागिरी | २ | नर्जा (लम्ली झरना) | १५० मि. अग्लो झरना र फेदीमा रहेको ताल | जिप/ पैदल | बेनीबाट ५० कि. मि. मुना र पैदल१ घण्टा | |
| २५ | मालिका | ७ | मालिका धुरी | धार्मिक, हिमाली दृश्य, लालीगुराँस | जिप/ पैदल | बेनीबाट ४० कि. मि. धौलागंगा र पैदल १ घण्टा | ३४०० |
| २६ | मालिका | २ | दुर लेक | हिमाली दृश्य, परम्परागत भेडीगोठ | जिप/ पैदल | बेनीबाट ४० कि. मि. घयाङ्लेपानी र पैदल ५ घण्टा | ३६०० |
| २७ | मालिका | ७ | बिम बराह ताल | धौलागिरीको छाँया पर्ने ताल, धार्मिक | जिप/ पैदल | बेनीबाट ४० कि.मि. बिमवाङ र पैदल ३० मिनेट | २१०० |
| २८ | मालिका | ७ | प्रभु चेला | हिमाली मनोरम दृश्य, लालीगुराँस | जिप | बेनीबाट ४० कि.मि. | २५०० |
| २९ | मालिका | ५ | देउता भिर गुफा | धार्मिक, गुफाभित्र हात्तिको सुँढ, नाग सर्प, गाइकोथुन | जिप/ पैदल | बेनीबाट ३४ कि.मि. मगरदाङ र पैदल २ घण्टा | २१५० |
| ३० | मालिका | १ | निस्कोट बराह ताल | हिमाली दृश्य, सुन्दर ताल हिमाली छाँयासहित | जिप/ पैदल | बेनीबाट ३६ कि.मि. निस्कोट र पैदल २० मिनेट | २३०० |
| ३१ | मालिका | ४ | सोलेडाँडा | हिमाली दृश्यावलोकन, सहिद स्तम्भ, गुराँस, सूर्योदय, सूर्यास्त | जिप/ पैदल | बेनीबाट ४० कि.मि. खरबोट र पैदल ३० मिनेट | २६३० |
| ३२ | रघुगंगा | ३ | गायत्री मन्दिर | कालीगण्डकी र रघुगंगा संगम, योग ध्यानका लागि उपयुक्त | सवारी साधन | बेनीबाट ४ कि.मि. | १००० |
| ३३ | रघुगंगा | ७ | चिमखोला मण्डली | धार्मिक, रमणीय स्थल, चैतमा भुमेपुजा | सवारी साधन | बेनीबाट २३ कि.मि. चिमखोला | २१०० |

| क.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ३४ | रघुगंगा | १ | बेग-बाँदुक झोलुङ्गे पुल | रुइसे र भेडीओढार पर्यटकीय स्थल | जिप/ पैदल | बेनीबाट १५ कि.मि. बेगखोला र ४ कि.मि. पैदल | १६०० |
| ३५ | रघुगंगा | ४ | दग्नामको भुमेथान | भुमे पुजा, कान्छी र गैरीगाउँबिच लिङ्गो जुधाउने | सवारी साधन | बेनीबाट १८ कि.मि. दग्नाम गाउँ | २००० |
| ३६ | रघुगंगा | २ | भगवती कोत मन्दिर | धार्मिक र दृश्यावलोकन | सवारी साधन | बेनीबाट १३ कि.मि. | १९०० |
| ३७ | रघुगंगा | २ | रुइसे | ऐतिहासिक | सवारी साधन | बेनीबाट १८ कि.मि. | २२०८ |
| ३८ | रघुगंगा | १,२ | भेडीओडार | अग्लो ढुङ्गाबाट हिमाली र सूर्योदयको दृश्य अवलोकन गर्न सकिने | जिप/ पैदल | बेनीबाट १८ कि.मि. रुइसे र १ घण्टा उकालो यात्रा | २५०० |
| ३९ | रघुगंगा | ५ | स्वर्गद्वारी आश्रम | धार्मिक तथा पौराणिक महत्त्व, ऋषिका खराउ तथा मूर्तिहरू | सवारी साधन | बेनीबाट १९ कि.मि. टोडके | २४३० |
| ४० | रघुगंगा | ८ | रिखार | धार्मिक तथा पौराणिक महत्त्व, ऋषिहरूको तपोभुमी | जिप/ पैदल | बेनीबाट ४५ कि.मि. पात्लेखर्क र १.५ दिन पैदल यात्रा | ४०१० |
| ४१ | रघुगंगा | ७ | कालीबराह ताल | हिमाली दृश्यावलोकन, रमणीय ताल, आइसफल दृश्य, सुन छहरा, गुफा | जिप/ पैदल | बेनीबाट ५० कि.मि. सेतिनी भ्याली र १.५ दिन पैदल यात्रा | ४३०० |
| ४२ | अन्नपूर्ण | ७ | पुनहिल | हिमाली दृश्यावलोकन, हिमपात, ८ प्रजातिका लालीगुराँस, सूर्योदय | जिप/ पैदल | बेनीबाट ४० कि. मि. घोडेपानी र १घण्टा पैदल यात्रा | ३२१० |
| ४३ | अन्नपूर्ण | ४ | अन्नपूर्ण आधार शिविर | हिमाली दृश्यावलोकन, पञ्चकुण्ड ताल, तलैया, झरना | जिप/ पैदल | बेनीबाट ४६ कि.मि. हुमखोला र ८ घण्टा पैदल यात्रा | ४२०० |

| क.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ४४ | अन्नपूर्ण | ४ | पञ्चकुण्ड ताल | आकर्षक निलो आकासे रंगको ताल, अन्नपूर्ण आधार शिविरमा पर्ने | जिप/ पैदल | बेनीबाट ४६ कि.मि. हुमखोला र ८ घण्टा पैदल यात्रा | ४१०० |
| ४५ | अन्नपूर्ण | ४ | फुतफुते झरना | मिस्त्रीखोलाको पानीले पहाडलाई काटेर झरेको झरना र फेदीमा बनेको तलाउ | जिप/ पैदल | बेनीबाट ४६ कि.मि. हुमखोला र १ घण्टा पैदल यात्रा | ३३०० |
| ४६ | अन्नपूर्ण | ५ | खयरभारानी ताल (बाराही) | अन्नपूर्ण हिमालको पश्चिम फेदिमा रहेको ताल, धार्मिक महत्व | जिप/ पैदल | बेनीबाट ३२ कि.मि. पाउद्वार र १३ घण्टा पैदल यात्रा | ४६०० |
| ४७ | अन्नपूर्ण | ६ | घोरेपानी | हिमालको दृश्यावलोकन, मगर संग्रहालय, लालीगुराँस, | जिप | बेनीबाट ४० कि. मि. | २८०० |
| ४८ | अन्नपूर्ण | ६ | मोहरेडाँडा | हिमालको दृश्यावलोकन, सूर्योदय, लालीगुराँस, | जिप/ पैदल | बेनीबाट ४० कि.मि. घोडेपानी र ४ घण्टा पैदल यात्रा | ३३१० |
| ४९ | अन्नपूर्ण | ७ | फूलबारी | हिमालको दृश्यावलोकन, लालीगुराँस, | जिप/ पैदल | बेनीबाट ४० कि.मि. घोडेपानी र १ घण्टा १० मिनेट पैदल यात्रा | ३००० |
| ५० | अन्नपूर्ण | ७ | पेरीभारानी ताल | आकर्षक ताल | जिप/ पैदल | बेनीबाट ४० कि.मि. घराम्दी र २० मिनेट पैदल यात्रा | २९०० |
| ५१ | अन्नपूर्ण | ८ | नागी बाराही | आकर्षक ताल | सवारी साधन | बेनीबाट ३० कि.मि. नागी | २३०० |
| ५२ | अन्नपूर्ण | ८ | करबाकेली | हिमालको दृश्यावलोकन, गुराँस, पुन मगर संस्कृति तथा संग्राहलय | सवारी साधन | बेनीबाट ५० कि.मि. नागी हुदै राम्चे | २३३२ |

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ५३ | अन्नपूर्ण | ३ | अन्धगल्छी | संसारकै ६९७० मी. गहिरो कालीगण्डकीको गल्छी जहाँ रुप्से झरना पानी गएर मिसिन्छ । | सवारी साधन | बेनीबाट ३७.६ कि.मि. करीडोर | १७५० |
| ५४ | अन्नपूर्ण | ३ | बाजा बज्ने ढुङ्गा | यस पहाडमा ढुङ्गाका चुचुराहरू बजाउँदा नौमती बाजाको आवाज आउँछ | सवारी साधन | बेनीबाट ३८.६ कि.मि. | २००० |
| ५५ | अन्नपूर्ण | २ | भुरुङ्ग तातोपानी | तातोपानी कुण्ड | सवारी साधन | बेनीबाट २४ कि.मि. करीडोर | १४०० |
| ५६ | अन्नपूर्ण | ५ | पाउद्वार तातोपानी | तातोपानी कुण्ड | सवारी साधन | बेनीबाट २४ कि.मि. | १४०० |
| ५७ | अन्नपूर्ण | ६ | रातोपानी कुण्ड | तातोपानी कुण्ड | सवारी साधन | बेनीबाट १९ कि.मि. | १३०० |
| ५८ | अन्नपूर्ण | ३ | रुप्से झरना | ३०० मि. अग्लो रुप्से झरना | सवारी साधन | बेनीबाट ३७.६ कि.मि. कालीगण्डकी करीडोर | १८०० |
| ५९ | अन्नपूर्ण | ४ | नारच्याङ झरना | ५०० मि. अग्लो यो झरना अत्यन्तै सुन्दर, आकर्षक र मनमोहक, हाइकिङ र भुमेथानको दर्शन गर्न पाइने | बस/ पैदल | बेनीबाट ३० कि.मि. नारच्याङ र २० मिनेट पैदल | १४०० |
| ६० | अन्नपूर्ण | ५ | खोप्रा(खोपारा लेक) | हिमालको दृश्यावलोकन,, सूर्योदय, बसन्तमा लाली गुराँस | जिप/ पैदल | बेनीबाट ३२ कि.मि. पाउद्वार र ६ घण्टा पैदल | ३६६० |

श्रोतः- पर्यटन तथा उद्योग कार्यालय म्याग्दी तथा गा.पा/न.पा

## २.३ नवलपरासी (ब.सु.पू.) जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू

| क्र. सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| १ | गैडाकोट | | मौलाकालिका मन्दिर | धार्मिक र गैडाकोट, भरतपुर, नारायणी नदीको दृश्यावलोकन | पैदल अथवा केवलकार | नारायणी पुलबाट ५ कि.मि. | ५६१ |
| २ | गैडाकोट | १३ | कैलास सन्यास आश्रम | धार्मिक तथा पौराणिक र चितवन राष्ट्रिय निकुञ्जको दृश्यावलोकन | यातायत साधन | नारायणगढबाट १६ कि.मि. | २०१ |
| ३ | देवचुली | | शास्वत धाम | धार्मिक, खजुरावन शैलिमा बनेको शिव मन्दिर | राजमार्गसँगै जोडिएको | कावासोतीबाट ११ कि.मि. | १९६ |
| ४ | विनयी त्रिवेणी | | दाउन्ने देवी मन्दिर | धार्मिक, चितवन राष्ट्रिय निकुञ्ज लगायत समथर भुभाग र देवचुलीडाँडाको दृश्यावलोकन | राजमार्गसँगै जोडिएको | कावासोतीबाट ३८ कि.मि. | १०२० |
| ५ | बौद्धिकाली | २ | अकलादेवी माई | धार्मिक तथा पौराणिक | कालीगण्डकी करीडोरसँगै | | |
| ६ | देवचुली | | देवचुली तथा वरचुलीडाँडा | धार्मिक तथा हिमालदेखि तराइसम्मको दृश्यावलोकन | | दलदलेबजार बाट २५ कि.मि. | १९३८ |
| ७ | बुलिङटार | ६ | कामधेनु क्षेत्र (घुमाउरी घाट) | धार्मिक तथा पौराणिक | कालीगण्डकी करीडोर नजिक | | |
| ८ | विनयी त्रिवेणी | ६ | गजेन्द्रमोक्ष दिव्यधाम | धार्मिक, ऐतिहासिक तथा पौराणिक | यातायत साधन | कावासोतीबाट ६८ कि.मि. | १४७ |
| ९ | मध्यविन्दु | | लोहासेधारा बाबाधाम | धार्मिक, | यातायत साधन | कावासोतीबाट १५ कि.मि. | २०२ |

श्रोतः- पर्यटन तथा उद्योग कार्यालय नवलपुर तथा गा.पा,/न.पा

## २.४ गोरखा जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| १ | गोरखा | ६ | गोरखा दरबार/ गोरखकाली मन्दिर | ऐतिहासिक, धार्मिक, हिमालहरू र गोरखाबजार दृश्यावलोकन | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट ४ कि.मि. | १३७४ |
| २ | गोरखा | ६ | रानीपोखरी (पुष्करतिर्थ) परिसर | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन | पुरानोबसपार्कबाट २०० मि.. | १०९३ |
| ३ | गोरखा | ६ | गोरखा दरबार संग्रहालय | ऐतिहासिक तथा पुरातात्विक महत्व | सवारी साधन | पुरानोबसपार्कबाट ३१० मि.. | ११०६ |
| ४ | गोरखा | ६ | बिसे नगर्ची पार्क | ऐतिहासिक, गोरखाबजार र दरौंदीको दृश्यावलोकन | सवारी साधन | पुरानोबसपार्कबाट १.६१ कि. मि.. | १२५६ |
| ५ | गोरखा | ६ | रामशाहको चौतारा | ऐतिहासिक, गोरखाबजार र दरौंदी लगायत विभिन्न ठाउँको दृश्यावलोकन | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट १.९५ कि. मि.. | १३०४ |
| ६ | गोरखा | ४ | उपल्लोकोट (बज्रभैरव थान) | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट ८ कि. मि.. | १४२८ |
| ७ | गोरखा | ४ | कुहिरेभिर भ्यू टावर | गोरखाबजार र हिमश्रृङखला दृश्यावलोकन | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट ८ कि. मि.. | १४२८ |
| ८ | गोरखा | ८ | झाँक्री गुफा | ऐतिहासिक गुफा | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट ३ कि. मि.. | ९७१ |
| ९ | गोरखा | ६ | ढुङ्गे बगैंचा (रक गार्डेन) | प्राकृतिक ढुङ्गे बगैंचा र वरीपरीको हरियाली | सवारी साधन | पुरानोबसपार्कबाट ९०० मि.. | ११२५ |
| १० | गोरखा | ८ | बाराही मन्दिर | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन | पुरानोबसपार्कबाट १.५ कि. मि.. | १०३३ |
| ११ | गोरखा | ७ | राधावल्लभेश्वर मन्दिर | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन | पुरानोबसपार्कबाट २७० मि.. | १०९६ |
| १२ | गोरखा | ५ | चिल्ड्रेन पार्क | हिमश्रृङ्खला र विभिन्न ठाउँको दृश्यावलोकन | सवारी साधन | पुरानोबसपार्कबाट २.१ कि. मि.. | ११२३ |

| क्र. सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| १३ | गोरखा | ५ | सतीपिपल गुम्बा | धार्मिक सास्कृतिक तथा हिमश्रृङ्खला दृश्यावलोकन | सवारी साधन | पुरानोबसपार्कबाट १.६५ कि. मि.. | ११८२ |
| १४ | गोरखा | ४ | भिमसेन थापा स्मारक | हिमश्रृङ्खला दृश्यावलोकन | सवारी साधन | पुरानोबसपार्कबाट ५.७५ कि. मि.. | १३०९ |
| १५ | गोरखा | २ | भुत्याहा छाँगो | २५ मि. लामो झरना र बाघभैरव मन्दिर | सवारी साधन, पैदल | पुरानोबसपार्कबाट १८.७ कि. मि.. | ६०२ |
| १६ | शहिदलखन | २ | मनकामना मन्दिर | धार्मिक | केवल कार | कुरीनटारबाट २.७ कि.मि. | |
| १७ | शहिदलखन | २ | बक्रेश्वर महादेव | धार्मिक | केवल कार पैदल | कुरीनटारबाट २.७ कि.मि. पैदल ३० मिनेट | |
| १८ | पालुङ्टार | ३ | लिगलिग कोट | ऐतिहासिक तथा हिमश्रृङ्खला दृश्यावलोकन | सवारी साधन | | |
| १९ | अजिरकोट | | अजिरकोट | ऐतिहासिक | सवारी साधन | | |
| २० | सिरान्चोक/ वारपाक सुलिकोट | | श्रीनाथकोट मण्डली | ऐतिहासिक, पौराणिक तथा धार्मिक | सवारी साधन, पैदल | | १९७४ |
| २१ | वारपाक सुलिकोट | २ | वारपाक | २०७२को भुकम्पको केन्द्रविन्दु, गुरुङ संस्कृति, हिमश्रृङ्खला दृश्यावलोकन | सवारी साधन | | |
| २२ | चुमनुब्री | ७ | चुमभ्याली | अहिंसा क्षेत्र, सुन्दर उपत्यका, | सवारी साधन, पैदल | | |
| २३ | चुमनुब्री | १ | पुङगेन गुम्बा | ऐतिहासिक प्राचीन गुम्बा | पैदल | | |
| २४ | चुमनुब्री | १ | मनास्लु बेसक्याम्प | हिमाल अवलोकन, मनास्लु हिमाल आरोहण | पैदल | | |
| २५ | चुमनुब्री | २ | हिनाङ गुम्बा | ऐतिहासिक प्राचीन गुम्बा | पैदल | | |
| २६ | चुमनुब्री | २ | मनास्लु भ्यू प्वाइन्ट | मनास्लु हिमालको दृश्यावलोकन | पैदल | | ३४८० |

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| २७ | चुमनुब्री | ३ | रुपिनाला हिमनदी | विश्वकै होचो स्थानमा रहेको. | पैदल | | ३४५० |
| २८ | चुमनुब्री | ३ | च्याराङ कुण्ड | चट्टानबाट निस्कने अलौकिक धारासहित कुण्ड | पैदल | | |
| २९ | चुमनुब्री | ३ | रुपनिला पास | हिमाल अवलोकन तथा हिउँसँग खेल्ने | पैदल | | ४७२० |
| ३० | चुमनुब्री | ३ | दुधपोखरी | रमणीय पोखरी | पैदल | | |
| ३१ | चुमनुब्री | ४ | काल ताल | तालको सुन्दर दृश्यावलोकन | पैदल | | |
| ३२ | चुमनुब्री | ४ | नाम्ला गुम्बा | ऐतिहासिक ध्यान गर्ने प्राचीन गुम्बा | पैदल | | |
| ३३ | चुमनुब्री | ५ | सेराङ गुम्बा | प्राचीन गुम्बा, झारलको बथान र गुराँस देखिने | पैदल | | |
| ३४ | चुमनुब्री | ६ | गुम्पा लङ्टाङ | प्राचीन ध्यान गर्ने गुम्बा | पैदल | | |
| ३५ | चुमनुब्री | ६ | सारबुह गुम्बा | पुरानो गुम्बा, धार्मिक | पैदल | | |
| ३६ | चुमनुब्री | ७ | राचेन गुम्बा | ऐतिहासिक भिक्षुणी गुम्बा | पैदल | | ३२४० |
| ३७ | चुमनुब्री | ७ | मु गुम्बा | ऐतिहासिक ध्यान गर्ने प्राचीन गुम्बा | पैदल | | ३६७९ |
| ३८ | चुमनुब्री | ७ | मिलारेपा गुफा | ऐतिहासिक ध्यान गर्ने पवित्र गुफा | पैदल | | ३४०० |
| ३९ | चुमनुब्री | ७ | छोस्याङ तालखर्क | सुन्दर ताल तथा नाउर देख्न सकिने | पैदल | | |
| ४० | चुमनुब्री | १ | वीरेन्द्र ताल | सुन्दर ताल तथा हिमाल अवलोकन | पैदल | | |
| ४१ | चुमनुब्री | १ | लार्केपास | हिमाल अवलोकन, साहसिक पास | पैदल | | ५१०६ |
| ४२ | चुमनुब्री | १ | नुब्री भ्याली | हिमाली संस्कृति, हिमालको अवलोकन | पैदल | | |
| ४३ | अजिरकोट | १ | चामे छहरा | छहरामा रमाउने, गुरुङ संस्कृति, हिमश्रृङ्खला दृश्यावलोकन | सवारी साधन | | |

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाइ मि. |
|---|---|---|---|---|---|---|---|
| ४४ | गण्डकी | ३ | श्री महादेव/ रितेश्वरी मन्दिर | धार्मिक | सवारी साधन | | |
| ४५ | आरुघाट | ८ | आरुपोखरी पोण्ड एण्ड पार्क | वनभोज तथा रमणीण स्थल | सवारी साधन | | |
| ४६ | आरुघाट | ९ | पञ्चकन्या मन्दिर तथा पार्क | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन | | |
| ४७ | आरुघाट | ६ | देवीजलकुमारी मन्दिर पार्क तथा २२ धारा | धार्मिक तथा ऐतिहासिक क्षेत्र | सवारी साधन | | |
| ४८ | आरुघाट | २ | स्टोन पार्क मान्बु | रमणीय ठाउँ तथा विभिन्न ठाउँको दृश्यावलोकन | सवारी साधन | | |
| ४९ | आरुघाट | १ | देछेन थर्पलिन गुम्बा | धार्मिक सास्कृतिक तथा हिमश्रृङ्खला लगायत विभिन्न ठाउँको दृश्यावलोकन | सवारी साधन/ पैदल | | |

श्रोतः- मनास्लु संरक्षण क्षेत्र आयोजना तथा गा.पा./न.पा.

## २.५ लमजुङ जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरू

| क्र.सं. | स्थानीय तहको नाम | वडा नं. | पर्यटकीय गन्तव्य | महत्त्व | पहुँचको श्रोत | दुरी | उचाई |
|---|---|---|---|---|---|---|---|
| १ | बेशीशहर | ३ | लमजुङ दरबार/कालिका मन्दिर | ऐतिहासिक, धार्मिक | सवारी साधन | | |
| २ | क्व्होलासोथर | ३ | घले गाउँ | एशियाकै नमुना गाउँ, हिमश्रृङ्खलाको दृश्यावलोकन, गुरुङ संस्कृति | सवारी साधन | | |
गण्डकी प्रदेशमा अवस्थित ६५०० भन्दा कम उचाइ आरोहणका लागि खुला गरिएका ५० हिमाल भएका पर्वतारोहणका लागि अनुमति प्राप्त हिमाल मध्येमा सन २०२० देखि २०२४ सम्ममा जम्मा ५ हिमालका लागि जम्मा ९०७ जनाले आरोहणको लागि अनुमति लिएका छन् ।

**आ. व. २०७६/७७**

| सि.नं. | हिमचुलीको नाम | विदेशी | नेपाली | जम्मा पुरुष | जम्मा महिला | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १ | चुलु पश्चिम | ४२ | १ | ३४ | ९ | ४३ |
| २ | चुलु पूर्व | ९७ | ० | ८५ | १२ | ९७ |
| ३ | पिसाङ | १३ | ० | १० | ३ | १३ |
| ४ | हिउँचुली (कास्की) | ० | ० | ० | ० | ० |
| ५ | सिङ्गुचुली (कास्की) | २ | ० | २ | ० | २ |
| ६ | लार्क्याचुली (गोरखा) | ४३ | ० | ३३ | १० | ४३ |
| | जम्मा | १९७ | १ | १६४ | ३४ | १९८ |

## आ. व. २०७७/७८

| सि.नं. | हिमचुलीको नाम | विदेशी | नेपाली | जम्मा पुरुष | जम्मा महिला | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १ | चुलु पश्चिम | ६ | ० | ६ | ० | ६ |
| २ | चुलु पूर्व | ५ | २ | ५ | २ | ७ |
| ३ | पिसाङ | १ | १ | १ | १ | १ |
| ४ | हिउँचुली (कास्की) | ० | ० | ० | ० | ० |
| ५ | सिङ्गुचुली (कास्की) | २ | ० | १ | १ | २ |
| ६ | लार्क्याचुली (गोरखा) | ० | ० | ० | ० | ० |
| | जम्मा | १४ | ३ | १३ | ४ | १७ |

## आ. व. २०७८/७९

| सि.नं. | हिमचुलीको नाम | विदेशी | नेपाली | जम्मा पुरुष | जम्मा महिला | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १ | चुलु पश्चिम | ४४ | २ | ३२ | १४ | ४६ |
| २ | चुलु पूर्व | ५२ | २५ | ६२ | १५ | ७७ |
| ३ | पिसाङ | २६ | १ | २६ | १ | २७ |
| ४ | हिउँचुली (कास्की) | २ | ० | १ | १ | २ |
| ५ | सिङ्गुचुली (कास्की) | ३ | ० | १ | २ | ३ |
| ६ | लार्क्याचुली (गोरखा) | २० | ० | १४ | ६ | २० |
| | जम्मा | १४७ | २८ | १३६ | ३९ | १७५ |

## आ. व. २०७९/८०

| सि.नं. | हिमचुलीको नाम | विदेशी | नेपाली | जम्मा पुरुष | जम्मा महिला | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १ | चुलु पश्चिम | ५३ | ४ | ४८ | ९ | ५७ |
| २ | चुलु पूर्व | ९४ | ० | ६४ | ३० | ९४ |
| ३ | पिसाङ | २८ | ० | १९ | ९ | २८ |
| ४ | हिउँचुली (कास्की) | ० | ० | ० | ० | ० |
| ५ | सिङ्गुचुली (कास्की) | ३ | ० | २ | १ | ३ |
| ६ | लार्क्याचुली (गोरखा) | ४६ | ० | ३७ | ९ | ४६ |
| | जम्मा | २२४ | ४ | १७० | ५८ | २२८ |

## आ. व. २०८०/८१

| सि.नं. | हिमचुलीको नाम | विदेशी | नेपाली | जम्मा पुरुष | जम्मा महिला | कूल संख्या |
|---|---|---|---|---|---|---|
| १ | चुलु पश्चिम | ५३ | २ | ४० | १५ | ५५ |
| २ | चुलु पूर्व | १२७ | ४ | १०० | ३१ | १३१ |
| ३ | पिसाङ | ३९ | १ | २९ | ११ | ४० |
| ४ | हिउँचुली (कास्की) | ० | ० | ० | ० | ० |
| ५ | सिङ्गुचुली (कास्की) | १ | ० | १ | ० | १ |
| ६ | लार्क्याचुली (गोरखा) | ६२ | ० | ४७ | १५ | ६२ |
| | जम्मा | २८२ | ७ | २१७ | ७२ | २८९ |

श्रोतः- नेपाल पर्वतारोहण संघ

# खण्ड पाँच

# पर्यटकीय स्थल तथा क्रियाकलाप अनुसार पर्यटकहरूको विवरण

गण्डकी प्रदेशमा अवस्थित विभिन्न पर्यटकीय स्थलमा आ.व. २०७६/७७ देखि आ.ब. २०८०/८१ सम्ममा आएका पर्यटकहरूको विवरण यस खण्डमा संलग्न गरिएको छ ।

## ५.१ अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय कास्की जिल्ला, पोखरा महानगरपालिका १७ स्थित रातो पैरामा अवस्थित छ । यहाँ हिमालय क्षेत्रमा पाइने पुरातात्विक, प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक, स्थानीयको जीवन शैली लगायत त्यहाँ पाइने विभिन्न वनस्पती तथा वन्यजन्तुहरूको बारेमा अध्ययन तथा अवलोकन गर्न सकिन्छ । पर्वतारोहण, हिमालमा भए गरेका क्रियाकलाप, जलवायु परिवर्तनले गरेको प्रभावको अध्ययन गर्न सकिन्छ । यहाँबाट अन्नपूर्ण हिमश्रृङ्खला अन्तर्गतका विभिन्न हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ । संग्रहालयको बाहिर मानव निर्मित नमुना मनास्लु हिमालमा हिमाल चढ्ने अनुभव लिन सकिन्छ । साथै बाहिरको बगैंचामा घुमेर आनन्द लिन सकिन्छ । यस संग्रहलायमा आएका पर्यटकहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ:

| वर्ष | निशुल्क | बगैचामा घुम्ने | विद्यार्थी | नेपाली | अस्थाइ भिषा बाहक विदेशी | सार्क नागरिक | विदेशी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ०७६/७७ | ७०४१ | २८९६ | ८५७५२ | ५८३९९ | १७० | १५२१५ | २०२४३ | १८९७१६ |
| ०७७/७८ | १४०८ | १२७८ | १३३३९ | २८२५६ | ६८ | १०२३ | २३० | ४५६०२ |
| ०७८/७९ | ४७०२ | २६७६ | ५८६५१ | ५०५४२ | ९६ | १६५३३ | ४२८४ | १३७४८४ |
| ०७९/८० | ८३८७ | २९३५ | ८८०५१ | ५४२०१ | १८२ | २७८५६ | १६३८७ | १९७९९९ |
| ०८०/८१ | ८५५० | २४४६ | ६६८३८ | ४६३३० | २०४ | २४४४१ | २१९७७ | १७०७८६ |

श्रोतः- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा

## ५.२ मनास्लु संरक्षण क्षेत्र

मनास्लु संरक्षण क्षेत्र गोरखा जिल्लाको उत्तरी भेगमा रहेका चुमनुब्री गाउँपालिकामा १६६३ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।जैविक विविधता, प्राकृतिक श्रोत, सास्कृतिक सम्पदा, भौगोलिक

अवस्था र विभिन्न पर्यटकीय आकर्षणले भरिपूर्ण रहेको यो क्षेत्र नमुना पदयात्रा मार्ग हुन सक्ने सम्भवाना बोकेको क्षेत्र हो । सांस्कृतिक रुपमा यस क्षेत्रलाई नुब्री भ्याली, चुम भ्याली र कुताङ गरि तीन भागमा विभाजन गरिएको छ ।मनास्लु क्षेत्रको चुम भ्याली अहिंशा क्षेत्रको रुपमा चिनिन्छ । यहाँ गुरुङ र लामा जातजातिको बसोबास छ । विभिन्न गुम्बा, ताल, भञ्ज्याङ, भू वनोट, संस्कृति, वन्यजन्तु पर्यटक आकर्षणका केन्द्र हुन् । विश्वकै आठौं अग्लो र नेपालको सातौं अग्लो मनासलु हिमाल लगायत विभिन्न हिमालहरूको यसै क्षेत्रमा पर्दछन् । यस क्षेत्रमा आएका विदेशी पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ:

| आ. व. | विदेशी सार्क | | | | विदेशी अन्य | | | | आ. व. | जम्मा राजस्व |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | जम्मा | पुरुष | महिला | अन्य | जम्मा | जम्मा | संकलन रु. |
| २०७६/७७ | २७ | ९ | ० | ३६ | ३०८७ | २२६४ | १ | ५३५२ | ५३८८ | १६१८५८००० |
| २०७७/७८ | ० | १ | ० | १ | १२९ | ६४ | ० | १९३ | १९४ | ५२१२६५ |
| २०७८/७९ | ४७ | १५ | ० | ६२ | १३७७ | ८४३ | ० | २२२० | २२८२ | ५९७६४०५ |
| २०७९/८० | १२४ | ३५ | ० | १५९ | ४३६० | ३१८४ | २ | ७५४६ | ७७०५ | २०२३६४१० |
| २०८०/८१ | १४४ | ६१ | ० | २०५ | ५४८४ | ४०८९ | ४ | ९५७७ | ९७८२ | २५६७७३९० |

श्रोत:- मनास्लु संरक्षण क्षेत्र आयोजना, गोरखा

## ५.३ गो बन्जी नेपाल

गो बन्जी नेपाल कास्की जिल्लाको पोखरा महानगरपालिका १७ महतगौंडामा रहेको छ । सेती नदीको खोंचमा १०१ मि. उचाई बाट बन्जी जम्प गर्न सकिने यो साहसिक खेलमा स्वदेशी र विदेशी पर्यटकहरूको आकर्षण बढ्दो छ । यहाँ बन्जी जम्प गर्न आउने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| वर्ष | आन्तरिक | | | बाह्य | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| २०७८ | १६८५ | ९२८ | २६१३ | ३९८ | २५५ | ६५३ | |
| २०७९ | १९७३ | १०५१ | ३०२४ | ९२४ | ६३० | १५५४ | |
| २०८० | १४५२ | ९६८ | २४२० | ८४३ | ४७१ | १३१४ | |
| २०८१ | १३९४ | ८७३ | २२६७ | ५९३ | ३७८ | ९७८ | फागुनसम्म |

श्रोत:- बन्जी नेपाल एड्भेन्चर पोखरा

## ५.४ पातले छाँगो (Devi's Falls)

पातले छाँगो पोखरा महानगरपालिका १७ छोरेपाटनमा अवस्थित पोखराको प्रमुख पर्यटकीय गन्तव्य हो । फेवातालबाट बगेर आएको पानी अनौठोसँग खोचमा विलिन भएको दृष्य सोही समयमा देखिने इन्द्रेणीले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई आनन्दित तुल्याउँछ ।पातले छाँगोको दृश्यावलोकन गर्न आएका पर्यटकहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

| आ. व. | विद्यार्थी | नेपाली | विदेशी सार्क | विदेशी | जम्मा संख्या | संकलित राजश्व रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | १२१७०० | ३४३८०० | ० | २२२६०० | ६८८१०० | १४७७१००० | सार्क विदेशीमा समावेश |
| २०७७/७८ | ११००६ | १५३१०० | ० | १३००० | १७७१०६ | ६८०४०६० | सार्क विदेशीमा समावेश |
| २०७८/७९ | ८७८९७ | ३७९३०० | १४३००० | ११३०० | ६२१४९७ | २९४९९९४० | |
| २०७९/८० | ९०३०३ | ३५५६०० | २३३९०० | ६२१०० | ७४१९०३ | ४०९५२०६० | |
| २०८०/८१ | ८०५०० | ३२९१०० | २५३३०० | ८९१०० | ७५२००० | ४३९४८००० | |

श्रोत:- छोरेपाटन मा. वि.

## ५.५ गोरखा दरबार संग्रहालय

यो संग्रहालय गोरखा जिल्लाको गोरखा नगरपालिका ६, ठूलो आँगनमा अवस्थित छ । तत्कालीन गोरखाराज्यको क्षेत्रमा रहेका ऐतिहासिक, पुरातात्त्विक, धार्मिक र साँस्कृतिक दृष्टिले महत्व राख्ने सामाग्रीहरूको खोजी, संकलन, संरक्षण र प्रदर्शन गरी शिक्षा प्रदान गर्न यो संग्रहालयको स्थापना गरिएको हो । सुन्दर बगैंचा, बाल उद्यान तथा विश्राम स्थलहरू भएको, ६८ रोपनी जग्गामा फैलिएको पार्क सहितको तले शैलीमा निर्मित काष्ठकलाको उत्कृष्ठ नमुना सहित ३५ कोठा रहेका छन् । यस संग्रहालयमा विभिन्न प्रदर्शनी कक्षहरू रहेका छन् । यस संग्रहालयमा आएका आगन्तुकहरू संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | आ. व. | विद्यार्थी | नेपाली | सार्क | विदेशी | जम्मा संख्या | कुल राजस्व रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ०६६/०६७ | २२८७४ | १३१४४ | ३५ | ४७६ | ३६५२९ | ३१७०१० |
| २ | ०६७/०६८ | ३०७२५ | १७५९५ | ४२ | ५४२ | ४८९०४ | ४१४२९० |
| ३ | ०६८/०६९ | ३१७०५ | १८००६ | ८७ | ८७५ | ५०६७३ | ४४९९५० |
| ४ | ०६९/०७० | ३७८४१ | २१४०१ | ३९ | ८९२ | ६०१७३ | ५२९२७० |

| क्र.सं. | आ. व. | विद्यार्थी | नेपाली | सार्क | विदेशी | जम्मा संख्या | कुल राजस्व रु. |
|---|---|---|---|---|---|---|---|
| ५ | ०७०/०७१ | ३६०४९ | २६१२२ | ५० | १०२८ | ६३२४९ | ६१४५६५ |
| ६ | ०७१/०७२ | ३४९१९ | २६७२४ | ५७ | १०८३ | ६२७८३ | ५६९५५० |
| ७ | ०७२/०७३ | १५२५६ | २९३१५ | ४० | ७२२ | ४५३३३ | ५४७०४० |
| ८ | ०७३/०७४ | ३४४४४ | ३५४८१ | ४५ | ९७८ | ७०९४८ | १४८७१८५ |
| ९ | ०७४/०७५ | ३३३३३ | ३९८९३ | ७६ | १५५१ | ७४८५३ | १६३९८११ |
| १० | ०७५/०७६ | ४०२१५ | ५६२११ | ६० | १६५० | ९८१३६ | २१३३७६५ |
| ११ | ०७६/०७७ | ३६३५७ | ३७९९९ | ३८ | ११५४ | ७५५४८ | १५७८८१५ |
| १२ | ०७७/०७८ | ६५९१ | २६३६९ | ९ | ३३ | ३३००२ | ८६००८५ |
| १३ | ०७८/०७९ | २६१५२ | ४९८०० | ५९ | ३१७ | ७६३२८ | १६६८५७० |
| १४ | ०७९/०८० | ४३५७० | ७९२३१ | ७० | ८६० | १२३७३१ | २६७७४७५ |
| १५ | ०८०/०८१ | ३५३५६ | ८२३४४ | १५९ | १५२८ | ११९३८७ | २७८५४९१ |

श्रोत:- गोरखा दरबार संग्रहालय, गोरखा

## ५.६ गण्डकी प्रदेशमा विभिन्न घटनाहरूमा परेका बाह्य पर्यटक सम्बन्धी विवरण

पर्यटक प्रहरी जसले नेपाल घुम्न आएका पर्यटकहरूलाई सहजीकरण गर्ने, पर्वतारोण वा पदयात्रा मार्गमा जाँदा समस्यामा परेका पर्यटकहरूको उद्दार तथा भएका घटनाहरूको तथ्याङ्क राख्ने गर्दछ । गण्डकी प्रदेशमा विभिन्न घटनाहरूमा परेका बाह्य पर्यटक सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | आ. व. | दुर्घटना | | | मृत्यु | | | बेपत्ता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ०७७/०७८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ०७८/०७९ | ४ | २ | ६ | १४ | ३ | १७ | ० | ० | ० |
| ३ | ०७९/०८० | १४ | ७ | २१ | २५ | ११ | ३६ | १ | ० | १ |
| ४ | ०८०/०८१ | ४ | १ | ५ | २५ | ८ | ३३ | १ | ० | १ |
| ५ | ०८१/०८२ | ० | ० | ० | १६ | ५ | २१ | ० | ० | ० |

श्रोत:- पर्यटक प्रहरी कार्यालय, भृकुटी मण्डप काठमाडौं

## ५.७ ढोरपाटन

ढोरपाटन शिकार आरक्ष बागलुङ जिल्लाको ढोरपाटन नगरपालिकामा पर्दछ ।यो नेपालको एक मात्र शिकार आरक्षण क्षेत्र हो । यहाँ वर्षको दुई पटक झारल र नाउरको शिकार गर्न विभिन्न देशबाट पर्यटकहरू आउने गर्दछन् । चारैतिर पहाडले घेरिएको ढोरपाटन उपत्यका उत्तरतर्फ बग्ने उत्तरगंगा

नदी, बराह मन्दिर, गुम्बा, हिमाली वन्यजन्तु, हिमाली वोटविरुवा लगायत प्रकृतिसँग रमाउनेहरूको लागि अनुपम आकर्षणको केन्द्रविन्दु बन्दै गएको छ। यातायातको सुविधाले गर्दा पनि यस क्षेत्रमा पर्यटकीय गतिविधि बढ्दै गएको छ । ढोरपाटनमा आउने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| आ. व. | आन्तरिक पर्यटक | | | बाह्य पर्यटक | | | कूल पर्यटक संख्या | संकलित राजस्व रु |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | |
| ७६/७७ | ११८ | १२७ | २४५ | १३ | ६२ | ७५ | ३२० | २४९५०० |
| ७७/७८ | ३७८१ | १९०१ | ५६८२ | १६ | ५ | २१ | ६७०३ | ६२९७०० |
| ७८/७९ | ५६९८ | ४१५७ | ९८५५ | ४८ | १६ | ६४ | ९९१९ | ११७४५०० |
| ७९/८० | — | — | ७५६७ | — | — | ७८ | ७६४५ | ९८३२०० |
| ८०/८१ | ८८७४ | ६५९३ | १५४६७ | ६९ | ३७ | १०२ | १५५७३ | १९३३७०० |

नोटः- शिकार पर्यटनबाट प्राप्त हुने राजश्व यसमा समावेश गरिएको छैन। श्रोतः- ढोरपाटन शिकार आरक्षको कार्यालय, बाग्लुङ ।

## ५.८ मनकामना केवलकार

मनकामना मन्दिर दर्शन गर्ने दर्शनार्थीलाई केन्द्र विन्दुमा राखी निर्माण गरिएको केवलकार गोरखाको शहिद लखन गाउँपालिकाको मनकामना र चितवन इच्छाकामना गाउँपालिकाको पृथ्वीराजमार्ग नजिकको कुरीनटारमा अवस्थित छ । २.७ कि. मि. लम्बाई रहेको यस केवलकार मार्फत १० मिनेटमा नै कुरिनटारबाट मनकामना पुग्न सकिन्छ । मनकामना केवलकार मार्फत मनकामना दर्शन गर्ने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छः

| आर्थिक वर्ष | आन्तरिक | बाह्य | जम्मा |
|---|---:|---:|---:|
| २०७६/०७७ | ५४८८९८ | १५९४५६ | ७०८३५४ |
| २०७७/०७८ | २३८६३९ | ८०९५ | २४६७३४ |
| २०७८/०७९ | ७३६५७९ | १७६९९२ | ९१३५७१ |
| २०७९/०८० | ७९३६३७ | २९८१८८ | १०९१८२५ |
| ०८०/०८१ | ७३७२९३ | ३६२६४४ | १०९९९३७ |

श्रोतः- मनकामना दर्शन प्रा. लि.

## ५.९ प्रदेश संग्रहालय पोखरा

क्षेत्रीय विकासको सन्तुलनमा टेवा पुऱ्याउने, संस्कृतिको संरक्षण र पर्यटन उद्योगको विकास गर्ने उद्देश्यले क्षेत्रीय संग्रहालय पोखराको स्थापना गरिएको थियो । राजनीतिक परिवर्तन पश्चात वि. सं. २०७५ भाद्र २४ देखि प्रदेश संग्रहालयमा रुपान्तरण गरियो ।

यो संग्रहालय सुन्दर पर्यटकीय नगरी पोखराको मुटु पोखरा महानगरपालिका वडा नं. ९, नयाँबजारमा अवस्थित छ ।यस संग्रहालयमा ४ वटा प्रदर्शनी कक्ष, सुन्दर बगैंचा, बालउद्यान र पार्किङ स्थल छन् । गण्डकी प्रदेशमा बसोबास गर्ने विभिन्न जातजातिका जीवनशैली, भेषभुषा, गरगहना, बाजागाजा, कृषि औजार, जातिहरूको प्रतिकृति, देवीदेवताका मूर्तिहरू तथा संस्कृति सम्बन्धी विभिन्न सामाग्रीहरू यस संग्रहालयमा संकलित तथा प्रदर्शित छन् । मुस्ताङ जिल्लाको उत्खनन्बाट प्राप्त पुरातात्त्विक सामाग्रीहरू प्रदर्शनको लागि राखिएको छ । यस संग्रहालयमा आएका पर्यटकहरूको विवरण तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | आन्तरिक | बाह्य | जम्मा | राजस्व रु. |
|---|---|---|---|---|
| २०७६/०७७ | ४३९० | १४३५ | ५८२५ | १६८७३५ |
| २०७७/०७८ | ८५७ | ४० | ८९७ | १८३१० |
| २०७८/०७९ | ८४६७ | ८०० | ९२६७ | १६२८६० |
| २०७९/०८० | १४२९४ | १३२१ | १५६१५ | २८४८३५ |
| ०८०/०८१ | १७००२ | ११३३ | १८१३५ | ३१४६८० |

श्रोतः- प्रदेश संग्रहालय पोखरा

## ५.१० अन्नपूर्ण केवलकार

अन्नपूर्ण केलकार पोखरा महानगरपालिका १८ फेवातालको किनारा नजिकै सेदीमा रहेको छ । यसले पोखरामा आएका पर्यटकहरूलाई लेकसाइडबाट २.२ कि.मि. दुरी पारगरी सराङकोटसम्म पुग्न सहयोग गर्दछ । त्यहाँ ४८ फिट अग्लो पन्चमुखी गणेशको मूर्ति र पुरानो शिव मन्दिरको दर्शन गर्न सकिन्छ । साथै सराङकोट भ्यू टावरबाट फेवाताल, पोखरा उपत्यका लगायत हिमश्रृङ्खलाहरूको दृश्यावलोकन गर्न सकिन्छ ।यस केवलकार मार्फत सेवा लिने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | स्वदेशी | विदेशी | जम्मा |
|---|---|---|---|
| २०७८/०७९ | ५२७९८ | १०१६६ | ५२७९८ |
| २०७९/०८० | ८७२३२ | ४१४४६ | १२८६७८ |
| ०८०/०८१ | ७२६८७ | २१३७७ | ९४०६४ |

श्रोतः- अन्नपूर्ण केवलकार प्रा,लि. पोखरा

## ५.११ द क्लिफ नेपाल पर्वत

द क्लिफ नेपाल पर्वतले कुश्मा नगरपालिकाको कुश्मा र बागलुङ नगरपालिकाको वलेवा बिचमा रहेको कालीगण्डकी माथि विभिन्न किसिमका साहसिक खेलहरू मार्फत स्वदेशी र विदेशी पर्यटकहरूलाई आकर्षण गरिरहेको छ । यस संस्थाका अनुसार विश्वकै दोस्रो अग्लो बन्जी (२२८मि.), विश्वकै अग्लो पिङ (Tandem Swing 228m), विश्वकै अग्लो र लामो आकश साइकल (Sky Cycle228m height,300mlength), २५५मि. उचाइमा रहेको स्काई क्याफे, अन्य साहसिक खेलहरू र डिलक्स कटेजहरूको व्यवस्था रहेको छ । विभिन्न क्रियाकलापहरूमा सहभागी भएको जम्मा पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छः

| आर्थिक वर्ष | आन्तरिक | | | बाह्य | | | दुबैको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| २०७७/०७८ | १३०८० | २३२५४ | ३६३३४ | २८५ | १२० | ४०५ | ३६७३९ |
| २०७८/०७९ | १७७८२ | २६६७३ | ४४४५५ | ४२३ | २२८ | ६५१ | ४५१०६ |
| २०७९/०८० | १६९८८ | २५४८१ | ४२४६९ | ६१६ | ३७८ | ९९४ | ४३४६३ |
| ०८०/०८१ | १६१५० | २४२२५ | ४०३७५ | ६८८ | ५६३ | १२५१ | ४१६२६ |

श्रोतः- द क्लिफ नेपाल पर्वत, कुश्मा

## ५.१२ हाइग्राउण्ड एडभेन्चर प्रा. लि.

पोखरा आउने स्वदेशी तथा विदेशी पर्यटकहरूलाई लक्षित गरि हाइग्राउण्ड एडभेन्चर प्रा.लि.ले बन्जी (80m clif), जिपफ्लाएर, ATV Fun trail, SkyScreamer, Tandem Bungee and Sunrise Zipline जस्ता साहसिक खेलहरू खेलाउदै आएको छ। विभिन्न साहसिक खेलहरूमा आएका पर्यटकहरू संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| विदेशी | ५०८९ | ४७०० | ५९४५ | ८५०० | ६००२ |
| स्वदेशी | ३८०० | ३३०० | ४६०० | ५०८९ | ५२३८ |
| जम्मा संख्या | ८८८९ | ८००० | १०५४५ | १३५८९ | ११२४० |

श्रोतः- हाइग्राउण्ड एडभेन्चर प्रा. लि.

## ५.१३ शाश्वत धाम वा सिजी मन्दिर

यो मन्दिर देवचुली नगरपालिकाको वडा नं ३ दुम्कौलीमा अवस्थित छ । पूर्व पश्चिम राजमार्गसँग जोडिएको समुन्द्र सतहदेखि १९६ मि. उचाइमा अवस्थित शाश्वत धाम ७ विघा क्षेत्रफलमा फैलिएको र मध्य भागमा विश्वमै प्रसिद्धि कमाएको खजुरावान शैलीमा बनेको बुट्टेदार तथा अत्यन्तै मनमोहक एकम्बरेश्वर शिव मन्दिर रहेको छ। मन्दिरलाई चारैतिरबाट सर्वतिर्थ सरोवर तालले घेरेको छ । जहाँ बद्री, केदार, हरिद्वार, मुक्तिनाथ र पशुपतिनाथ प्रसिद्ध धार्मिक तिर्थस्थलबाट ल्याइएको जल मिसाइएको छ ।शाश्वतधाम मन्दिर देवचुली, नवलपरासी (ब.सु.पू.) मा दर्शन गर्न आएका पर्यटककहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| जम्मा संख्या | ९३७५०२ | ४३८००४ | ३९०९२७ | ३३७८४६ | ३९१५४१ |

## ५.१४ मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति

नवलपरासी (ब.सु.पू.) जिल्ला अन्तर्गत पर्ने चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिहरू मार्फत जंगल सफारीमा जाने पर्यटकहरूको संख्या सामुदायिक वन अनुसार तल तालिकामा प्रस्तुत गरिएको छ :

### ५.१४.१ कृष्णसार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| बाह्य | ० | ० | ० | ४०४ | ६२१ |
| आन्तरिक | ० | ० | ० | १५० | १९९ |
| जम्मा संख्या | ० | ० | ० | ५५४ | ८२० |
| संकलित राजस्व | ० | ० | ० | ११५४०० | १६१६०० |

### ५.१४.२ गुन्द्रही ढकाहा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| बाह्य | २७०६ | २९१ | १५७७ | १९८३ | ३१०९ |
| आन्तरिक | ५७७८ | ७३२ | १६७८ | ५१८८ | ८१३३ |
| जम्मा संख्या | ८४८४ | १०२३ | ३२५५ | ७१७१ | ११२४२ |
| संकलित राजस्व रु. | २२७५००५ | २२४८८० | ९५६३०० | १५१०३०० | २५५९५०० |

### ५.१४.३ शान्तिकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| बाह्य | ५० | ७० | ९० | १०० | १५० |
| आन्तरिक | २० | ४० | ५० | २०० | ३०० |
| जम्मा संख्या | ७० | ११० | १४० | ३०० | ४५० |

### ५.१४.४ नमुना मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| बाह्य | १४९५ | ० | १५ | १५० | ४७५ |
| आन्तरिक | २६७ | ३२७ | ३४७ | ६६३ | ९१२ |
| जम्मा संख्या | १७६२ | ३२७ | ३६२ | ८१३ | १३८७ |
| संकलित राजस्व रु. | ९२१०५० | ५६७०० | ५७७०० | १९१९५० | ४०९६०० |

### ५.१४.५ दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिबाट अनुमति लिएर सफारी गरेका पर्यटकहरूको आ.व. अनुसारको संख्या

| आ. व. | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|---|---|
| बाह्य | ० | ० | ० | ८ | ३१ |
| आन्तरिक | ८३ | ५८ | ९० | २१० | ६६०० |
| जम्मा संख्या | ८३ | ५८ | ९० | २१८ | ६६३१ |

## ५.१५ नवलपरासी (ब.सु.पू.) जिल्ला अन्तर्गत रहेको चितवन राष्ट्रिय निकुञ्ज अमलटारी खण्डबाट चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गरेका पर्यटकहरूको संख्या

चितवन राष्ट्रिय निकुञ्ज गण्डकी प्रदेशको नवलपरासी (ब.सु,पू.) र बाग्मती प्रदेशको चितवन जिल्ला र मधेश प्रदेशको पर्सा जिल्लामा ९५२.६३ व. कि.मि. मा फैलिएको छ ।यो निकुञ्ज विश्व सम्पदा सुचीमा सुचिकृत छ ।यस निकुञ्जको धेरै भाग चितवनमा पर्ने र पर्यटकहरू पनि धेरै चितवन जिल्लामा नै घुम्न जान्छन् । पछिल्लो समयमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई सुविधाहरू बढ्दै गएकोले नवलपरासी (ब.सु.पू.) खण्डमा पनि पर्यटकहरूको संख्या क्रमश बढ्दै गएको देखिन्छ । यस निकुज्जमा जंगल सफारी मार्फत गैडा, बाघ, मृग लगायत विभिन्न जंगली जनावर र चराचुरुङ्गीको अवलोकन प्रमुख आकर्षणको केन्द्रविन्दु रहेको छ । यस क्षेत्रमा आउने पर्यटकहरूको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ :

| आ. व. | आन्तरिक | | | बाह्य | | | संकलित राजस्व रु. |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| ०७७/०७८ | ० | ० | ० | ० | ० | ० | ० |
| ०७८/०७९ | ० | ० | ७९५ | ० | ० | १०९ | ३२५२५० |
| ०७९/०८० | ० | ० | ७८० | ० | ० | ७३५ | १५१७००० |
| ०८०/०८१ | ० | ० | १११४ | ० | ० | २६९३ | ५३१८१०० |
| ०८१/०८२ | ४८४ | ३११ | ७९५ | ११२६ | १२९४ | २४२० | ४८२२२५० |

श्रोत:- चितवन राष्ट्रिय निकुञ्ज, अमलटारी खण्ड नवलपरासी (ब.सु.पू.) ।

## ५.१६ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट प्राप्त उडान तथ्याङ्क

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल गण्डकी प्रदेशलाई देशको राजधानी सहित ठूला शहरहरूलाई जोड्ने प्रमुख विमानस्थल हो । यस प्रदेशको पर्यटन प्रबर्धनमा यस विमानस्थलको ठूलो भूमिका रहेको छ ।पोखरा विमानस्थलबाट प्राप्त भएको उडान संख्या, स्वदेशी र विदेशीको आगमान तथा प्रस्थान संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| वर्ष | उडान संख्या | | स्वदेशी | | विदेशी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | आगमन | प्रस्थान | आगमन | प्रस्थान | आगमन | प्रस्थान | |
| २०२० | ५५५८ | ५५६० | ११९३५८ | ११२०७७ | ९३३८ | १६२४७ | पुरानो विमानस्थल |
| २०२१ | ९६३२ | ९६३४ | २६३९४९ | २५७९४६ | ३४९० | ४५५९ | पुरानो विमानस्थल |
| २०२२ | १७६७८ | १७६८५ | ३९९९९८ | ४०२३६२ | ३५५४२ | ४५६३४ | पुरानो विमानस्थल |
| २०२३ | ७८६५ | ७८३४ | ३८४५२३ | ३८६८३१ | ४९४१८ | ७५६७२ | अन्तर्राष्ट्रिय विमानस्थल मात्र |
| २०२४ | १३७१४ | १३७१६ | ४२०६९४ | ४२७७५३ | ७३३०२ | १०२५५० | अन्तर्राष्ट्रिय विमानस्थल र पुरानो विमानस्थल |

श्रोत:- पोखरा अन्तर्राष्ट्रिय विमान स्थल

## ५.१७ महेन्द्र गुफा

पो..म.न.पा. वडा नं. १६ बाटुलेचौरमा अवस्थित महेन्द्र गुफाको लम्वाई करिव १२५ मी. रहेको अनुमान छ । गुफा भित्र विभिन्न मूर्ति आकार, शिवलिङ्ग, गणेश आदिका स्वत निर्मित आकृतिहरू रोचक तथा आकर्षक देखिन्छन् । महेन्द्र गुफा घुम्न आउने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| वर्ष | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| स्वदेशी | २२३४१६ | ८५९८२ | २१०६२० |
| विदेशी | ५५३९९ | ४००४ | ५८६२९ |
| जम्मा संख्या | २७८८१५ | ८९९८६ | २६९२४९ |

श्रोत:- विन्धवासिनी मा वि बाटुलेचौर

## ५.१८ चमेरे गुफा

यो गुफा पोखरा महानगरपालिका वडा नं. १६ बाटुलेचौर, महेन्द्रगुफा नजिकै रहेको छ । यहाँ स्तनधारी वर्गमा पर्ने चमेराको वासास्थान भएकोले यस गुफाको नाम चमेरे गुफा रहेको हो । यहाँ फरक फरक प्रजातिका दशहजार भन्दा बढी चमेराहरू पाइन्छन् । चमेरे गुफा घुम्न आउने पर्यटकहरूको संख्या तालिकामा प्रस्तुत गरिएको छ :

| वर्ष | २०७६ | २०७७ | २०७८ |
|---|---|---|---|
| स्वदेशी | १५५५२५ | ५६९९१ | १३८८३० |
| विदेशी | २७००९ | २२३६ | २५४२८ |
| जम्मा संख्या | १८२५३४ | ५९२२७ | १६४२५८ |

श्रोत:- विन्धवासिनी मा वि बाटुलेचौर

## ५.१९ अन्नपूर्ण संरक्षण क्षेत्र

अन्नपूर्ण संरक्षण क्षेत्र पर्यटकहरूको लागि आकर्षक र रमणीय हुनुमा यहाँको प्राकृतिक सुन्दरता, भौगोलिक बनावट, मानव बस्ती, जैविक र सांस्कृतिक विविधताको प्रमुख भूमिका छ । यी सबैको अनुपम संगमले नै अन्नपूर्ण क्षेत्रमा परेको अन्नपूर्ण पदयात्रा मार्ग विश्वकै दश उत्कृष्ट पदयात्रा मार्ग मध्ये एक हो । अग्ला र सुन्दर हिउँ चुचुराहरू, मुख्य गरी अन्नपूर्ण प्रथम, दोस्रो, तेस्रो, चौथो, अन्नपूर्ण दक्षिण, माछापुच्छ्रे हिमाल, लमजुङ हिमाल, असंख्य छहराहरू, हिमनदीहरू, लालीगुराँसका जङ्गलहरू

साथै मनै लोभ्याउने माथिल्लो मुस्ताङका सिमावर्ती हिमालय क्षेत्र साथै अनुपम भू बनोट र पौराणिक कला तथा संस्कृति नै अन्नपूर्ण संरक्षण क्षेत्रको परिचय हो ।

यस क्षेत्रको प्राकृतिक, सांस्कृतिक वातावरण जोगाउन तथा पर्यटकको सेवा, सुरक्षामा स्थानीय जनताहरूको सहकार्यमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले मुख्य भूमिका निभाउँदै आएको छ । यो संरक्षण क्षेत्र कास्कीको उत्तरी क्षेत्र, म्यागदीको उत्तर पूर्वी क्षेत्र, मुस्ताङ, मनाङ र लमजुङ जिल्लाको उत्तर क्षेत्र गरी ७६२९ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको अनुसार २०२२ मा १६० देश, २०२३ मा १७२ देश र २०२४ मा १७१ देशका पर्यटकहरूले यो क्षेत्रको भ्रमण गरेको तथ्याङ्कले देखाउँछ ।

## ५.१९.१ अन्नपूर्ण संरक्षण क्षेत्रमा विभिन्न वर्षमा आएका विदेशी पर्यटकहरूको विवरण

| महिना | वर्ष (इ.सं.) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०२२ | | | २०२३ | | | २०२४ | | |
| | सार्क | विदेशी | मासिक जम्मा | सार्क | विदेशी | मासिक जम्मा | सार्क | विदेशी | मासिक जम्मा |
| जनवरी | ४५२ | ४६७ | ९१९ | ११७० | २२८६ | ३४५६ | २३७८ | ३१५१ | ५५२९ |
| फेब्रुअरी | ५६६ | १०५४ | १६२० | २६५० | ३७०५ | ६३५५ | ३७५२ | ५५७४ | ९३२६ |
| मार्च | ७२६१ | ४९६० | १२२२१ | १०९५३ | १२७२० | २३६७३ | १४६६५ | १५५३२ | ३०१९७ |
| अप्रिल | १३५१५ | ७२३७ | २०७५२ | २०२२५ | १५०१२ | ३५२३७ | १६३३५ | १७५७७ | ३३९१२ |
| मे | १४२५२ | ३८१४ | १८०६६ | १७९५९ | ५६०१ | २३५६० | २९५२७ | ६९०१ | ३६४२८ |
| जुन | ७६९६ | १०५० | ८७४६ | १००६२ | १५९५ | ११६५७ | १७१७० | २०९१ | १९२६१ |
| जुलाइ | १६१३ | १५०४ | ३११७ | ३४५० | १५६९ | ५०१९ | ३३५६ | १८९३ | ५२४९ |
| अगस्त | १७९६ | २१४३ | ३९३९ | २०४५ | २६२० | ४६६५ | ३३८३ | २९३१ | ६३१४ |
| सेप्टेम्बर | ७३५० | ८९३८ | १६२८८ | ९१३५ | १००४० | १९१७५ | ११६८२ | ११४०७ | २३०८९ |
| अक्टोबर | ६५१७ | १५९४४ | २२४६१ | ९५०८ | २०८५८ | ३०३६६ | ११२३० | २४२८१ | ३५५११ |
| नोभेम्बर | ४८७१ | ९६५४ | १४५२५ | ५५३९ | १२७८७ | १८३२६ | ९९२६ | १४४९७ | २४४२३ |
| डिसेम्बर | ३२०१ | ३७२८ | ६९२९ | ४८७२ | ५२१२ | १००८४ | ८७०१ | ६०६५ | १४७६६ |
| वार्षिक जम्मा | ६९०९० | ६०४९३ | १२९५८३ | ९७५६८ | ९४००५ | १९१५७३ | १३२१०५ | १११९०० | २४४००५ |

श्रोत:- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.२ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको लैङ्गिकता अनुसारको विवरण

| महिना | वर्ष (इ.सं.) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०२२ | | | २०२३ | | | २०२४ | | |
| | पुरुष | महिला | अन्य | पुरुष | महिला | अन्य | पुरुष | महिला | अन्य |
| जनवरी | ६८७ | २३२ | ० | २१७० | १२८६ | ० | ३३९३ | २१३४ | २ |
| फेब्रुअरी | ९७२ | ६४८ | ० | ३६२१ | २७३३ | १ | ४९६३ | ४३६२ | १ |
| मार्च | ६४४४ | ५७७६ | १ | १२०६५ | ११६०१ | ७ | १५४८७ | १४७०४ | ६ |
| अप्रिल | १०५६९ | १०१८० | ३ | १७५६० | १७६७२ | ५ | १७५६९ | १६३३५ | ८ |
| मे | ९१११ | ८९५३ | २ | ११९६० | ११५९३ | ७ | १८७०८ | १७७१९ | १ |
| जुन | ४४६१ | ४२८५ | ० | ६०२८ | ५६२६ | ३ | १०९२८ | ८३२९ | ४ |
| जुलाइ | १८४२ | १२७५ | ० | २९५१ | २०६६ | २ | ३०४४ | २२०२ | ३ |
| अगस्त | २२७३ | १६६६ | ० | २५५३ | २११२ | ० | ३६६१ | २६५३ | ० |
| सेप्टेम्बर | ८७०२ | ७५८३ | ३ | १०३१६ | ८८५५ | ४ | १२२९४ | १०७९० | ५ |
| अक्टोबर | १२७९५ | ९६५५ | ११ | १६९८३ | १३३६७ | १६ | १९७३४ | १५७८५ | ५ |
| नोभेम्बर | ८४१० | ६११२ | ३ | १०३५२ | ७९६९ | ५ | १३८६३ | १०५८१ | ६ |
| डिसेम्बर | ४१४५ | २७८३ | १ | ५८९९ | ४१८४ | १ | ९१९५ | ५५७० | ३ |
| वार्षिक जम्मा | ७०४११ | ५९१४८ | २४ | १०२४५८ | ८९०६४ | ५१ | १३२८३९ | १११९६४ | ४४ |

श्रोत:- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.३ अन्नपूर्ण संरक्षण क्षेत्र भित्र आएका पर्यटकहरूबाट संकलित राजस्व

| महिना | वर्ष (इ.सं.) | | |
|---|---|---|---|
| | २०२२ | २०२३ | २०२४ |
| | राजस्व रु. | राजस्व रु. | राजस्व रु. |
| जनवरी | २०८७००० | ८३७५००० | ११९८६००० |
| फेब्रुअरी | ३८५५००० | १४१४०००० | २०६५६००० |
| मार्च | २२९४६००० | ५००४०००० | ६१६४७००० |
| अप्रिल | ३६१२८००० | ६६२६३००० | ६९५२२००० |
| मे | २६४७५००० | ३६०६३००० | ५०८८८००० |
| जुन | ११५६३००० | १६२१०००० | २३९३६००० |
| जुलाइ | ६४१४००० | ८६११००० | ९१२४००० |
| अगस्त | ८५२९००० | १०१३५००० | १२२७७००० |
| सेप्टेम्बर | ३४६१०००० | ३९९४९००० | ४६२०८००० |
| अक्टोबर | ५५०९५००० | ७३३८४००० | ८४५१६३३० |

| महिना | वर्ष (इ.सं.) | | |
|---|---|---|---|
| | २०२२ | २०२३ | २०२४ |
| | राजस्व रु. | राजस्व रु. | राजस्व रु. |
| नोभेम्बर | ३४४७१००० | ४४३६४००० | ५३९५७०८१ |
| डिसेम्बर | १४९०५००० | २०७९७००० | २७२०९१०३ |
| वार्षिक जम्मा | २५७०७८००० | ३८८३३१००० | ४७१९२६५१४ |

श्रोत:- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.४ मुक्तिनाथ मन्दिरको दर्शन तथा भ्रमण गरेका पर्यटकहरूको विवरण

| वर्ष | सार्क | विदेशी | जम्मा |
|---|---|---|---|
| २०२० | ४,९८८ | १३,८०८ | **१८,७९६** |
| २०२१ | ७,०९३ | ९,०१२ | **१६,१०५** |
| २०२२ | ६९,२५३ | ६०,४८० | **१२९७३३** |
| २०२३ | ९७,५६८ | ९४,००५ | **१९१५७३** |
| २०२४ | १३२०८८ | ११११९५१ | **२४४०३९** |

श्रोत:- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.५ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको उद्देश्य अनुसारको विवरण

| क्र.सं. | उद्देश्य | वर्ष (इ.सं.) | | |
|---|---|---|---|---|
| | | २०२२ | २०२३ | २०२४ |
| १ | पदयात्रा | ९००६० | १३७८९२ | १८९८३२ |
| २ | धार्मिक | २९६५७ | ४१८८६ | ४०२४० |
| ३ | यात्रा | ६९३७ | ८९७५ | १०२६८ |
| ४ | रमाइलो | १४३३ | १२३१ | ९८७ |
| ५ | घुम्न | ६७६ | ८३७ | १३१४ |
| ६ | मोटरसाइकल | ४१० | ५०३ | ७४४ |
| ७ | पिकनिक | १८१ | ४९ | १४० |
| ८ | फोटो खिच्ने | १०३ | ७५ | १९४ |
| ९ | विदा मनाउने | ४६ | २६ | ५१ |
| १० | विशेष रुचि | १९ | २० | ५८ |
| ११ | खालिसमय | १८ | २६ | २३ |
| १२ | अन्य | १६ | ६ | २६ |
| १३ | चरा हेर्न | १५ | १ | १४ |
| १४ | अनुसन्धान/सर्वेक्षण | ६ | १ | ३० |
| १५ | र्याफ्टीङ | ३ | ० | ० |

| क्र.सं. | उद्देश्य | वर्ष (इ.सं.) | | |
|---|---|---|---|---|
| | | २०२२ | २०२३ | २०२४ |
| १६ | सिकाइ | २ | १३ | ० |
| १७ | शिक्षा | १ | ५ | ५२ |
| १८ | व्यापार | ० | १२ | ६ |
| १९ | ऐच्छिक | ० | १५ | १४ |
| २० | जलविद्युत काम | ० | ० | ५४ |
| | **जम्मा** | १२९५८३ | १९१५७३ | २४४०४७ |

श्रोतः- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.६ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने विदेशी पर्यटकहरूको पदयात्रा मार्ग अनुसारको विवरण

| क्र.सं. | पदयात्रा मार्ग | वर्ष (इ.सं.) | | |
|---|---|---|---|---|
| | | २०२२ | २०२३ | २०२४ |
| १ | अन्पूर्ण पद मार्ग (ABC) | १५५१७ | २८५२३ | ३६८१९ |
| २ | जोमसोम ट्रेक | ३५९६० | ३३२३४ | ५३५६० |
| ३ | जोमसोम मुक्तिनाथ ट्रेक | ६४५३४ | ९५१७५ | १२९४८३ |
| ४ | राउण्ड अन्नपूर्ण ट्रेक | २२९१५ | ३०८५० | ३७०१३ |
| ५ | सिकलेस ट्रेक | २९१ | ४११ | ७०६ |
| ६ | मर्दी हिमाल ट्रेक | ६४७७ | १००२५ | १४७८१ |
| ७ | माथिल्लो मुस्ताङ ट्रेक | ४२४६ | ३३२७ | ४२३४ |
| ८ | धम्पुस ट्रेक | १२२१ | १५३१ | २३४१ |
| ९ | खारपानी/तातोपानी ट्रेङ्क | १२८१ | २०९२ | ४०४३ |
| १० | माछापुछ्रे मोडल ट्रेक | ३२९ | ३०२ | ५८१ |
| ११ | घोरेपानी/पुनहील ट्रेक | ११३६७ | २१८४९ | २४७६३ |
| १२ | घोरेपानी/घान्द्रुक सर्किट ट्रेक | ५८९६ | १०५०९ | १२८०७ |
| १३ | खयर बराह ट्रेक | ९५३ | १२३० | १५११ |
| १४ | अन्य ट्रेक | २९२५ | ४७७७ | ५५५८ |
| १५ | मनाङ ट्रेक | ९९६ | २५३६ | ३९२३ |
| १६ | घलेगाउँ/घनपोखरा/ भुजुङ ट्रेक | २११ | ४०२ | ८३८ |
| १७ | घलेखर्क सिकलेस इको ट्रेक | १८० | ४०७ | ६०५ |
| १८ | नार फू ट्रेक | ५१३ | १०७९ | ११६५ |
| १९ | तिलीचो ताल ट्रेक | ५६३ | १४१४ | २१६९ |
| | वार्षिक जम्मा | १७६३७५ | २४९६७३ | ३३६९०० |

श्रोतः- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

## ५.१९.७ अन्नपूर्ण संरक्षण क्षेत्रमा आउने पर्यटकहरूको राष्ट्रियता अनुसारको विवरण

| क्र. सं. | देशको नाम | वर्ष (इ.सं.) | | | क्र. सं. | देशको नाम | वर्ष (इ.सं.) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०२२ | २०२३ | २०२४ | | | २०२२ | २०२३ | २०२४ |
| १ | भारतीय | ६७९२५ | ९६१८७ | १२९७६० | २१ | सिङ्गापुरीयन | ८१७ | १३०८ | १८६३ |
| २ | फ्रेन्च | ६७७४ | ८५२६ | ९२५१ | २२ | अष्ट्रियन | ७९१ | १०२९ | १०६४ |
| ३ | वेलायती | ५६५६ | ७१७४ | ७६२९ | २३ | चाइनिज | ५०४ | ६३२३ | १०१८० |
| ४ | अमेरीकन | ५६५० | ७२९५ | ८६२८ | २४ | स्वीडिस | ४४२ | ५७४ | ५३३ |
| ५ | जरमन | ५५८५ | ७६४१ | ७८०२ | २५ | आइरिस | ३९४ | ५६१ | ६५० |
| ६ | इजरायली | ३४८० | २९९३ | ४५२५ | २६ | स्लोभाक | ३४८ | ४०३ | ४४३ |
| ७ | डच | ३२५९ | ४४०७ | ४८८२ | २७ | न्यूजिल्यान्डर | ३२५ | ७७४ | ९३४ |
| ८ | स्पेनिस | २९५९ | ३५२८ | ३३९७ | २८ | हङ्गेरीयन | ३०८ | २९६ | २९२ |
| ९ | अष्ट्रेलियन | २२४३ | ५१२६ | ५९५२ | २९ | भियतनामिज | ३०५ | ३४७ | ३२८ |
| १० | इटालियन | २०२१ | ३४८४ | ३८०८ | ३० | नर्वेजियन | २६२ | ५२८ | ६३३ |
| ११ | रसियन | २०१४ | ३२८२ | ३७१५ | ३१ | पार्तुगुज | २५५ | ३७९ | ३४८ |
| १२ | दक्षिण कोरीया | १९४५ | ४९५६ | ६२९५ | ३२ | इरानियन | २२४ | २१२ | २२६ |
| १३ | मलेसियन | १७४५ | ३०५० | ४४७० | ३३ | इन्डोनेसियन | २१७ | ५५१ | ७३४ |
| १४ | चेक | १२८६ | १३४० | १६४४ | ३४ | ब्राजिलियन | १८९ | ३१० | २३९ |
| १५ | पोल्याण्ड | १२५३ | २००१ | २५१५ | ३५ | फिनिस | १७१ | २४१ | २२५ |
| १६ | स्वीस | १२१३ | १६८२ | १६७१ | ३६ | लात्भियन | १६८ | १५१ | २३९ |
| १७ | क्यानेडीयन | १०९४ | १९५६ | २१९६ | ३७ | रोमानियन | १६७ | २८८ | २६२ |
| १८ | वेल्जियन | १०६० | १६६२ | १७६८ | ३८ | दक्षिण अफ्रिकन | १६४ | १७९ | २३८ |
| १९ | बंगलादेश | १००५ | १११७ | १९८२ | ३९ | अन्य | ४४३७ | ८२११ | १११११२ |
| २० | थाइ | ८२८ | १५०१ | १६१५ | | **जम्मा पर्यटक** | १२९५८३ | १९१५७३ | २४४०४८ |
| | | | | | **देश संख्या** | | **१६०** | **१७२** | **१७१** |

श्रोत:- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना

# खण्ड छ

# गण्डकी प्रदेशका होटल तथा घरबास (होमस्टे) सम्बन्धी विवरण

गण्डकी प्रदेश पर्यटनको केन्द्र भएको र पर्यटन प्रबर्धनमा होटल क्षेत्रको प्रमुख भूमिका हुनाले होटल तथा होमस्टे सम्बन्धी तथ्याङ्कहरूलाई तल प्रस्तुत गरिएको छ :

## ६.१ गण्डकी प्रदेशमा रहेका घरबास (होमस्टे) को विवरण

### १ जिल्लाः- गोरखा

| क्र. सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | शहिद लखन गा. पा. | २ | ३ | ८४ | ७४ | १४८ |
| २ | पालुङटार न. पा. | ३ | १ | ६ | १५ | ३० |
| ३ | वारपाक सुलिकोट गा.पा. | २,७ | २ | २९ | ६३ | १२६ |
| ४ | अजिरकोट गा.पा. | १,४ | ४ | ३३ | ४६ | ९२ |
| ५ | धार्चे गा. पा. | ३,५ | ८ | ८७ | ११६ | २१९ |
| ६ | सिरानचोक गा.पा. | ७ | १ | ३५ | ३५ | ७० |
| ७ | गण्डकी गा.पा. | २ | १ | १० | २० | ४० |
| ८ | चुमनुव्री गा.पा. | ३ | २ | ४० | ८० | १६० |
| जम्मा | | | २२ | ३२४ | ४४९ | ८८५ |

### २ जिल्लाः- मनाङ

| क्र. सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | नासो | ४,८ | २ | ४१ | ८२ | १८० |

### ३ जिल्लाः- लमजुङ

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | दोर्दी | २,३,९ | ३ | १५ | ३० | ६४ |
| २ | क्होलासोथर | १,३,६,८,९ | ६ | ११५ | २८७ | ५४१ |
| ३ | राइनास | ९ | २ | २७ | ६२ | ७९ |
| ४ | वेशीशहर | २,३,६,१० | ६ | ७७ | १०२ | २२४ |
| ५ | सुन्दरबजार | ३,५,११ | ३ | २३ | ३३ | ६६ |
| ६ | मर्स्याङदी | ३,५,८ | ३ | ३५ | ६० | १४४ |
| जम्मा | | | २३ | २९२ | ५७४ | १११८ |

### ४ जिल्लाः- तनहुँ

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | देवघाट | १,२,३,४,५ | ६ | ११९ | ११९ | २१८ |
| २ | घिरिङ | २,३ | २ | ४६ | ५५ | ९० |
| ३ | आँबुखैरेनी | ५,६ | २ | २० | ३० | ७० |
| ४ | भानु | ५,९,११,१२,१३ | ८ | १३५ | १४२ | ३१० |
| ५ | बन्दिपुर | २,३,४,५६ | १० | १५५ | २४६ | ५३० |
| ६ | व्यास | ९,१०,११,१३,१४ | ६ | ६८ | ९८ | २०६ |
| ७ | म्याग्दे | १,७ | २ | २१ | ३२ | ६५ |
| ८ | शुक्लागण्डकी | २,१०,१२ | ७ | ९७ | ११२ | २४५ |
| ९ | भिमाद | २,५,७,९ | ४ | ७२ | ९६ | २२१ |
| जम्मा | | | ४७ | ७३३ | ९३० | १९५५ |

### ५ जिल्लाः- नवलपरासी (ब.सु.पू.)

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | मध्यविन्दु | १५ | १ | ८ | ८ | १६ |
| २ | हुप्सेकोट | ७ | १ | ८ | ८ | ८ |
| ३ | विनयी त्रिवेणी | १ | १ | ८ | ८ | १६ |
| ४ | देवचुली | १,१७ | २ | ३२ | ३२ | ६४ |
| ५ | कावासोती | ७,१०,१५ | ३ | ६० | ७३ | २०८ |
| ६ | वौदीकाली | २,६ | २ | १२ | १९ | ३८ |
| जम्मा | | | १० | १२८ | १४८ | ३५० |

## ६ जिल्लाः- कास्की

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | पोखरा | ११,१६,१८,२१,२२,२३,३१ | १३ | १२० | २१३ | ४३३ |
| २ | मादी | १,२,३,११ | ५ | ६० | १२६ | ३०९ |
| ३ | माछापुच्छ्रे | १,४,६,८,९ | १५ | १३९ | २७८ | ५६८ |
| ४ | अन्नपूर्ण | ४,८ | २ | १५ | ३२ | ७० |
| ५ | रुपा | ६ | १ | ५ | ९ | २० |
| जम्मा | | | ३६ | ३३९ | ६५८ | १४०० |

## ७ जिल्लाः- स्याङ्जा

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | आँधिखोला | १,२ | ३ | ३५ | ६४ | १५३ |
| २ | फेदीखोला | १,४,५ | ३ | १५ | २८ | ७० |
| ३ | पुतलीबजार | २,७,९,१२ | ७ | ५२ | १०४ | १९४ |
| ४ | अर्जुनचौपारी | २ | १ | ६ | ६ | १२ |
| ५ | भिरकोट | २,७,८ | ३ | ५७ | ६७ | ११४ |
| ६ | विरुवा | ७ | १ | १० | २० | ४० |
| ७ | वालिङ | ३,५,७,१०,१२,१४ | ६ | ६८ | १०८ | २२३ |
| ८ | गल्याङ | १,२,४,५,६,७,८,९,१०,११ | १७ | २२८ | २६२ | ४७९ |
| ९ | कालीगण्डकी | ३,६,७ | ३ | ३३ | ३३ | ७० |
| जम्मा | | | ४४ | ५०४ | ६९२ | १३५५ |

## ८ जिल्लाः- पर्वत

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | मोदी | १,२,३,४,५,६,७,८ | १५ | १२२ | २३९ | ४९९ |
| २ | जलजला | ५,६ | २ | ३० | ५६ | ११४ |
| ३ | कुश्मा | ३,११,१२,१३,१४ | ८ | ९८ | ९७ | १९० |
| ४ | फलेवास | २,३,५,८ | ४ | ४६ | ८९ | १५५ |
| ५ | महाशिला | १,२,३,४,५ | ८ | ६२ | ९१ | १७० |
| ६ | विहादी | १,५,६ | ५ | ४८ | १०६ | २१२ |
| ७ | पैयूँ | २,४ | ३ | २० | ६० | १०० |
| जम्मा | | | ४५ | ४२६ | ७३८ | १४४० |

### ९ जिल्लाः- बागलुङ

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | काठेखोला | ३,४,५,७,८ | ८ | ७० | ८२ | २५३ |
| २ | ढोरपाटन | २,५,६,९ | ७ | ३९ | ७८ | १५० |
| ३ | जैमिनी | ३,१० | ५ | २८ | ३५ | ७६ |
| ४ | गल्कोट | २,६,१०,११ | ४ | २० | २० | ७० |
| ५ | ताराखोला | ४,५ | २ | १० | १० | ४० |
| ६ | बरेङ | २ | १ | ५ | ५ | १० |
| ७ | बागलुङ | १० | १ | ९ | १९ | ६० |
| जम्मा | | | २८ | १८१ | २४९ | ६५९ |

### १० जिल्लाः- म्याग्दी

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | धवलागीरी | ३,७ | २ | १० | २५ | ५६ |
| २ | मालिका | ५ | १ | ५ | १३ | २२ |
| ३ | मंगला | १,३ | २ | ३२ | ३५ | ६६ |
| ४ | रघुगंगा | ३,५,६ | ४ | २३ | ३४ | ६८ |
| ५ | अन्नपूर्ण | ४ | १ | २२ | १५ | ३० |
| जम्मा | | | १० | ९२ | १२२ | २४२ |

### ११ जिल्लाः- मुस्ताङ

| क्र.सं. | गा.पा./न.पा. | वडा नं. | होमस्टे संख्या | घर संख्या | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|---|---|---|
| १ | ल्होघेकर दामोदरकुण्ड | १ | १ | ५ | १० | २० |
| २ | लोमान्थाङ | ४ | १ | ६ | १२ | २४ |
| ३ | घरपझोङ | ५ | १ | १२ | २४ | ४८ |
| जम्मा | | | ३ | २३ | ४६ | ९२ |

श्रोतः- सामुदायिक होमस्टे दर्पण गण्डकी प्रदेश

## ६.२ राष्ट्रिय होटल तथा रेष्टुरेन्ट सर्वेक्षण २०८०/०८१

राष्ट्रिय तथ्याङ्क कार्यालयले आ. व. ०८०/०८१ मा सञ्चालन गरेको होटल तथा रेष्टुरेन्ट सर्वेक्षणका अनुसार गण्डकी प्रदेशमा कुल होटल तथा रेष्टुरेन्टको संख्या, संलग्न जनशक्ति, सृजना गरेको रोजगारी, उक्त क्षेत्रले राज्यलाई दिएको योगदान र क्षमताको बारेमा यहाँ विवरणहरू प्रस्तुत गरिएको छ ।

### ६.२.१ प्रमुख सुचकहरू

| सि.नं. | क्षेत्र | होटल/रेष्टुरेन्ट संख्या | संलग्न जनशक्ति | रोजगारी | तलब, ज्यालामा भएको खर्च रु हजारमा | कूल मूल्य अभिबृद्धि रु हजारमा |
|---|---|---|---|---|---|---|
| १ | गण्डकी | १६९७६ | ४७६१८ | १२४६७ | २३८२७०८ | १३१८१०६४ |
| २ | नेपाल | १४२२२३ | ३८७७४७ | १०६४५९ | २०६१५०७६ | १०९२७०११२ |

### ६.२.२ होटल तथा रेष्टुरेन्टको दर्ता सम्बन्धी विवरण

होटल तथा रेष्टुरेन्ट सर्वेक्षणमा दर्ता भन्नाले स्थानीय, प्रदेश र संघिय सरकार मातहतका जुनसुकै कार्यलयमा दर्ता भएकोलाई दर्ता भएको भनिएको छ ।

| सि.नं. | क्षेत्र | दर्ताको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | | | प्रतिशत | | |
| | | भएको | नभएको | जम्मा | भएको | नभएको | जम्मा |
| १ | गण्डकी | १२२४२ | ४७३५ | १६९७६ | ७२.१ | २७.९ | १०० |
| २ | नेपाल | ८९७७८ | ५२४४४ | १४२२२३ | ६३.१ | ३६.९ | १०० |

### ६.२.३ होटल तथा रेष्टुरेन्टको प्रकृति अनुसार दर्ता सम्बन्धी विवरण

| क्र. सं. | क्षेत्र | दर्ता | जम्मा | तारे होटल | तारा नभएका होटल/लज | रिसोर्ट | होमस्टे | होस्टेल | रेष्टुरेन्ट | क्याटरीङ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गण्डकी | भएको | १२२४२ | १० | १६४० | २७ | ४४० | १७ | १००१९ | ८९ |
| | | नभएको | ४७३५ | ० | १३९ | ० | ११२ | ० | ४४८४ | ० |
| | | जम्मा | १६९७६ | १० | १७७९ | २७ | ५५२ | १७ | १४५०२ | ८९ |
| २ | नेपाल | भएको | ८९७७८ | १२६ | १०११७ | १२६ | ११६२ | १०४७ | ७६४०० | ८०१ |
| | | नभएको | ५२४४४ | ० | १८०२ | ० | १८३ | ० | ५०४५९ | ० |
| | | जम्मा | १४२२२३ | १२६ | ११९१९ | १२६ | १३४५ | १०४७ | १२६८५९ | ८०१ |

### ६.२.४ तारा होटलको बर्गिकरण अनुसार विवरण

| क्र. सं. | क्षेत्र | १ तारा | २ तारा | ३ तारा | ४ तारा | ५ तारा | ५ तारा डिलक्स | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | गण्डकी | ० | २ | २ | ५ | १ | ० | १० |
| २ | नेपाल | ११ | २९ | ३५ | ३३ | १७ | १ | १२६ |

### ६.२.५ कोठाको बर्गिकरण अनुसार उपलब्ध कोठा संख्या र प्रतिशत

| क्र.सं. | क्षेत्र | कोठा संख्या | | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | स्तरीय | डिलक्स | सुइट्स/भिल्ला | जम्मा | स्तरीय | डिलक्स | सुइट्स/भिल्ला |
| १ | गण्डकी | २०४९८ | ८९८ | १४० | २१५३६ | ९५.२ | ४.१ | ०.७ |
| २ | नेपाल | १०५१८० | ९३८२ | १५३९ | ११६१०१ | ९०.६ | ८.१ | १.३ |

# खण्ड सात

# गण्डकी प्रदेशका प्रमुख प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटकीय स्थलहरू

## ७.१ कास्की जिल्लाका पर्यटकीय स्थलहरू

### १. फेवाताल (लेकसाईड)



पर्यटकीय गन्तव्य पोखराको पर्यायवाची नामको रूपमा रहेको देशको दोश्रो ठूलो तथा सुन्दर ताल फेवाताल ४.४३ वर्ग कि.मी क्षेत्रफल तथा १८ कि.मी. को परिधिमा फैलिएर रहेको छ । तालको सुन्दरता यसमा पौडने माछापुच्छ्रे छाँयाले उजागर गरेको छ । तालको सफा पानी भित्र देखिने माछापुच्छ्रेको प्रतिविम्ब, वरिपरीको हरियो वन जंगल र पाखाहरूमा वसेका सुन्दर बस्तीहरूले गर्दा फेवातालको डुंगा सयर रमाइलो हुन्छ । यस तालको डुंगा व्यवसायबाट सयौ व्यक्तिहरूले रोजगारीको अवसर पाएका छन् । फेवातालको बीच भागमा रहेको तालवाराही मन्दिरले तालको सुन्दरता एवं पर्यटकको आगमनमा थप आकर्षण थपेको छ ।

### २. वेगनास ताल



कास्की जिल्लाको पोखरा महानगरपालिका- ३१ वेगनासमा नेपालको तेश्रो ठूलो ताल वेगनास ताल ३.७३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । अरु तालको तुलनामा सफा र स्वच्छ पानी देखिने

यो तालबाट अन्नपूर्ण र माछापुच्छ्रेको दृश्य प्रष्ट देखिने हुँदा यसले पर्यटकहरूको मन लोभ्याई रहेको छ ।

### ३. गुप्तेश्वर महादेव गुफा



पो.म.न.पा. वडा नं. १७ छोरेपाटन स्थित गुप्तेश्वर महादेव गुफा धार्मिक एवं प्राकृतिक पर्यटकीय स्थलको रूपमा प्रख्यात छ ।

### ४. सेती नदी



माछापुच्छ्रे हिमाललाई उद्गगम स्थल वनाई वगेको सेती नदी अन्य नदीहरू भन्दा छुट्टै प्रकृतिको छ । पोखराको बगर स्थित के.आई. सिंह पुलबाट पाताल प्रवेश गरी पृथ्वीनारायण क्याम्पस नजिक आईपुग्दा बाहिर निस्किन्छ र नदीपुरबाट पुनः पाताल प्रवेश गरी रामघाटमा देखिन्छ तथा रामघाटबाट पुनः पाताल प्रवेश गरी ढुङ्गे साँघु नजिक पुगी बाहिर निस्किन्छ । करिब २०० फिटभन्दा गहिरो खोँच बनाई वगेको यो नदी पर्यटकहरूको लागि दर्शनीय छ ।

### ५. विन्धवासिनी मन्दिर



पोखरा नगरको शोभा र गहनाको रूपमा रहेको विन्धवासिनी देवीको मन्दिर गण्डकी प्रदेशको प्रसिद्धी कमाउन सफल एवं विशेष महत्व राख्ने देवी देवताहरूमध्ये एक महत्वपूर्ण देवीको रूपमा मानिदै आएको छ । पोखरा नगरको चारै

तिर देखिने हिमालहरूको समेत दृश्यावलोकन गर्न सकिने गरी पोखराको केही उच्च स्थानमा अवस्थित यो प्रसिद्ध शक्तिपीठ पोखरा उपत्यकाको एक महत्वपूर्ण आकर्षण स्थलको रूपमा रहेको छ ।

## ६. पुम्दीकोट शिवालय मन्दिर



पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीकोटमा ५२ फिट अग्लो शिव मूर्ति मुख्य आकर्षणका रूपमा रहेको छ । महादेवको विशाल मूर्तिले धार्मिक पर्यटकको गन्तव्य स्थलका रूपमा विशिष्ट पहिचान बनाएको छ । त्यस स्थानमा सनातनकालदेखि भूमेश्वर महादेवको मन्दिर रहेको थियो भन्ने मान्यता छ । आठ हजार वर्गफिटको गोलाकार जगमा उक्त मुर्ति निर्माण भएको छ। नेपाल सरकारले उपलब्ध गराएको २२ रोपनी जग्गाको परिसरको भुइँतल्लामा ध्यान केन्द्रसहित गोलाकार जगको वरिपरि १०८ वटा शिवलिङ्ग, दोस्रो तल्लामा गणेशद्वारा शिवलाई परिक्रमा गर्दै गरेको मूर्ति राखिएको छ । सौर्य ऊर्जा विधिद्वारा सो परिक्रमा निरन्तररुपमा जारी रहनेछ । तेस्रो तल्लामा फाइबर ग्लासको पद्मासन अवस्थाको महादेवको मूर्ति स्थापना भएको छ । पोखराको छोरेपाटनबाट सात किलोमिटर दक्षिण पश्चिममा अवस्थित सो स्थलमा पुग्नका लागि नगर बससमेत सञ्चालन हुने गर्दछ । यस्तै पदयात्राको लागि पोखराको रानीवन, पुम्दीकोट, भुम्दीकोट, थाप्लेडाँडा हुँदै पञ्चासेसम्मको पुरानो बाटोलाई नयाँ पहिचान दिइ यस स्थानसम्म जानेबाटो निर्माण गरिएको छ । यस स्थानबाट पोखराको अधिकांश भाग र हिमश्रृङ्खलाहरू देख्न सकिन्छ । त्यसैले यो पोखराको प्रमुख पर्यटकीय तथा धार्मिक गन्तब्य बनेको छ ।

## ७. सराङकोट

सूर्योदय, सूर्यास्त, पोखरा उपत्यका एवं उत्तरी हिमश्रृङ्खलाको मनोरम दृश्य अवलोकन साथै प्याराग्लाइडिङ्को लागि प्रसिद्धि कमाएको सराङकोट ५५०० फिट उचाईमा रहेको छ । हाल

सराङकोट जानको लागि लेकसाइड सेदीवगरबाट सराङ्कोट सम्म केबलकारको सुविधा रहेको छ । सराङकोट प्यारा‌ग्लाइडिङको लागि प्रख्यात रहेको छ ।



## ८. माछापुच्छ्रे हिमाल



हाल सम्म आरोहणको लागि खुल्ला नगरिएको समुन्द्र सतह देखि ६९९३ मि. उचाइमा रहेको माछापुच्छ्रे हिमाल कास्की जिल्लामा पर्यटकको लागि आकर्षणको केन्द्र बनेको छ ।

## ९. अन्नपूर्ण हिमश्रृङ्खला

म्याग्दी र मनाङ् जिल्लाको सिमानामा पर्ने समुन्द्र सतह देखि ८०९१ मि. उचाइ रहेको अन्नपूर्ण हिमाल (प्रथम) सहित अन्नपूर्ण दोश्रो, तेश्रो र चौथोका साथै मनास्लु हिमालको श्रृङ्खलाको दृश्यावलोकन कास्की जिल्लाका अधिकांस स्थानहरूबाट गर्न सकिन्छ ।




## १०. पञ्चासे क्षेत्र

गण्डकी प्रदेश अन्तर्गतका कास्की, स्याङ्जा र पर्वत जिल्लाको संगम स्थल पञ्चासे धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय तथा जैविक विविधताले भरिपूर्ण क्षेत्रको रूपमा रहि आएको छ । यस क्षेत्रले नेपालको मध्ये पहाडी क्षेत्रको झण्डै ६ हजार हेक्टर वन क्षेत्रले ओगटेको छ । पञ्चासे क्षेत्र वरपर



बस्ने झण्डै १ लाख जनसंख्या पञ्चासेको प्राकृतिक श्रोत र सम्पदामा आश्रित छन् । यस क्षेत्र वर-पर मुख्य गरि ब्राह्मण, क्षेत्री, गुरुङ्ग, कामी, दमाई र सार्की आदिको बसोबास रहेको छ । यस क्षेत्रमा ठूलो जैविक विविधता युक्त वनक्षेत्र रहेको छ । यस क्षेत्रमा पाँच टाकुरा मिलेर बनेको धार्मिक तपोभूमि पञ्चधाम, पाँच मुख्य खोला हर्पन, रति, जरे, आँधी, सेती खोलाको उद्गम स्थल, एकै ठाउँबाट सबैभन्दा धेरै हिमश्रृङ्खला देखिने, विना मुलको पञ्चकोशी सरोवरमा चराले पात फाल्ने, धेरै सिमसार क्षेत्र, नेपालमा सबैभन्दा बढी सुनाखरी (सुनगाभा ११३ थरी) पाईने, लालीगुराँस, खसुर, चाँप, चन्दन लगायतका ६०० भन्दा बढि प्रजातिका वनस्पति पाईने र बाघ, भालु, मृग लगायत विभिन्न वन्यजन्तु, चराचुरुङ्गीको बासस्थान, बालाचतुर्दशी मेला लाग्ने तथा सिद्ध ऋषि मुनिहरूको तपोभूमि, श्रवण कुमारको समाधिस्थल तथा पञ्चपाण्डवहरूको वनवास क्षेत्र, र सूर्योदय र सूर्यास्तको मनमोहक दृष्य देखिने र सुन्दर, शान्त, मनोरम, शान्तिपूर्ण पवित्र स्थल शान्तिपुर र ग्रामीण जीवन शैली, रहनसहन र सँस्कृतिको केन्द्रको अद्भूत प्राकृतिक तथा सांस्कृतिक संगम रहेको छ ।

## ७.२ पर्वत जिल्लाका पर्यटकीय स्थलहरू

### १. हम्पालको धुरी/कालञ्जर पर्वत



पर्वतको जलजला गाउँपालिका वडा नं. ६ मा ३००० देखि ३५०० मि. उचाइ सम्म फैलिएको कालञ्जर पर्वत प्राकृतिक पर्यटकीय हिसाबले महत्वपूर्ण छ । पर्वतको

सबैभन्दा उच्च स्थानमा रहेको यस ठाउँबाट धवरागिरी, अन्नपूर्ण, नीलगिरी, गुर्जा, पुथा, माछापुच्छ्रे, मनास्लु लगायत १६ भन्दा बढी हिमालहरू र विभिन्न जिल्लाहरूको अवलोकन गर्न सकिन्छ । यस क्षेत्रमा निरमसी, पाँचऔले, सतुवा लगायतका बहुमुल्य जडीबुटी लगायत लेकाली जंगली जनावर तथा चराचुरुङ्गीहरू पाइन्छन् । साथै लालीगुराँसको जंगलले फूल्ने समयमा हम्पाललाई आकर्षक बनाउँछ ।

## २. गुप्तेश्वर गुफा



यो गुफा पर्वतको कुश्मा नगरपालिका ३ मा रहेको छ । सदरमुकामबाट १० मिनेटको पैदल यात्रापछि पुग्न सकिने यो गुफा डेढ किलोमिटर भन्दा लामो र सात तला भएको अलौकिक गुफा हो । शिव पार्वतीको मिलन भएको ठाउँका कारण यस गुफाको महत्व विशेष छ । यहाँ भित्र विभिन्न देवीदेवताका मूर्तिहरू र शिवलिङ्ग देख्न सकिन्छ । यहाँ बालाचतुर्दशी, महा शिवरात्री, एकादशी, माघे सक्रान्ति लगायतका चाडपर्वहरूमा विशेष मेला लाग्ने गर्दछ ।

## ३. मोदीबेणी धाम



दामोदर कुण्डबाट अविरल बग्दै आएको कालीगण्डकी नदी र अन्नपूर्ण हिमश्रृङ्खलाबाट बग्दै आएको मोदी नदीको संगम स्थल नै मोदीबेणी धाम हो । कुश्मा नगरपालिका ५ मा रहेको यो धाम सदरमुकामबाट पैदल १५ मिनेटमा पुग्न सकिन्छ । यहाँ भगवान नृसिंहको पुरानो मन्दिर लगायत

विभिन्न देवीदेवताका मन्दिरहरू निर्माण गरिएको छ। गंगा स्नान गरेपछि पवित्र भइने मान्यताका कारण विभिन्न चाडपर्वमा तिर्थालुहरूको ठूलो भिड लाग्दछ ।

## ४. डहरे देउराली



फलेवास नगरपालिकाको वडा नं. १,२,९ र स्याङ्जा आँधिखोला गाउँपालिकामा फैलिएको डहरे देउराली प्राकृतिक र धार्मिक पर्यटकीय दृष्टिकोण अत्यन्तै महत्वपूर्ण छ। सवारी साधानबाट पुग्न सकिने उच्च पहाडी क्षेत्रमा पर्ने यो पर्यटकीय स्थलबाट मनोरम हिमश्रृङ्खलाहरूको दृश्यावलोकन र पद यात्राका लागि महत्वपूर्ण छ। हरियाली लेकाली जंगल र स्वच्छ वातावरणले पर्यटकहरूलाई मन्त्रमुग्ध गराउँछ । हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र डहरे देउरालीमा नवरात्री, तीज र जनै पूर्णिमामा विशेष मेला लाग्ने गर्दछ। यहाँ कालो भालु, चितुवा, मृग जस्ता जंगली जनावर र कालिज, लामपुच्छ्रे, लुँइचे, तित्रा, ढुकुर लगायतका चराचुरुङ्गीहरू पाइन्छन् ।

## ५. सेतीबेणी शिला



पर्वत, स्याङ्जा र गुल्मीको संगमस्थल कालीगण्डकीको किनार विहादी गाउँपालिका ६ मा अवस्थित विश्वकै ठूलो शालिग्राम शिला धार्मिक दृष्टिले महत्वपूर्ण छ । ठूलो एकादशी, वैशाख संक्रान्ति, माघे संक्रान्तिमा तिर्थालुहरूको शालिग्राम शिला दर्शन गर्न उलेख्य मात्रामा आउँछन् । यहाँ स्नान गरि दर्शन गर्नाले मनोकामना पुरा हुने जन विश्वास छ ।

## ७.३ बागलुङ जिल्लाका पर्यटकीय स्थलहरू

### १. कालिका भगवती मन्दिर



बागलुङ कालिका भगवती मन्दिर जिल्ला सदरमुकाम नजिकै पोखरा बागलुङ सडकको नजिक बागलुङ नगरपालिकाको वडा नं. १ क्षेत्र भित्रको घना जंगलको बिचमा अवस्थित छ । यो ठाउँ शान्त र रमणीय छ । जो कोही पनि उक्त क्षेत्रमा प्रवेश गरेपछि आनन्द अनुभव गर्दछन् । यहाँ महाकाली, महालक्ष्मी, महासरस्वती लगायत शिवजीको पनि दर्शन गर्न सकिन्छ । कालिका भगवतीलाई भाकल गरि दर्शन गर्नाले मनोकांक्षा पुरा हुने जनविश्वास छ । यस मन्दिरमा देशका विभिन्न भागहरूबाट श्रद्धालु भक्तजनहरू आउने गर्दछन् । यहाँ प्रत्येक वर्ष बडा दशैं र चैते दशैंहमा दर्शनार्थिहरूको घुईंचो लागे पनि चैत्राष्टमीको दिनमा ठूलो चैते दशैं मेला लाग्ने गर्दछ । सो अवसरमा चैत्र नवमीका दिन देवीका मूर्तिहरू खटमा राखी शोभायात्रा गराइने चलन छ ।

### २. सर्वसिद्धि धाम पञ्चकोट



बागलुङ जिल्लाको सदरमुकाम देखि करिब ८ किलोमिटरको दुरीमा रहेको सर्वसिद्धि धाम पञ्चकोट बागलुङ नगरपालिका वडा नं. ६ मा पर्दछ । प्राचीन राजाहरूले स्थापना गरेका कोटहरू कारिकोट, माझकोट, संसारकोट, रायरायकोट आदिको प्रतिनिधित्व हुने गरि पञ्चकोट निर्माण गरिएको छ । यहाँ गण्डकी माताको मन्दिर, हनुमानको मुर्ति, सिसमहल लगायत विभिन्न देवीदेवताका मन्दिरहरू निर्माण भइसकेका छन् भने विश्वकै १०८ फिट अग्लो तामाको विश्वशान्ति कलश, पाँचहजार पाँच सय पचपन्न किलोको मुक्तिनाथ महाघण्ट लगायतका ठुला संरचनाहरू निर्माणको चरणमा रहेका

छन् । समुन्द्र सतहदेखि करिब एक हजार एक सय मिटरको उचाइमा रहेको पञ्चकोटबाट अन्नपूर्ण, धौलागिरी, निलगिरी लगायतका दर्जनभन्दा बढी हिमश्रृङ्खलाहरूको दृश्यावलोकन गर्न सकिन्छ । एक सय रोपनी भन्दा बढी क्षेत्रफलमा फैलिएको पञ्चकोट प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ । पछिल्लो समय धार्मिक र प्राकृतिक पर्यटनको हिसाबले उत्तम गन्तव्यको रुपमा पञ्चकोट विकास हुदै गएको छ ।

## ३. भैरवस्थान मन्दिर



भैरवस्थान मन्दिर बागलुङ नगरपालिका वडा नं. १२ अमलाचौरको उच्च डाँडामा अवस्थित छ । भुरे राजाको पालामा राज गरी रहेको यो मन्दिर नजिक कोटघर छ । जहाँ विजया दशमीको अघिल्लो दिन निकै ठूलो मेला लाग्दछ । बोकाको बलि चढाई मन्दिरको दर्शन गर्नाले मनोकामना पूरा हुने जनविश्वास छ । यसको आसपासमा सतल पौवा छन् । यहाँ प्रत्येक भाद्र महिनाको पहिलो मंगलबारको दिन ठूलो मेला लाग्ने गर्दछ भने प्रत्येक महिनाको पहिलो मंगलबार र शनिबारको दिनमा घाम ढल्कन थालेपछि मात्र सम्पूर्ण भक्तजनहरूबाट ल्याइएका पूजा सामाग्रीहरू बटुली क्रमशः पूजाआजा तथा भाकल र बलि चढाइने प्रथा हालसम्म प्रचलित छ । धार्मिक दृष्टिकोणले यसलाई काल भैरवको प्रतीकका रुपमा मानिएको पाइन्छ ।

## ४. श्रीधराचार्य शालग्राम संग्रहालय

वि.सं. २०४२ सालमा विभिन्न संघ संस्था तथा व्यक्तिहरूको दानबाट स्वामी श्री श्रीधराचार्यले मुक्तिनाथ क्षेत्र विद्याश्रम, तिरुपती बालाजी धामको स्थापना गर्नुभएको थियो । वि.सं. २०७५ सालमा स्वामी श्री ऋषि प्रपन्नाचार्यले शालग्राम महात्म्य ग्रन्थका प्रकाशक एवं शालग्राम संरक्षणका अभियन्ता स्वामी श्री श्रीधराचार्यको नामबाट तिरुपति मन्दिर परिसरमा भुमिगत श्रीधराचार्य शालग्राम संग्रहालयको स्थापना भएको हो । मुस्ताङको दामोदर कुण्ड देखि बग्ने कालीगण्डकी नदीमा मात्र पाइने शालग्राम

शिलाको संरक्षणको लागि बागलुङ नगरपालिका ४ कुडुँलेमा ७६ मिटर लामो सुरुङ निर्माण गरि भुमिगत शालग्राम संग्रहालय निर्माण गरिएको छ । सुरुङको प्रवेशद्वार नजिकै कृत्रिम भू बनोटको दामोदरकुण्ड



देखि त्रिवेणी सम्मका धार्मिक तथा सांस्कृतिक सम्पदाको नमुना देखाइएको छ । यस संग्रहालयमा गण्डक सभ्यताको प्रतिरुप, धार्मिक पुस्तकालय, ध्यानस्थल र बृत्तचित्र प्रदर्शनी कक्ष बनाइएको छ । हाल संग्रहालयमा चौबिस सय भन्दा बढी संख्यामा शालग्राम राखिएको छ । धार्मिक पर्यटन मार्फत यस संग्रहालयले यस क्षेत्रको विकासमा ठूलो भूमिका खेलेको छ ।

## ५. सत्यवती मन्दिर



सत्यवती मन्दिर बागलुङ जिल्लाको बरेङ गाउँपालिका वडा नं. ३ बाटाकाचौरमा अवस्थित छ । यस मन्दिरमा पूजापाठ गरि चर्को स्वरले कराएर वर मागेमा मनकामना पुरा हने जन विश्वास छ । मंसिरको देवाली पूर्णिमाको दिन यहाँ धार्मिक मेला लाग्ने गर्दछ भने प्रत्येक पूर्णिमाको दिन स्थानीयद्वारा पूजापाठ गर्ने चलन छ । यस मन्दिरमा छिमेकी जिल्लाहरू गुल्मी, पर्वत, कास्की, रुपन्देही, स्याग्दी, स्याङ्जा, अर्घाखाँची लगायत विभिन्न जिल्लाहरूबाट श्रद्धालु भक्तजनहरू पूजापाठका लागि आउने गर्दछन् । यस मन्दिरको परिसरमा एउटा ढुङ्गाको बिचमा रहेको कुवामा सदाबहार एकनासको पानी रहिरहन्छ ।

## ६. गाईघाट झरना

बागलुङ जिल्लाको ताराखोला गाउँपालिका वडा नं. १ मा गाइघाट झरना पर्दछ । करिब ५० मि. लामो झरनाको भित्रपट्टी करिब ४० जना मानिस अट्न सक्ने क्षमताको गुफा पनि रहेको छ ।



दरमखोलाको किनारमा अवस्थित झरना बाह्रै महिना सफा र कञ्चन हुन्छ । झरनामा आन्तरिक पर्यटकको संख्या दिनानुदिन बढ्दै गएका छन् । झरना वरिपरि पर्यटकीय संरचनाहरूको निर्माण कार्य भइरहेको छ ।

## ७. शोलेको धुरी



प्राकृतिक सौन्दर्यले भरिपूर्ण शोलेको धुरी तमानखोला गाउँपालिकामा अवस्थित पश्चिम बाग्लुङको अग्लो धुरी हो । यो धुरी समुन्द्र सतहबाट करिब ५ हजार फिट उचाइमा रहेको अनुमान गरिएको छ । यसको चुचुरोबाट म्याग्दी, रुकुम पूर्व, गुल्मी, पाल्पा लगायतका जिल्लाका अधिकांश भू भाग देख्न सकिन्छ । प्रचुर पर्यटकीय सम्भवना बोकेको यो धुरी उत्तरी बागलुङ र पश्चिम म्याग्दी जिल्लाको सिमानामा पर्दछ ।

## ८. घुम्टेको लेक



घुम्टेको लेक क्षेत्र पर्यटकीय हिसाबले बागलुङ जिल्लाकै गहनाको रुपमा गलकोट नगरपालिकामा रहेको छ । जुन पहाड १८० डिग्रीमा फैलिएको छ । ऐतिहासिक तथा साँस्कृतिक रुपमा प्रख्यात गलकोट नगरपालिकामा पर्ने यो पहाडले यस क्षेत्रको पर्यटनको विकासमा ठूलो योगदान पुऱ्याउन सक्छ । यस लेकमा दुई वटा पहाडका खण्ड छन् । जसलाई माथिल्लो घुम्टे र तल्लो घुम्टे भनिन्छ । अनौठो भू-बनोट भएको यस ठाउँबाट म्याग्दी र बागलुङका धेरै गाउँहरू तथा अन्य पहाडहरूको दृश्यावलोकन गर्न सकिन्छ ।

## ७.४ म्याग्दी जिल्लाका पर्यटकीय स्थलहरू

### १. गलेश्वर मन्दिर



म्याग्दी जिल्लाको बेनी नगरपालिका ९ मा अवस्थित गलेश्वर शिवालय मन्दिर धार्मिक पर्यटकीय दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण गन्तव्यको रुपमा परिचित छ । यो मन्दिर बेनीबाट ३ किलोमिटर उत्तरमा पर्दछ जुन समुन्द्री सतहदेखि ११०० मिटरको उचाइमा रहेको छ । कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै शिलामाथि रहेको गलेश्वर मन्दिर पुजाआजा र दर्शन गरेमा मनोकांक्षा पुरा हुने जनविश्वास रहेको छ । हिन्दु धर्मग्रन्थहरूका अनुसार भगवान शिवले सतिदेबीको मृत शरिर बोकेर हिड्ने क्रममा गलेश्वर आइपुग्दा सतिदेवीको गला पतन भएकोले गलेश्वर नाम रहन गएको किम्बदन्ती छ । मुक्तिनाथ मन्दिरको प्रवेशद्वारको रुपमा रहेको हुनाले पनि यहाँ श्रद्धालु भक्तजनहरू धेरै संख्यामा आउने गर्दछन् । यहाँ साउन महिनाको सोमबार, बालाचतुर्दशी, महाशिवरात्री पर्वका दिन विशेष मेला लाग्ने गर्दछ ।गलेश्वरमा जडभरतले ऋषिले तपस्या गरेको ओढार, राम मन्दिर र गायत्री मन्दिर रहेका छन् ।

### २. सिङ्गा तातोपानी कुण्ड



यो तातोपानी कुण्ड बेनी नगरपालिकाको वडा नं. ४ मा स्थित म्याग्दी नदीको किनारमा छ । बेनी बजारदेखि ८ किलोमिटर पश्चिममा रहेको यो ठाउँ प्राकृतिक स्वास्थ्य उपचारको कारणले महत्वपूर्ण रहेको छ । हाल स्वास्थ्य उपाचारमा आउने पर्यटकहरूलाई मध्य नजर गर्दै तलाउ बनाइ स्नान गर्न सहज

बनाइएको छ ।प्राकृतिक विरेनुनको गन्ध सहितको उक्त तातोपानीमा नुहाएमा छाला सम्बन्धी, चोट पटक लागेको, सुनिएको, गानो गोला, ग्याष्ट्रिक लगायत विभिन्न स्वास्थ्य समस्या समाधान हुने जन विश्वास छ ।

### ३. टोड्के



रघुगंगा ५, मंगला १, बेनी न,पा. १० मा पर्ने टोड्के पर्यटकीय दृष्टिले धेरै सम्भावना बोकेको यो ठाउँ समुन्द्र सतहबाट २४३० मिटरको उचाइमा रहेको छ । बेनी बजारबाट अर्थुङ्गे, पुलाचौर, डडुवा, पूर्णगाउँ हुदै १४ किलोमिटर पार गरी वा अन्य बैकल्पिक बाटा प्रयोग गरि टोड्के पुग्न सकिन्छ । फागुन चैतमा टोड्केको दायाँ र बायाँ रहेको जंगलमा ढकमक्क फूल्ने लालीगुराँस, शरद यामको शान्त वातावरण र त्यहाँबाट देखिने हिमश्रृङ्खलाका दृश्यहरू, पुष माघमा पर्ने सेताम्मे हिउँ, विहानको सूर्योदय र साँझको सूर्यास्त सँगै देखिने हिमालहरूको फरक फरक सौन्दर्यले पर्यटकलाई लोभ्याउँछ । गुर्जा, चुरेन, मानापाथी, धवलागिरी,



निलगिरी, अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । यहाँ सुविधा सम्पन्न होटलहरूका कारण पनि आन्तरिक तथा बाह्य पर्यटकहरूको उल्लेख्य रुपमा आउने गरेका छन् ।

### ४. झाँक्रीपानी

मंगला गाउँपालिकाको वडा नं ३ मा यो पर्यटकीय तथा रमणीय स्थल समुन्द्र सतहबाट २२८० मिटरको उचाइमा रहेको छ । बेनी बजार देखि सिगां तातोपानी, पखरे, बरंजाहुदै १८ किलोमिटरको दुरी पार गरि झाँक्रीपानी पुग्न सकिन्छ । यहाँबाट धौलागिरी, चुरेन, गुर्जा, मानापाथी, अन्नपूर्ण, निलगिरी र माछापुच्छ्रे हिमालहरूको अवलोकन गर्न सकिन्छ । सूर्योदय र ग्रामीण बस्तीहरूको



अवलोकन, बसन्त ऋतुमा पाखाभरी फुलेका लालिगुँरास र यहाँको छन्त्याल र मगर संस्कृति र जनजीवन पर्यटक आकर्षणका अर्का केन्द्र बिन्दुहरू हुन् । होमस्टेले पर्यटकहरूलाई खान र बस्नको राम्रो व्यवस्था गरेको छ ।

## ५. ताकमकोट

ताकमकोट धवलागिरी गाउँपालिकाको वडा नं. ७ मा समुंद्री सतहदेखि २५०० मिटरको उचाइमा रहेको छ । बेनीबजारबाट दरबाङ् हुदै ४५ किलोमिटर दुरी पार गरि यहाँ पुग्न सकिन्छ । बि. सं. १२४६देखि १५४५ सम्म थापा र १५४६ देखि १८४२ सम्म मल्ल राजाले बाइसे चौबिसे राज्य सञ्चालन गरेकाले इतिहास झल्कने हातहतियार भाडाकुँडाहरू देख्न सकिन्छ । अन्नपूर्ण र जगन्नाथको मुर्ति रहेको ताकमकोट म्याग्दीको



प्रमुख शक्तिपिठ हो । त्यसैले यो ऐतिहासिक तथा धार्मिक स्थल हो । यहाँ बडादशैं र चैते दशैंमा विशेष पुजाआजा हुने भएपनि अरु बेला पनि दर्शन तथा पुजाआजा गर्न सकिन्छ । यहाँबाट धौलागिरी, चुरेन, गुर्जा, मानापाथी, अन्नपूर्ण, निलगिरी र माछापुच्छ्रे हिमालहरूको साथै सूर्योदय र ग्रामीण बस्तीहरूको दृश्यावलोकन  गर्न सकिन्छ ।

## ६. नारच्याङ झरना



यो झरना अन्नपूर्ण गाउँपालिकाको वडा नं. ४ मा रहेको छ । बेनी बजार देखि नारच्याङ हुदै  ३० किलोमिटर दुरी पार गरि केही समयको पैदल यात्रापछि नारच्याङ झरना पुग्न

सकिन्छ । पहाडबाट झर्ने करिब ५०० मिटर अग्लो झरना र झरनामा इन्द्रेणीको पनि दृश्य देख्न सकिन्छ ।

## ७. मालिका धुरी



मालिका धुरी मालिका गाउँपालिका वडा नं. ७ मा ३४०० मिटरको उचाइमा रहेको छ । यस रमणीय ठाउँमा तल गुराँसको जंगल र पहाडको डाँडामा मालिका मन्दिर रहेको छ । यहाँबाट धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्खलाका दर्जन भन्दा बढी संख्यामा सुन्दर हिमालहरूको अवलोकन गर्न सकिन्छ । मालिका मन्दिरमा चण्डी पूर्णिमा, जेष्ठ पूर्णिमा र कात्तिक पूर्णिमामा विशेष पूजाआजा र दर्शन हुन्छ । मालिकामा कालिका, मालिका र जालपादेवीका मुर्तिहरू रहेका छन् ।मालिका धुरी नजिकै ठाँटी, तिर्थयात्री निबास, पदमार्ग, खानेपानी लगायतका पूर्वधारहरू निर्माण गरिएको छ ।मालिका मन्दिर जाने पदमार्गमा सुन्दर बिम बराह ताल एक रोपनी जग्गामा फैलिएर रहेको छ ।

## ८. पुनहिल/घोरेपानी



चक्रीय अन्नपूर्ण पदमार्गमा समेटिएको उत्कृष्ट पर्यटकीय स्थल पुनहिल अन्नपूर्ण गाउँपालिका वडा नं. ७ पर्दछ । समुन्द्री सतहबाट ३२१० मिटर उचाइमा रहको पुनहिल बेनीबजार देखि ४० कि. मि. यात्रामा घोडेपानी पुगेर ४५ मिनेटको पैदल यात्रा पछि पुगिन्छ । यो धौलागिरी र अन्नपूर्ण हिमश्रृङ्खलाका दर्जन भन्दा बढी सुन्दर हिमालहरू तथा सूर्योदयको दृश्यावलोकनका लागि विश्व प्रख्यात छ ।हिउँद याममा हिमपात र बसन्त ऋतुमा लालीगुराँसको घना जंगलको मनमोहकता यहाँको थप विशेषता

हो । विभिन्न ८ प्रजातिका लालीगुराँसको जंगलभित्र घोरेपानी बस्ती छ ।जहाँ सुविधा सम्पन्न होटलहरू छन् ।

### ९. रुप्से झरना/अन्धगल्छी



रुप्से जरुना र अन्धगल्छी दुबै अन्नपूर्ण गाउँपालिकाको वडा नं. ३ बेनी जोमसोम सडकको छेउमै रहेका छन् । बेनी बजारबाट ३७.६ किलोमिटर दुरीमा रहेका यी ठाउँमा पुग्न १ घण्टा ३० मिनेट लाग्दछ । तीन तहमा झर्ने रुप्से झरना पर्यटकको आकर्षणको केन्द्र विन्दु बनेको छ जुन  करिब ३०० मिटर अग्लो छ । अन्नपूर्ण र धौलागिरी हिमालको बिचबाट बग्ने कालीगण्डकीले कटान गरेर विश्वकै गहिरो अन्धगल्छी बनाएको छ । रुप्से झरनाको पानी त्यही गल्छीमा गएर मिसिन्छ ।यो खोंचको गहिराई ६९६७ मिटर छ । यहाँबाट नजिकै दाना र काभ्रेमा पर्यटकहरूका लागि होटलहरू छन् ।

## ७.५ मुस्ताङ जिल्लाका पर्यटकीय स्थलहरू

### १. लोमान्थाङ

लोमान्थाङ ७२७ वर्ग किलोमिटरमा फैलिएको एक पर्यटकीय ठाउँ हो । लोमान्थाङ गाउँपालिका मुस्ताङ जिल्लाको उत्तरी भेगमा पर्ने तिब्बतसँग सिमाना जोडीएको एक रमणीय भू भाग हो । लोमान्थाङ गाउँलाई पर्खालको शहरले पनि चिनिन्छ । लोमान्थाङ दरबार, विभिन्न गुम्बाहरू, तातोपानी,



राजानको दरबार, छ्यो ल्याङपो ताल आदि यहाँका प्रमुख पर्यटकीय आकर्षणहरू हुन् । लोमान्थाङलाई माथिल्लो मुस्ताङ क्षेत्रको नामले

पनि चिनिन्छ । कालीगण्डकी करीडोरले लोमान्थाङ हुदै कोरला नाका मार्फत तिब्बतलाई जोडेको छ । जसले गर्दा लोमान्थाङ नेपाल र तिब्बत बिचको व्यापारी केन्द्र बनेको छ । यहाँका मानिसहरूको धार्मिक तथा साँस्कृतिक चालचलन तिबतियन संस्कृतिसँग मिल्ने हुनाले सजिलैसँग तिबतियन संस्कृतिको अनुभव लिन सकिन्छ । प्राय मानिसहरू तिबतियन भाषा नै बोल्दछन् । यहाँ पत्ता लागेका ऐतिहासिक गुफा तथा दरबारहरूले यहाँको पर्यटकीय आकर्षणलाई अझ बढाउदै गएको छ । मुस्ताङको सदरमुकाम जोमसोम बजारबाट ५० किलो मिटरको दुरीमा रहेको यो ठाउँमा यातायातको साधान मार्फत सजिलै पुग्न सकिन्छ ।

## २. मुक्तिनाथ मन्दिर



यो मन्दिर बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा नं १ मा अवस्थित धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थल हो । यो ठाउँ मुस्ताङ सदरमुकाम जोमसोमबाट २३ किलोमिटरको दुरीमा पर्दछ। सवारी साधनबाट मुक्तिनाथको बसपार्क झरेपछि बिस्तारै २० मिनेटको पैदल यात्रा गरी मन्दिर पुग्न सकिन्छ । ३८०० मिटरको उचाइमा रहेको यो मन्दिर हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूको धार्मिक आस्थाको केन्द्रविन्दु वा हिन्दु र बौद्ध धर्मावलम्बीहरूको धार्मिक सहिष्णुताको प्रतिक हो ।यहाँ चैत्राष्टमी, रामनवमी, ऋषितर्पणी र दशैमा श्रद्धालु भक्तजनहरू धेरै संख्यामा आउने गर्दछन् । यो मन्दिर वरिपरी रहेका १०८ धारा, नर्साङ गुम्बा, बुद्ध मुर्ति आदि पर्यटकका प्रमुख आकर्षणका केन्द्रविन्दु हुन् ।

## ३. दामोदर कुण्ड

लो घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. ४ मा अवस्थित दामोदर कुण्ड हिन्दु धर्मावलम्बीहरूको धार्मिक आस्थाको केन्द्र रहेको छ । यो कुण्ड समुन्द्र सतहबाट ४८३४ मिटरको उचाइमा छ । विश्वको एक मात्र शालिग्राम शिला पाइने पवित्र स्थल पनि दामोदर कुण्ड नै हो । शालिग्रामलाई हिन्दु धर्मवालम्बीहरूले भगवान विष्णुको रुपमा पुजा गर्दछन् । श्रावण भाद्रमा यहाँ हरियाली हुँदा रमणीय देखिन्छ । यो ठाउँ साना तालहरूले घेरिएकोले यसको नाम दामोदर राखिएको हो ।

दामोदरकुण्ड पहेलो रङको देखिन्छ भने अन्य साना तालहरू रातो, निलो र सेतो देखिन्छन् । तालको वरिपरी देखिने विभिन्न दृश्यहरू मनमोहक र लोभलाग्दा देखिन्छन् । दामोदर कुण्डलाई नै पवित्र नदी कालीगण्डकीको शिर मानिन्छ । मुस्ताङको




सदरमुकाम जोमसोमबाट करिब १५० किलो मिटर उत्तर पूर्वमा रहेको यस कुण्डमा जोमसोमबाट चराङ हुदै यारासम्म सवारी साधान र त्यसपछि पैदलयात्राबाट २ दिन वा घोडा प्रयोग गरि पुग्न सकिन्छ । उचाइमा भएकोले लेक लाग्ने हुनाले यहाँ जाँदा पूर्व तयारी साथ जानु पर्दछ ।

## ४. लो-घेकर गुम्बा



लो-घेकर गुम्बा लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. १, मराङ गाउँमा रहेको छ । यो धेरै पुरानो र महत्वपूर्ण गुम्बा हो । मुस्ताङमा रहेका बौद्ध धर्मावलम्बीहरू र तिवतियनहरूले पनि यस गुम्बामा पुजा गर्छन् । जोमसोम सदरमुकामबाट ७ घण्टाको जिपको यात्रा पछि मराङ पुग्न सकिन्छ । त्यहाँ जाने पाहुनाहरूलाई लक्षित गरि मराङ सामुदायिक होमस्टे सञ्चालनमा छ । साथै वडा नं. १ मा रहेका राजाको पुरानो दरबार, चराङ गुम्बा लगायत अन्य छोर्तेन, माने र गुम्बाहरू यहाँका आकर्षणहरू हुन् ।

### ५. धौलागिरी आइस फल



थासाङ गाउँपालिका वडा नं. २ कोवाङमा रहेको धौलागिरी आइफल मुस्ताङको सुन्दरता बढाउने एक पर्यटकीय स्थल हो । साहसिक पदयात्री पर्यटकहरूको लागि यो एक पर्यटकीय आकर्षणको केन्द्र हो ।

### ६. चितुवा गुफा (लियोपार्ड केभ)



लियोपार्ड केभ घरपझोङ गाउँपालिका वडा नं. ५ अवस्थित सुन्दर प्राकृतिक गुफा हो । यो गुफा समुन्द्र सतहबाट २९०० मिटरको उचाइमा रहेको छ । थकाली भाषामा यस गुफालाई ल्हुकुम भनिन्छ । एक प्रसिद्ध भिक्षू उर्जेन पासाङ ले सो गुफामा आएर ध्यान गरि सिद्धि प्राप्त गरेको जन विश्वास छ । अहिले पनि त्यस गुफामा सानो ध्यान गर्ने कोठा छ । यस क्षेत्रमा विश्वबाटै लोप हुन लागेको हिउँ चितुवा पाइन्छ । जुन थिनीमा राखिएको भिडियो क्यामरामा कैद गरिएको भिडियोबाट प्रष्ट भएको छ । हिउँ चितुवा वा हिमालकी रानी को अनुसन्धान गर्नेका लागि थिनी क्षेत्र अत्यन्तै महत्वपूर्ण छ । त्यसैले यो गुफाको नाम लियोपार्ड केभ राखिएको हो ।

## ७.६ मनाङ जिल्लाका पर्यटकीय स्थलहरू

### १. तिलिचो ताल

मनाङ ङिस्याङ गाउँपालिका वडा नं. ९ मा अवस्थित तिलिचो ताल विश्वकै अग्लो ठाउँ ४९१९ मिटरको उचाइमा रहेको ताल हो । यो ताल अन्नपूर्ण सर्किट हुदै मेसोकान्ताला पासहुदै जोमसम जाने पदमार्गमा पर्ने हुनाले अहिले आन्तरिक र बाह्य पर्यटकको आकर्षणको केन्द्र भएको छ । जिल्ला सदरमुकाम चामेबाट ५० कि.मि. दुरीमा रहेको यो ताल पुग्न चामेबाट पैदल २ दिन र यातायातको साधानबाट ८ घण्टा यात्रामा तिलिचो बेसक्याम्प र ४ घण्टाको पैदल यात्रापछि तिलिचो ताल पुग्न

सकिन्छ । अत्यन्तै सुन्दर र रमणीय ताल पुग्न लेक लाग्ने हुनाले धैरै सावधानी अपनाउनु पर्छ । बेस क्याम्पमा भएका होटल तथा रेष्टुरेन्टहरूले त्यहाँ जाने पर्यटकहरूलाई धेरै सुविधा भएको छ ।



## २. तिबतियन खम्पा बंकर



तिबतियन खम्पा बंकर नार्पाभूमी गाउँपालिका वडा नं. ३ मा रहेको छ । यो क्षेत्रलाई घले समुदायको प्राचीन वासस्थान भएको विश्वास छ । तिब्बतबाट खम्पाहरू नेपाल प्रवेश गरेपछि आफ्नो सुरुक्षा र बासस्थानका लागि का लागि उक्त बंकर बनाएको इतिहासमा भेटिन्छ । इतिहास अनुसार गुरुङहरू तिब्बतबाट आएर यस क्षेत्रमा बसेका थिए । हाल यो ठाउँमा जान बाटोको सुविधा राम्रो नभएकोले आन्तरिक र बाह्य पर्यटक कम मात्रमा जान्छन् । हिमाली बनस्पती र जनावरहरू नजिकबाट देख्न सकिने, छुट्टै किसिमको भू बनोट, तिबतियन संस्कृति लगायत नजिकबाट नियाल्न सकिने हिमालहरूले यहाँको थप आकर्षण बढाएको छ । बाटोमा भएका होटलहरूको बढ्दो संख्याले पर्यटकहरूलाई थप सुविधा बढ्दै गएको छ ।

## ३. गंगापूर्ण ताल

मनाङ जिल्लाको मनाङ ङिस्याङ गाउँपालिका वडा नं. ६ मा अवस्थित गंगापूर्ण ताल जिल्ला सदरमुकाम चामेबाट २७ किलोमिटर र माथिल्लो मनाङ क्षेत्रबाट १ किलो मिटर दुरीमा रहेको छ । अति सुन्दर, रमणीय र शान्त यो ताल



अन्नपूर्ण पदयात्रा मार्गमा पर्ने हुनाले अवलोकनको लागि आउने आन्तरिक र बाह्य पर्यटकको संख्या दिन दिनै बढ्दै छ ।

### ४. डोना ताल



अंग्रजी सि आकारमा रहेको र धार्मिक विश्वास सँग जोडीएको यो ताल नासो गाउँपालिकाको वडा नं. २ मा रहेको छ । मनास्लु हिमालको पानीको स्रोत भएको यो प्राकृतिक तालमा तिर्थयात्रीहरू ढुङ्गाबाट निस्केको पानीमा नुहाएर आनन्द लिन्छन् । यहाँ पुग्न नाचैगाउँबाट नासो धारापानी हुदै डेढ दिन लाग्दछ ।

## ७.७ लमजुङ जिल्लाका पर्यटकीय स्थलहरू

### १, लमजुङ दरबार/गाउँशहर



लमजुङ जिल्लाको ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल लमजुङ दरबार बेसीशहर नगरपालिका वडा नं. ३ मा रहेको छ । यहाँ जिल्ला सदरमुकाम बेसीशहरबाट सवारी साधन वा पैदल मार्गबाट सजिलै पुग्न सकिन्छ । लमजुङ कालिका मन्दिर अर्को यहाँको आकर्षण हो । दशैं, चैत्राष्टमी लगायत अरु समयमा पनि कालिकाको दर्शन गर्न श्रद्धालु भक्तजनहरूको भिड लाग्ने गर्दछ । इतिहास अनुसार शाहवंशीय राजा यशोब्रह्मा शाहको पालामा लमजुङ एक शक्तिशाली राज्य थियो । सोही  समय तिर बनेको यो दरबार हस्तकलाले भरिपूर्ण छ । गाउँशहरमा धरै संख्यामा गुरुङ र नेवार, ब्राह्मण अन्य जातजातिहरूको

पनि बसोबास छ । नजिकै गुरुङ गाउँमा रहेको होमस्टेमा गएका पाहुनाहरूलाई बस्ने व्यवस्थाले गर्दा पर्यटकहरूलाई अझ सहज बनाएको छ ।

## २. घलेगाउँ

एशियाकै नमुनाको रुपमा रहेको घलेगाउँ क्व्होलासोथर गाउँपालिकामा वडा नं. ३ मा अवस्थित पर्यटकीय गाउँ हो । जिल्ला सदरमुकामबाट सवारी साधनमा २ घण्टा र पैदल छ घण्टामा पुग्न सकिने यो गाउँ घले समुदायको संस्कृतिको अनुभव लिन सकिन्छ । ढुङ्गा छापेको पैदल सिंढी, नजिकै देखिने हिमाल, गाउँबाट आधा घण्टाको दुरीमा रहेको चट्टानी पहाडमा जंगली मौरीको मह काढी रमाउन सकिने हुनाले विदेशी र स्वदेशी पर्यटकहरूको आकर्षण बढ्दो छ । गाउँमा



पर्यटनको विकासकालाई बिस्तार गर्नका लागि **एक घर एक पाहुना** अवधारणा ल्याइएको छ । पर्यटनले गर्दा होमस्टे व्यवस्थापन तथा सामाजिक मूल्य र संस्कृतिको संरक्षणमा ठूलो सहयोग पुर्याएको छ । सार्क भिलेज टुरिजम म्यूजियम पर्यटकको आकर्षण बनेको छ । जसले सार्क देशका पर्यटकहरूलाई भित्र्याउन सहयोग पुगेको छ । गाउँले खानाका परिकारहरू, गुरुङ संस्कृति, चिया बगैंचा र त्यहीं उत्पादन भएका खानाहरूले आकर्षण बढाएको छ ।

## ३. इलमपोखरी



इलमपोखरी दुधपोखरी गाउँपालिका वडा नं. ३ र ४ पर्ने हरीयाली जंगलको बिचमा रहेको अति सुन्दर धार्मिक महत्वले भरिएको पोखरी हो । समुन्द्री सतहबाट २१५७ मिटरको उचाइमा रहेको यो पोखरी २००० बर्ग मिटर क्षेत्रफलमा फैलिएको छ । यस ठाउँमा गुरुङ समुदायको सोरठी र स्यार्का नाचको रमाइलो अनुभव लिन सकिन्छ ।

### ४. करापुटार/इशानेश्वर महादेव



६०० वर्ष पुरानो करापुटार इशानेश्वर महादेव मन्दिरमा हिन्दु धर्मावलम्बी श्रद्धालु भक्तजनहरूको महा शिवरात्रीमा ठूलो मेला लाग्ने गर्दछ । महा शिवरात्रीमा ५० हजार भन्दा बढी भक्तजनहरूले इशानेश्वर महादेवको दर्शन गर्न आउँछन् । मध्यनेपाल नगरपालिकाको वडा नं. ७ मा अवस्थित यो मन्दिरमा अरु समयमा पनि भक्तजनहरू दर्शनका लागि जाने गर्दछन् । पोखरा तथा दमौलीबाट यातायातको साधनद्वारा यहाँ पुग्न सकिने यो ठाउँमा बस्नको लागि होटलहरूको राम्रो व्यवस्था छ । भजन किर्तन गरी शिवरात्रीमा बत्ती बाल्नाले मनोकांक्षा पुरा हुने जनविश्वास छ ।

## ७.८ गोरखा जिल्लाका पर्यटकीय स्थलहरू

### १. गोरखा दरबार/ गोरखकाली मन्दिर



गोरखा नगरपालिका वडा नं. ६, गोरखा बजार देखि उत्तरतर्फ रहेको गोरखा दरबार धार्मिक, तान्त्रिक एवं कलात्मक चिन्हहरूले भरिपूर्ण छ । यो दरबार ४ तले र नेपाली चारपाखे छानो शैलीमा निर्मित छ । पृथ्वीनारायण शाहको जन्म भएको गोरखा दरबारले नेपालकै ऐतिहासिक महत्व बोकेको छ । धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदा रहेको यस दरबार परिसरको नाम स्वर्णकूट हो । यस दरबार भित्र पृथ्वीनारायण शाह जन्मेको कोठा, बाल्यकालमा सेकाउने गरेको कोठा, राजकन्या कोठा, सिंहासन कोठा, कौशीतोषा कोठा, भण्डार कोठा, भान्छा कोठा, कैलास कोठा लगायतका कोठाहरू रहेका

छन् ।गोरखा दरबार परिसरमा रहेको गोरखकाली मन्दिर अर्को आकर्षणको केन्द्र हो । यस मन्दिरमा हरेक अष्टमी नियमित तथा दशैं र चैते दशैंमा विशेष पुजा हुन्छ । यहाँ रहेका गोरखनाथ मन्दिर, पशुपतिनाथ, चौघेरा दरबार, हनुमान भञ्याङ लगायत विभिन्न स्थलहरूले थप आकर्षण बढाएका छन् । गोरखा दरबारबाट गोरखाबजार, हिमश्रृङखलाहरू लगायत विभिन्न ठाउँहरूको दृश्यावलोकन गर्न सकिन्छ । त्यसैले आन्तरिक तथा बाह्य पर्यटकका लागि गोरखा प्रमुख पर्यटकीय गन्तव्य भएको छ । यातायातको सुविधा र सुविधा सम्पन्न होटलहरूले गर्दा पर्यटकको प्रमुख रोजाइमा गोरखा दरबार र यस आसपासका क्षेत्र परेका छन् ।

## २. मनकामना मन्दिर



मनकामना मन्दिर गोरखा जिल्लाको शहिदलखन गाउँपालिको वडा नं. २ मा रहेको हिन्दु धर्मावलम्बीहरूको प्राचीन समयमा बनेको एक प्रसिद्ध र पवित्र तिर्थस्थल हो । यहाँ नेपाल लगायत भारतबाट पनि देवी भगवती मनकामनाको दर्शन गर्न श्रद्धालु भक्तजनहरू ठूलो संख्यामा आउने गर्दछन् । यस मन्दिरमा आई पुजाआजा गरेमा आफूले इच्छाएको पुरा हुने जनविश्वास छ । यहाँ पुग्नका लागि कुरिनटारबाट १० मिनेटको केबलकार यात्रा मार्फत वा आँबुखैरेनीबाट ३ घण्टा उकालो यात्रा वा दरौदीको किनारबाट जिप मार्फत पनि पुग्न सकिन्छ । धार्मिक पर्यटकहरूलाई लक्षित गरि मन्दिर वरीपरी सुविधा सम्पन्न होटलहरूको व्यवस्था छ ।

## ३. वारपाक

वारपाक सुलिकोट गाउँपालिकामा पर्ने वारपाक गाउँ घले गुरुङ समुदायहरूको बसोबास गर्ने एक पर्यटकीय स्थल हो । २०७२ को भुकम्पको केन्द्र विन्दु रहेको वारपाक गाउँ हाल पर्यटकको प्रमुख रोजाईमा परेको छ । भुकम्प अगाडि पनि घले संस्कृति, एकै किसिमका ढुङ्गाले छाएका घरहरू,

वरीपरी रहेका हरियाली जंगल लगायत शान्त र रमणीय ठाउँ भएकोले पर्यटकहरू गइरहन्थे । भुकम्पपछि सडक सुविधा राम्रो भएको र धेरै आकर्षक संरचनाहरू निर्माण भएकोले वारपाक गाउँ गोरखाको प्रमुख पर्यटकीय गन्तव्य बनेको छ । गोरखाबाट करिब ३ घण्टाको सवारी साधान बाट पुग्न सकिने यो गाउँमा बसाइँको लागि प्रयाप्त मात्रमा होमस्टे र होटलहरू छन्।



## ४. लिगलिगकोट



लिगलिगकोट पालुङटार नगरपालिकामा रहेको एक ऐतिहासिक पर्यटकीय गन्तव्य हो । समुन्द्र सतहबाट १४३७ मिटरको उचाइमा रहेको लिगलिगकोट गोरखा बजारबाट ४/५ घण्टाको पैदल यात्रा गरि पुग्न सकिन्छ भने यातायातको साधान प्रयोग गरि पनि पुग्न सकिन्छ । नेपाल एकिकरणको शुरुवात गर्ने राजा द्रव्यशाहको दरबार रहेको यो ठाउँ दृश्यावलोकनको दृष्टीले महत्वपूर्ण छ । दौडेर राजा हुने चलन रहेको यो ठाउँमा अझै पनि वर्षको एक पटक मर्स्याङ्दी र चेपेको संगम चेपेघाटबाट लिगलिगकोट सम्म १३ किलो मिटरको दुरी दौडेर विजय हुनेलाई राजा मानी श्रीपेच लगाई पुरानो संस्कार कायम गर्ने चलन छ । लिगलिगकोटको डाँडामा नेपालको गौरव ४० फिट अग्लो नेपालको झण्डा फरफराइरहेको छ ।

## ७.९ तनहुँ जिल्लाका पर्यटकीय स्थलहरू

### १. बन्दिपुर



पहाडकी रानी उपनामले चिनिने बन्दिपुर एक ऐतिहासिक व्यपारीक केन्द्र तथा ७ फेब्रुअरी १९६९ सम्मको तनहूँ जिल्लाको सदरमुकाम हो । अठारौं शताब्दीमा भारत, नेपाल हुदै तिब्बतसम्म व्यापार गर्ने प्रमुख नाका बन्दिपुरमा भक्तपुर र बनेपाबाट नेवारहरू व्यापारका लागि गइ सो ठाउँमा बसेका थिए । जसले गर्दा हाल पनि बन्दिपुरमा नेवारी शैलिका आकर्षक नेवारी संस्कृति र कला झल्कने घरहरू देख्न सकिन्छ । डुम्रेबजारबाट ७ किलो मिटर दुरीमा रहेको यो ठाउँ सवारी साधनद्वारा करिब २० मिनेटमा नै पुग्न सकिन्छ भने हाल केबलकारको सुविधा पनि रहेको छ । समुन्द्र सतहबाट १०३० मिटर उचाइमा रहेको यो ठाउँबाट विभिन्न हिमालहरू जस्तै धौलागिरी, अन्नपूर्ण, मनास्लु, बौद्ध, गणेश, लाङटाङ लगायत दर्जनौं हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ । यो शहर विभिन्न मन्दिरहरूको लागि पनि प्रसिद्ध छ, जस्तै १८ औं शताब्दीको खडगदेबी मन्दिर, विन्धवासिनी, थानीदेबी, महालक्ष्मी, नारायण, तीनधारा महादेव आदि । तनहुँको प्रमुख पर्यटकीय गन्तव्य बनेको बन्दिपुर रानी वनमा चराहरू र रुखविरुवाहरूको अध्ययन गर्ने पर्यटक तथा साहसिक खेलहरू रक क्लाम्बिङ, क्यानोनिङ, प्यारागलाइडिङ तथा केशवटारबाट दमौलीसम्म माउन्टेन बाइकिङ गर्ने पर्यटकहरूका लागि पर्यटकीय गन्तव्य बन्दै गएको छ । सुविधा सम्पन होटलहरू रहेको बन्दिपुरमा नेवारी, गुरुङ र मगरहरूका जात्रा, पर्व र नाचहरूको समय अनुसार देख्न सकिन्छ ।

### २. देवघाट धाम

धार्मिक पर्यटनको प्रमुख गन्तव्य कालीगण्डकी र त्रिशुली नदीको संगममा रहेको देवघाट धाम देवघाट गाउँपालिकामा पर्दछ । भौगोलिक हिसाबले चितवन, नवलपुर र तनहूँको संगममा यो क्षेत्र रहेको भएता पनि धेरै क्षेत्र तनहुँमा पर्दछ । प्राचीन समयदेखि नै देवघाट एक ऋषिमुनीको तपोभूमी भएको



धर्मग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । यो क्षेत्र शालीग्राम, आश्राम र वेद गुरुकुलहरूको पर्यायवाचीको रुपमा प्रसिद्ध छ । वार्षिक लाखौं श्रद्धालु भक्तजनहरू देवघाट धाममा जाने गर्दछन् । यो पवित्र तिर्थस्थल नारायणगढ बजारबाट ५ किलो मिटरको दुरीमा रहेको र सजिलै सवारी साधानबाट आउन जान सकिने हुनाले पनि धार्मिक पर्यटनको प्रमुख गन्तव्य बनेको छ । वर्षैपिच्छे लाग्ने माघे सक्रान्ति मेलामा गण्डकी स्नान गर्नका लागि ठूलो संख्यामा भक्तजनहरूको भिड लाग्ने गर्दछ । श्रावण महिना लगायत एकादशी र अन्य तिथीहरूमा पनि श्रद्धालु भक्तजनहरू स्नान तथा विभिन्न मन्दिरहरूको दर्शन गर्न यस पवित्र तिर्थस्थलमा पुग्ने गर्दछन् ।

### ३. छाब्दी बराही मन्दिर



व्यास नगरपिलका वडा नं. १३ मा अवस्थित हिन्दुहरूको पवित्र तिर्थस्थल छाब्दी बराही मन्दिर तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट ७ किलो मिटर दुरीमा पर्दछ । यदि कसैले यस मन्दिरमा आएर पूजाआजा गरेमा भगवती छाब्दीबराहीले सम्पूर्ण पापहरू नाश गरि मनोकांक्षा पुरा गरिदिने जनविश्वास छ । एकादशी, औंशी र श्रावण महिना बाहेक अरु सबै दिनमा पुजा चल्ने यस मन्दिरमा धार्मिक पर्यटकहरूको धेरै संख्यामा जाने गर्दछन् । यस मन्दिरमा मगर जातिका पुजारी रहन्छन् । यस मन्दिरमा बली दिने प्रचलन छ । बली दिएका कुखुरा तथा बोकाहरू पोखरीमा फालिदिंदा पोखरीमा देखिने माछाहरूको लहर पर्यटकहरूको अर्को आकर्षण बन्दछ ।

## ४. घाँसिकुवा/भानुको जन्मस्थल

नेपालका प्रसिद्ध कवी भानुभक्त आचार्यको जन्म तनहुँको चुँदी रम्घामा भएको थियो । यस जन्म स्थलले नेपाली भाषाका कविहरू, साहित्यकारहरू र लेखकहरू लगायत विद्यार्थीहरूलाई समेत आकर्षण गरेको छ । सबैभन्दा पहिला हिन्दु धार्मिक ग्रन्थ रामायणलाई नेपालीमा अनुवाद गरि नेपाली भाषा



र साहित्यलाई अगाडि बढाउन ठूलो योगदान रहेको छ । नेपाली साहित्य क्षेत्रमा दिएको योगदानको कदर गर्दै उहाँलाई आदिकवि पदले सम्मानित गरिएको छ । भानुभक्तले पहिलो शिक्षा पाएको घाँसिले बनाएको घाँसिकुवा पनि एक प्रसिद्ध ठाउँ हो ।

चुँदीखोलाको किनारमा रहेको उब्जाउ खेत, वरिपरिका हरियाली पहाड साथै चुँदीरम्घा वरिपरिका थानीकोथान, मिर्लुङकोट र तनहुँसुर जस्ता पर्यटकीय स्थलले गर्दा पनि यो स्थलको महत्व अझ बढेको छ । पृथ्वी राजार्गमा पर्ने डुम्रे बजारबाट सवारी साधनबाट सजिलै पुग्न सकिने यस ठाउँमा साहित्यका पारखीहरू लगायत अन्य पर्यटकहरूको आकर्षण दिनानुदिन बढ्दै छ । चुँदी रम्घा नजिकै रहेका राना गाउँ र नाउरुङमा रहेका होमस्टेले गर्दा पर्यटकको बसाइमा सहजता पुऱ्याएको छ ।

## ५. ढोरबराही मन्दिर



शुक्लागण्डकी नगरपालिका वडा नं. ९ मा रहेको ढोर बराही मन्दिर देवी बराहीको पुजाआजाका लागि एक प्रसिद्ध मन्दिर हो । मन्दिर नजिक रहेको पोखरीमा रहेका माछा र पोखरीमा चल्ने पानीको लहरी अथवा पानीको सतह बढ्ने र घट्ने रहस्यमय कारणले सबै किसिमका पर्यटकहरूलाई आकर्षण गर्दछ । स्कन्द पुराणमा समेत यस पवित्र तिर्थस्थलको बारेमा वर्णन गरेको

पाइन्छ । श्रीपञ्चमी, चैतेदशैं र बडा दशैंमा पुजाआजा गर्नेहरूको भिड लाग्ने गर्दछ । पृथ्वीराजमार्गको दुलेगौंडा बजारबाट ५ किलो मिटरको दुरीमा रहेको यो पवित्र स्थलमा सवारी साधन मार्फत सजिलै २० मिनेटमा अथवा पैदल १ घण्टामा पुग्न सकिन्छ ।

## ७.१० नवलपरासी (ब.सु.पू.) जिल्लाका पर्यटकीय स्थलहरू

### १, मौला कालिका मन्दिर



मौलाकालिका मन्दिर गैंडाकोट नगरपालिकामा नारायणी पुलबाट करिब ५ किलो मिटर उत्तरतर्फ पहाडको टुप्पोमा समुन्द्र सतहदेखि ५६१ मिटरको उचाइमा अवस्थित छ । यो मन्दिर १ हजार ८ सय ८२ खुड्किला चढेर करिब १ घण्टामा पुग्न सकिन्छ । यस मन्दिरमा दर्शनका लागि नेपाल लगायत भारतबाट समेत हजारौं संख्यामा धार्मिक पर्यटकहरू आउने गरेका छन् । मन्दिर परिसरबाट गैंडाकोट, भरतपुर, देवघाट धाम क्षेत्रदेखि मनोरम हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ । पन्ध्रौं शताब्दीको अन्त्य र सोह्रौं शताब्दीको प्रारम्भमा पाल्पाका राजा मणिमुकुन्द सेनको पालामा तत्कालिन सेनाले मौलो गाढी ढुङ्गा स्थापना गरि कालिका भगवतीको पूजा गरेको किंवदन्ती छ । २०३२ सालमा काशीनाथ पौडेल र कुमानसिंह गुरुङ्गबाट बनेको मन्दिरले क्रमश व्यापकता र प्रसिद्धि पाउन थाल्यो । २०३७ सालमा धार्मिक सेवा समिति मौला कालिका मन्दिर गैंडाकोट भन्ने औपचारिक नामाकरण गरी एक समिति स्थापना भयो र यसको मन्दिरको संरक्षण, सदुपयोग गर्ने, पुजापाठ, जिर्णोद्धार, वातावरण संरक्षण, धार्मिक कार्यहरू गर्दै सास्कृतिक सार्वजनिक सम्पदाको संरक्षण हुदै आएकोमा हाल यहाँ प्यागोडा शैलीको आकर्षक मन्दिर निर्माण गरिएको छ ।

### २. शाश्वत धाम

नवलपरासी (ब. सु. पू.) जिल्ला देवचुली नगरपालिका वडा नं २ को दुम्कौलीमा अवस्थित शाश्वत धाम वा सिजी धाम पूर्व पश्चिम राजमार्गसँग जोडीएको प्रसिद्ध पर्यटकीय गन्तव्य हो । समुन्द्र सतहदेखि १९६ मिटर उचाइमा रहेको र जिल्ला सदरमुकाम कावासोतीबाट ११ किलो



मिटर पूर्वमा पर्ने शाश्वत धाम ७ बिघा क्षेत्रफलमा फैलिएको छ । यस धामको मध्य भागमा विश्वकै प्रसिद्धि कमाएको खजुरावान शैलीमा बनेको बुट्टेदार तथा अत्यन्तै मनमोहक एकम्बरेश्वर शिव मन्दिर रहेको छ । मन्दिरलाई चारैतिरबाट सर्वतीर्थ सरोवर तालले घेरेको छ, जहाँ बद्री, केदार, हरिद्वार, मुक्तिनाथ र पशुपतीनाथ जस्ता प्रसिद्ध धार्मिक तीर्थस्थलबाट ल्याइएको जल मिसाइएको छ । यस धाममा गुरुकुल विद्याश्रम, अखण्ड अग्निकुण्ड, शक्तिघाट, धर्मशाला, यज्ञकुण्ड, हनुमान मन्दिर, धार्मिक प्रदर्शनी, ४५ जनाको लागि आवसीय सुविधा सहितको योग तथा ध्यान केन्द्र, शाकाहारी अर्गानिक भोजनालय, विश्राम स्थल लगायत वैदिक सनातन हिन्दु धर्मसँग सम्बन्धित अन्य महत्पूर्ण स्थलहरू रहेका छन् । जसले गर्दा शाश्वत धाम नेपाली तथा भारतीय पर्यटकहरूको आकर्षणको केन्द्रविन्दु बनेको छ ।

## ३. देवचुली/वरचुली डाँडा



प्रचुर पर्यटकीय सम्भावना बोकेको देवचुली डाँडा देवचुली नगरपालिकामा पर्दछ । महेन्द्र राजमार्गको दलदले बजारबाट करिब २५ किलोमिटर उत्तरमा रहेको यो ठाउँ समुन्द्र सतहबाट १९३८ मिटरको उचाइमा अवस्थित छ । तीनकन्या माइको रुपमा समेत चिनिने देवचुली डाँडा जिल्लाकै सबैभन्दा अग्लो पहाड हो जहाँ परापूर्वकालदेखि तीन कन्या माइको पुजा हुदै आएको छ । यहाँको अर्को पर्यटकीय आकर्षण भनेको १ हजार ८०० मिटर लामो ठूलो गुफा हो ।देवचुली र वरचुली डाँडाबाट उत्तरतर्फ धौलागिरी, माछापुच्छ्रे र अन्नपूर्ण हिमालको मनोरम दृश्य र दक्षिणतर्फ समथर भूभाग, नारायणी नदी, चितवन राष्ट्रिय निकुञ्ज तथा विभिन्न बस्तिहरूको अवलोकन गर्न सकिन्छ ।

### ४. गजेन्द्र मोक्ष दिव्य धाम वा त्रिवेणी धाम



नवलपरासी (ब. सु. पू.) जिल्लाको विनयी त्रिवेणी गाउँपालीका वडा नं. ६ मा अवस्थित गजेन्द्र मोक्ष दिव्य धाम हिन्दू धर्मावलम्बीहरूको पवित्र ऐतिहासिक धार्मिक तीर्थस्थल हो । यसलाई नेपालको हरिद्वार भनेर पनि चिनिन्छ । समुन्द्र सतहदेखि १४७ मिटर उचाइमा रहेको यो पवित्र स्थल महेन्द्रराजमार्गको वर्दघाटबाट दक्षिणमा पर्दछ । यस धाममा माघेऔंशी र चैत्र महिनामा प्रत्येक वर्ष ठूलो मेला लाग्ने गर्दछ । यस मेलामा नेपाल र भारतका लाखौं श्रद्धालु भक्तजनहरू स्नान गर्न आउने गर्दछन । केही वर्ष अघि उत्खनन् गर्दा गक्ष शिला, ग्रह शिला र नदीको तटमा गोही र हात्तीको खुट्टाको समेत छाप भेटीएको थियो । यस धाममा भगवान विष्णु स्वयं प्रकट भएको जनविश्वास छ । गजेन्द्र मोक्ष दिव्य धाममा वाल्मिकी आश्रम, नागाबाबा कुटी, र शिवालय मन्दिर छन् ।

### ५. दाउन्ने देवी मन्दिर



महेन्द्र राजमार्गको छेउमा दाउन्ने पहाडको काखमा रहेको देवीको मन्दिर नै दाउन्ने देवी मन्दिरले परिचित रहेको छ ।यो दाउन्ने देवीको प्रतिस्थापन वि.स. १८८० मा प्रभाकरले गरेको बताईन्छ । यो स्थानमा यातायातको सुगमताका कारण प्रसिद्ध र प्रार्थनीय रहेकी छन् । राणाकालीन प्रधानमन्त्री जंग बहादुरको सौजन्यबाट उक्त मुर्ति प्राप्त भै त्यहाँ स्थापनामा गरिएको भनिएको छ । मन्दिर रहेको स्थान समुद्र सतह देखि १०३३ मी. उचाईमा हुदा प्रायस बर्षै भरि त्यहाँ ठण्डा रहन्छ । फाल्गुन देखि आश्विनको मसान्त सम्म नै यहाँ बनभोज खान जानेको घुईचो लाग्ने गर्दछ । यस ठाउँबाट नवलपरासी (ब.सु.पू.) जिल्लाको विनयी त्रिवेणी

गाउँपालिकाको दुम्किबास बजार र यस आसपासका फाटँहरू र नवलपरासी (ब.सु.प.) जिल्लाको बर्दघाट नगरपालिको बर्दघाट बजार र यसको आसपासका रमणीय फाटँहरूको अवलोकन गर्न सकिन्छ ।

## ६. अकलादेवी डेढगाउँ




नवलपरासी (ब.सु.पू.) जिल्लाको बौदिकाली गाउँपालिका वडा नं २ डेढगाउँ कालीगण्डकी करिडरसँगै अकलादेवी भगवतीको मन्दिर अवस्थित छ । यो स्थान दलदले बजारदेखि करिव ४९ कि.मी. उत्तरमा र गैंडाकोट बजारबाट करिव ६७ कि.मी. पर्दछ । पुरानो किंबदन्ती अनुसार उहिले नदीको किनारामा बस्ने दरै जातिले उक्त ठाउँमा ढुङ्गाको सिला स्थापना गरी देवीको पुजा अर्चना गरी अकलादेवीको स्थापना गरिएको थियो । देवीस्थानको नामले चिनिएको यो मन्दिरप्रति यस क्षेत्रका मानिसहरूको ज्यादै ठुलो जनविश्वास रहेको छ । तनहूँ, स्याङ्जा, पाल्पा र नवलपरासी (ब.सु.पू.) जिल्ला लगायतका स्थानहरूबाट दैनिक रुपमा पुजाआजा गर्न आउने मानिसहरूको घुइचो लाग्दछ । हरेक वर्ष चैत्र अष्टमी, रामनवमी र पुर्णिमाको दिन पारेर पंचवली सहित पुजाआजा गर्ने चलन छ । चैत्र पुर्णिमाको दिन ठुलो मेला लाग्दछ । यहाँ देवीको प्रतिमुर्ति स्वरुप एउटा ढुङ्गाको शिला छ जसमा भगवानमा आकृति बनाइएको छ । यसको चारैतिर इट्टाको गारो लगाई विभिन्न जातका बोटविरुवा लगाइएको छ ।

## ७. कामधेनु स्थान (घुमाउरीघाट)

नवलपरासी (ब.सु.पू.) जिल्लाको उत्तर महाभारत पर्वत श्रृंखलाको काखमा बुलिङ्गटार गाउँपालिकाको वडा नं. ६ मा कामधेन स्थान घुमाउरीघाट अवस्थित छ । यो स्थान दलदले बजारबाट कुरिब ३६ कि.मी. उत्तरमा पर्दछ । उत्तौली चोकबाट करिब २० मिनेटको पैदल यात्रागरेपछि यो स्थानमा पुगिन्छ। घुमारीघाटको भू- बनावट प्राकृतिक हिसावले ज्यादै आश्चर्यजनक र रमणीय रहेको छु। कृष्णगण्डकी नदीले घेरिएर बनेको यो भू- भागमा करिव १५० एकड जमिनको यो भू दृश्य पर्यटकिय

रमणीय स्थलको रुपमा विकास गर्न सकिन्छ । यो भू-भागको दृश्य कुनै मानव निर्मित संरचना होइन प्रकर्तिको अनुपम वरदान हो । यसको बनावटको सन्दर्भमा प्राचीन किम्वदन्ती पनि छ । आदिम कालमा कालीगण्डकी नदीको उत्पतिको समयमा पश्चिमबाट नदी बग्दै आउँदा



बाटोमा एउटा कामधेनु गाई भर्खर ब्याएर बाच्छो सहित बसेकी रहिछन् । नदी बग्ने बाटोमा परेकोले सो माउ बाच्छालाई बगाउन नसकी उक्त बाटो छोडी घुमेर पर पुगी हालको घुमाउरी घाटलाई घेरी गाई र बाच्छालाई जोगाउन र उनीहरूलाई चरनको निमित त्यो घुमाउरी जमिनको कम्पाउण्ड छोडेर गएकोले यो भू-बनावट तयार भएको हो भन्ने पुरानो किंवदन्ती छ । बिचको गल्छी १५० मिटरभन्दा गहिरो छ । घुमाउरो प्रकृतिको कारण यस ठाउँको नाम घुमाउरी घाट रहेको हो । यो घाटको प्राकृतिक बनावट हेर्न स्वदेशी तथा विदेशी पर्यटकहरू आउन सक्ने संभावना रहेकोले एउटा पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न सकिने देखिन्छ ।

## ७.११. स्याङ्जा जिल्लाका पर्यटकीय स्थलहरू

### १. सिरुवारी



सिरुवारी स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका वडन नं. १ मा रहेको आकर्षक पर्यटकीय गन्तव्य हो । नेपालकै पहिलो सामुदायिक होमस्टे मार्फत पर्यटनलाई दिगो विकास गर्न सकिने अवधारणा ल्याएर सफल हुन सकेको यो गाउँमा पहिला विदेशी पर्यटक आउने गरेकोमा हाल बढी मात्रमा आन्तरिक पर्यटकले भरीभराउ

हुने गरेको छ । गुरुङको बाक्लो बस्ती रहेको यो गाउँमा परम्परागत गुरुङ संस्कृति र जीवनशैलीको अनुभव गर्न सकिन्छ । पर्यटकको स्वागतपछि बेलुका हने नाचगानले पर्यटकहरूलाई आनन्दित बनाउँछ । सिरुवारीका प्रत्येक घरमा होमस्टे व्यवस्थापन मार्फत पर्यटकहरूलाई बास बस्ने र खाना खाने व्यवस्था छ । स्थानीय उत्पादनहरूद्वारा पर्यटकहरूको स्वागत गर्नु यहाँको अर्को विशेषता हो । सिरुवारीबाट नजिकै रहेको थाप्ले डाँडामा ठूलो बुद्धमुर्तिको अवलोकन साथै त्यहाँबाट देखिने हिमश्रृङ्खलासहितको दृश्यावलोकन, माझु भञ्याङको पार्क र सोही ठाउँबाट डहरेको लेक जाने पदमार्ग, डहरेको लेकबाट देखिने आकर्षक दृश्य, सोही हरियाली जंगलमा बनस्पती र चराहरू सम्बन्धी अध्ययन गर्न चाहने पर्यटकहरूलाई यो ठाउँ आकर्षणको केन्द्रविन्दु बन्दै गएको छ । सवारी साधन मार्फत सिद्धार्थ राजमार्गको नाउडाँडाबाट २० किलोमीटरको दुरी पार गरी एक घन्टामा सिरुवारी पुग्न सकिन्छ ।

### २, चण्डीकालिका मन्दिर सतौं



चण्डीकालीका मन्दिर पुतलीबजार नगरपालिका वडा नं. १४ स्थित सतौंमा रहेको छ । स्याङ्जा जिल्लाको प्रमुख धार्मिक पर्यटकीय गन्तव्यको रुपमा यो मन्दिर रहेको छ । सिद्धार्थ राजमार्गको बाडखोला बजारबाट ९ कि. मि. दुरीमा रहेको सजिलै सवारी साधन मार्फत पुग्न सकिने यो मन्दिरमा भक्तजनहरू बाह्रै महिना पुजाआजा गर्न आउँछन् । वर्षको दुई पटक बडा दशैं र चैते दशैंमा यहाँ भक्तजनहरूको ठूलो भिड लाग्ने गर्दछ । यहाँ वली दिने र चण्डी पाठ गर्ने चलन छ । यस मन्दिरमा मगर पुजारी रहन्छन् । भाकल गरी देवी भगवतीको पुजा गरेमा मनोकामना पुरा हुने जनविश्वास छ । यहाँ स्याङ्जा लगायत विभिन्न जिल्लाहरूबाट दर्शनार्थीहरू आउने गर्दछन । चण्डीकालिका मन्दिरबाट केही माथि रहेको सतौं कोटमा बडादशैंको नवमीमा ठूलो मेला लाग्ने गर्दछ । सतौंकोटबाट हिमश्रृङ्खला लगायत विभिन्न ठाउँहरूको अवलोकन गर्न सकिन्छ ।

### ३. छायाँक्षेत्र मन्दिर (छाङ्छाङ्दी)




यो मन्दिर भिरकोट नगरपालिकाको वडा नं. ४ छाङ्छाङ्दीमा अवस्थित छ । सिद्धार्थ राजमार्गको नजिकै रहेको यो मन्दिरमा भगवान शिवजीको पूजा हुने गर्दछ । मूख्य गरेर शिवरात्री र बालाचतुर्दशीमा बढी दर्शनार्थीहरू आउने गर्दछन् भने श्रावण महिनाको प्रत्येक सोमबार पनि उल्लेख्य मात्रामा श्रद्धालु भक्तजनहरू आउने गर्दछन् । हिन्दु ग्रन्थ स्वस्थानी ब्रत कथाका अनुसार भगवान शिवले अति नै माया गरेकी श्रीमती सतिदेवीको मृत्यु भएपछि सतिदेवीको मृत शरिरलाई बोकेर विश्व भ्रमण गर्ने क्रममा सतिदेवीको अङ्ग पतन भइ सोही ठाउँमा शिवजी उत्पन्न भएको भन्ने धार्मिक विश्वास छ ।

### ४. राम्दी धाम



राम्दी धाम गल्याङ् नगरपालिकाको राम्दीमा सिद्धार्थ राजमार्ग नजिकै रहेको छ । यो पवित्र तिर्थ स्थल प्रसिद्ध कालीगण्डकी नदीको किनारमा स्याङ्जा र पाल्पा जिल्लाको सिमानामा छ । कालीगण्डकी नदीमा स्नान गर्न बाह्रै महिना भक्तजनहरू आउने गर्दछन् । ठूलो एकादशी, माघे संक्रान्ति र वैशाख संक्रान्तिमा भक्तजनहरूको उपस्थिति उल्लेख्य रहन्छ । यहाँ रहेका मठ

मन्दिरहरूको दर्शन र बृद्धाश्रम गएर गरिने दान अर्को आकर्षण हो ।राम्दीबाट उत्तर बाहिनी कालीगण्डकी नदीको महिमा विभिन्न धर्मग्रन्थमा विशेष महत्वको साथ उल्लेख गरेकोले यस क्षेत्रको धार्मिक महत्व अझ बढी छ ।

### ५. कालीगण्डकी जलाशय



कालीगण्डकी जलाशय कालीगण्डकी गाउँपालिकाको मिर्मी, आँधिमुहानमा कालीगण्डकी जलविद्युत आयोजना निर्माणको क्रममा बनेको जलाशय हो । कालीगण्डकी जलविद्युत आयोजनाको अवलोकन तथा कालीगण्डकी र आँधिखोलाको दोभानमा रहेको उक्त जलाशयमा गरिने जलयात्राले पर्यटकलाई आनन्दाभूति दिने हुनाले आन्तरिक पर्यटकहरू प्रमुख रोजाइको गन्तव्य बन्दै गएको छ । आँधिमुहानदेखि सेतीबेनी शिला सम्म गरिने जलयात्रा तथा जल परिवहनले सेतीबेनी शिला दर्शन गर्न जाने धार्मिक पर्यटक तथा अन्य पर्यटकलाई समेत आकर्षण गर्दै गएको छ भने सेतीबेनीमा सामान ढुवानी गर्न सजिलो भएको छ ।साहसिक खेल रुचाउने पर्यटकका लागि पर्वतको कुश्मा र मालढुङ्गाको बिचमा पर्ने नयाँपुलबाट आँधिमुहानसम्म ३ दिनको राफटिङ्ग गर्न सकिन्छ । कालीगण्डकी तिब्र गतिमा बगेकोले यहाँको राफटिङ्गलाई खतरनाक तथा साहसिक राफटिङ्ग मानिन्छ । यो क्षेत्रको राफटिङ्ग उच्च माग हुनेमा पर्दछ ।



### ६. अन्धाअन्धी दह

स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका वडा नं. २ मा रहेको अन्धाअन्धी दह एक धार्मिक तथा ऐतिहासिक तिर्थस्थल तथा प्रसिद्ध आँधिखोलाको मुहान हो । हिन्दु धार्मिक ग्रन्थ रामायणका अनुसार श्रवणकुमारले आफ्ना बृद्ध आँखा नदेख्ने बुवा आमालाई टोकरीमा बोकी तीर्थ लिएर हिड्दा आफ्ना



बुवा आमालाई तिर्खा लागि पानी लिन जाँदा राजा दशरथको बाणबाट श्रवण कुमारको निधन भएपछि उक्त खबरले बिक्षिप्त बुवा आमा रुदारुदै मृत्यू भएको र तिनै आँसु जम्मा भई बनेको पोखरीलाई नै अन्धाअन्धी दह भनिन्छ । अन्धाअन्धी पोखरी र झरना, हरियाली जंगल र शान्त र रमणीय वातावरणले गर्दा यो ठाउँले पर्यटकहरूलाई आकर्षण गर्दै गएको छ । सिद्धार्थ राजमार्गको नाउडाँडा जिरो बजारबाट करिब १५ कि. मि. सवारी यात्रा र १ घण्टाको पैदल यात्रा पछि यो सुन्दर र रमणीय स्थल पुग्न सकिन्छ ।

### ७. स्वरेक मैदान



स्याङ्जा जिल्लाको अर्को प्रमुख पर्यटकीय सम्भावना बोकेको स्थान हो । स्याङ्जाको भीरकोट नगरपालिका ५ मा पर्ने स्वरेक मैदान पर्यटकीय रुपमा विकास गर्न खोजिएको छ । हालसालै स्वरेकमा पहिलो पटक अन्तराष्ट्रिय खुल्ला प्यारागलाईडिङ प्रतियोगिता २०७५, राष्ट्रिय हवाई खेलाडी छनौट प्रतियोगिता २०७४ सम्पन्न भईसकेकाले यस स्थानको नाम नेपालमा मात्र नभई विश्वमै प्रख्यात बन्दै गएको छ ।

सिद्धार्थ राजमार्ग अन्तर्गत भीरकोट नगरपालिका १ बयरघारीबाट ७ किलोमिटर र वालिङ नगरपालिकाको वालिङ बजारदेखि १२ किलोमिटरको कच्ची सडक हुँदै यस स्थलमा पुग्न सकिन्छ । नेपालकै पहिलो प्यारग्लाईडिङ पाईलट सानुबाबु सुनुवारले स्वरेकमा दक्षिण एशियाकै पहिलो प्याराग्लाइडिङ स्कूल स्थापना गरेका छन् ।

# खण्ड आठ

# विविध

## ८.१ पोखरामा रहेका तारे तथा डिलक्स होटलहरूको विवरण

| क्र.सं. | होटल तथा रिसोर्टको नाम | जम्मा कोठा संख्या | स्तर |
|---|---|---|---|
| १ | पोखरा ग्रान्ड | १४० | पाँच तारा |
| २ | होटल बाराही प्रा.लि. | ८५ | चार तारा |
| ३ | होटल माउण्टेन कैलाश रिसोर्ट | ६० | चार तारा |
| ४ | होटल लेण्डमार्क रिसोर्ट पोखरा | ९५ | चार तारा |
| ५ | हेरिटेज होटल सुइटस एण्ड स्पा | ६० | चार तारा |
| ६ | होटल सरोवर प्रा.लि. | ९६ | चार तारा |
| ७ | होटल रोम रेगेन्सी | ६२ | चार तारा |
| ८ | फिस्टेल लज | ६० | दुई तारा |
| ९ | होटल ड्रागन | २५ | दुई तारा |
| १० | होटल माउण्टन टप | २० | दुई तारा |
| ११ | होटल कान्तीपुर प्रा.लि. | ४१ | दुई तारा |
| १२ | होटल मम्स गार्डेन रिर्सोट | १६ | एक तारा |
| १३ | बर पिपल रिसोर्ट | ३५ | डिलक्स रिसोर्ट/चार तारा समान |
| १४ | अतिथि रिसोर्ट | ५० | डिलक्स रिसोर्ट/चार तारा समान |
| १५ | ट्याम्पल ट्री रिसोर्ट | ६० | डिलक्स रिसोर्ट/चार तारा समान |
| १६ | माउण्टेन ग्लोरी फरेस्ट रिसोर्ट | ६४ | डिलक्स रिसोर्ट/चार तारा समान |
| १७ | वाटर फ्रन्ट रिसोर्ट | ४५ | डिलक्स रिसोर्ट/चार तारा समान |
| १८ | हिमालय देउराली रिसोर्ट | ४२ | डिलक्स रिसोर्ट/चार तारा समान |
| | जम्मा कोठा संख्या = १०५६ | जम्मा बेड संख्या = ३१६८ | |

श्रोतः- होटल संघ पोखरा

## ८.२ गण्डकी प्रदेशका नदीनाला

गण्डकी प्रदेशमा रहेका नदीनालाहरू साहसिक खेल राफटिङ्गका लागि पर्यटकको रोजाइमा पर्दै आएका छन् । बुढीगण्डकी, त्रिशुली, दरौदी, चेपे, मर्स्याङदी, दोर्दी, मादी, सेती, मोदी, कालीगण्डकी, बडिगाड, उत्तरगंगा आदिमा धार्मिक र साहसिक पर्यटनको प्रचुर सम्भावना रहेको छ । कालीगण्डकी, मादी र

सेतीमा गरिने राफटिङ्ग खतरनाक साहसिक खेल मानिन्छ । नारायणी र कालीगण्डकी जलाशयमा हुने जल पर्यटनले पर्यटकलाई आकर्षण गरेको छ ।

## ८.३ गण्डकी प्रदेशका संस्कृतिहरू

हिमालको तिबतियन संस्कृति देखि लिएर तराईको थारु संस्कृति सम्ममको अनुभव लिन सकिने हुनाले यो प्रदेश विभिन्न जातजाति, धर्म संस्कृतिकको अनुपम संगम स्थल हो । ब्राह्मण, क्षेत्री, भोटे, गुरुङ, मगर.नेवार, थारु लगायतका जनजाति, आदिवासीहरूका रीतिरिवाज, चाडपर्व, विभिन्न नाचहरू जस्तै घाटु, भैरव, कौडा, सोरठी, मारुनी, लठ्ठी नाच, झमरा नाच, डम्फु नाच, गोलेनीनाच, हुर्का नाच आदी, रोदी, दोहोरी, सालैजो, लोकभाका, झ्याउरे, भजन, चुट्का लगायतका गीत संगितहरूले आन्तरिक र बाह्य पर्यटकलाई लोभ्याइरहेका छन् ।

## ८.४ गण्डकी प्रदेशका साहसिक खेलहरू

- हाइकिङ, ट्रेकिङ, पर्वतारोहण, राफटिङ्ग, कायाकीङ, क्यानोनिङ्ग, बोटीङ्ग
- प्यारागलाइडिङ,अल्ट्रालाइट, बन्जी जम्प, स्विङ्ग
- स्काई डाइभ, हटएयर बेलुन, माउण्टेन फ्लाइट,
- जिप लाइन, केबलकार, पोनी ट्रेक
- नवलपुरको चितवन राष्ट्रिय निकुञ्जमा र मध्वर्ती क्षेत्रमा हुने जंगल सफारी

## ८.५ गण्डकी प्रदेशमा यातायातको पहुँच र आबद्धता

- विमानस्थल:- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा विमानस्थल, जोमसोम विमानस्थल मुस्ताङ, हुम्डे विमानस्थल मनाङ
- पोखराबाट राजधानी लगायत नेपालका प्रमुख शहरहरूमा हवाई सेवा विस्तार भएको
- राजमार्ग:- पृथ्वीराजमार्ग (पोखरालाई काठमाडौं लगायत नेपालको पूर्वी भागका शहरसहित भारतको दिल्ली जोड्ने), सिद्धार्थ राजमार्ग (पोखरालाई दक्षिण र पश्चिमसँग जोड्ने), भूपि शेरचनमार्ग (पोखरालाई उत्तरी र पश्चिमसँग जोड्ने), कालीगण्डकी करिडोर (गण्डकी प्रदेशको तराईदेखि हिमालपारीको जिल्ला मुस्ताङ हुदै कोरलानाका चीन जोड्ने), मध्य पहाडी लोकमार्ग (पोखरालाई पूर्व र पश्चिम भूगोलसँग जोड्ने), महेन्द्र राजमार्ग (नवलपुर खण्ड),

- अन्य सडकहरू :- गण्डकी प्रदेशमा रहेका अन्य सडकहरूले प्रदेश राजधानी पोखरालाई नार्पाभूमी गाउँपालिका बाहेक ८४ वटै स्थानीय निकायहरूलाई सडक सञ्जालमा जोडेको छ ।
- केबलकारः- गण्डकी प्रदेशमा पर्यटकलाई पर्यटकीय स्थलहरूमा सहज पहुँचका लागि मनकामना केबलकार (कुरिनटारबाट मनकामना मन्दिर), अन्नपूर्ण केबलकार (लेकसाइडबाट सराङकोट), मौलाकालिका केबलकार (गैडाकोटबाट मौलाकालिका मन्दिर), बन्दिपुर केबलकार (डुम्रेबाट बन्दिपुर) सञ्चालनमा छन् भने विरेठाँटी मुक्तिनाथ अध्ययनको क्रममा छ ।

## ८.६ गण्डकी प्रदेशको पर्यटन प्रवर्द्धनमा प्रमुख भूमिका भएका सरकारी तथा निजी सेवा प्रदायकहरू

- उद्योग तथा पर्यटन मन्त्रालय
- पर्यटन,उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
- नेपाल पर्यटन बोर्ड
- अध्यागमन कार्यलय
- पर्यटन तथा उद्योग कार्यालयहरू
- पर्यटक प्रहरी कार्यालय
- पोखरा महानगरपालिका लगायत सम्पूर्ण स्थानीय तहहरू
- अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना
- मनासलु संरक्षण क्षेत्र आयोजना
- होटलहरूको संस्था (HAAN), रेष्टुरेन्टहरूको संस्था (REBAN), TAAN, नेपाल उड्डयन संघ , डुङ्गाहरूका संस्था
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा विमानस्थल,
- पर्यटन विकास समिति, पोखरा महानगरपालिका
- विभिन्न यातायात सञ्चालक कम्पनीहरू
- अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय पोखरा
- प्रदेश संग्रहालय पोखरा

## ८.७ अन्तर्राष्ट्रियस्तरका सभा सम्मेलन केन्द्र

- पोखरा सभागृह, पोखरा प्रदर्शनी केन्द्र, होटल तथा रिसोर्टमा रहेका सभाहलहरू

## ८.८ मेला, महोत्सव र खेल

- पोखरा सडक महोत्सव, रोपाइँ महोत्सव, पोखरा महोत्सव, आलु महोत्सव, लेखनाथ महोत्सव लगायत विभिन्न ठाउँहरूमा हुने महोत्सव,
- औद्योगिक व्यपार मेला, माघे संक्रान्ति मेला, ठूली एकादशी मेला, मुस्ताङको तिजी मेला लगायतका विभिन्न ठाउँहरूका मेला,
- आहा गोल्डकप, ड्रागन वोट रेस, अन्तर्राष्ट्रिय प्यारागलाइडिङ प्रतियोगिता, पोखरा माउन्टेन बाइक रेस, पोखरा म्याराथन, हट एअर बेलुन लगायत भलिबल, फुटबल लगायतका अन्य खेलहरू


Annapurna I (8091)
Annapurna South